# परिच्छेद : एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"बर्दिया जिल्लाका पूर्वोत्तर क्षेत्रको थारु समाजमा प्रचलित लोककथाहरूको सङ्कलन र अध्ययन"** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली शिक्षण विभाग, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको दसौपत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ शोध परिचय

नेपाल अधिराज्यको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चल अन्तर्गत पर्ने बर्दिया जिल्लाको आफ्नै विशिष्ट पहिचान रहेको छ । बर्दिया जिल्लामा समतल मैदान भएकोले यसलाई तराई क्षेत्र भनिन्छ ।

बर्दिया जिल्लालाई थारुजातिको बास स्थान मान्न सकिन्छ । हाल यस जिल्लामा बहुसंख्यक थारु जतिका मानिसहरू बसोबास गर्दछन् । बर्दिया जिल्ला मध्यपश्चिमाञ्चलको एउटा कृषि क्षेत्रको रुपमा स्थापित हुन गएको छ ।

बर्दिया जिल्ला प्राकृतिक, धार्मिक एउटा जातिय विविधताले भरिएको जिल्ला हो । यहाँका जातिय विविधता अनुसार सामाजिक, साँस्कृतिक परम्परा, चालचलन, भाषा साहित्यमा पनि विविधता पाइन्छ । बर्दिया जिल्लामा विभिन्न जातिको बसोबास भएता पनि थारुहरू नै यस जिल्लाका आदिबासी हुन । हाल यस जिल्लामा थारु जतिका अतिरिक्त ब्राम्हण, क्षेत्री, यादव, मधेशी, ब्राम्हण, मगर, गुरुङ्ग, नेवार, योगी, कामी, दमाई, सार्की, बादी, खटिक, कुचबधिया, रैदास, ठकुरी, रैनियार, मुसलमान, आदि जातिहरू बसोबास गर्दछन् । मानिसले परम्परागत रुपमा पहिलेदेखि एक पुस्ताबाट अर्कोपुस्तामा हस्तान्तरण हुदै र चल्दै आएको चालचलनलाई संस्कृति वा संस्कार भनिन्छ । जाति र समुदाय लाई पहिचान गराउने सबभन्दा सबल पक्ष भनेको संस्कृति नै हो । संस्कृति समाजको असली प्रतिविम्व पनि हो ।

थारु संस्कृतिको पनि आफ्नै छुट्टै पहिचान रहेको छ । जन्मेदेखि मृत्युसम्मका विभिन्न संस्कारहरू गर्ने विधिविधान अन्य जातिको भन्दा निकै फरक रहेको छ । पूर्व मेचीदेखि पश्चिम महाकाली सम्म बस्ने थारुहरूका केही साझा र केही फरक चाडपर्वहरू रहेका छन् । फरक-फरक चाडपर्वहुनुको कारण भौगोलिक विविधता संग सिर्जना हुन गएका नयाँ संस्कारहरूसँग र आपसी सम्पर्कको अभाव रहेको पाइन्छ । थारु समाजको नाचगान र कथामा आफ्नै किसिमको पहिचान रहेको छ । वर्षभरी हरेक महिनामा चाडपर्वहरू अनुसार तथा दिनको हरेक प्रहरमा विभिन्न स्वर लय र तालमा गाइने सन्देसका गीतहरू विभिन्न समयमा भनिने गरेका कथाहरू थरु जातिमा जीवन्त रहेका छन् ।

लोकसाहित्य कुनै पनि देश, समाज, जातिहरूको साँस्कृतिक सम्पदा हो । लोकसाहित्य अन्तर्गत पर्ने लोककथा मौखिक वा श्रुति परम्परामा बाँच्दै आएको लोकको साहित्यिक सिर्जना हो । प्रत्येक जातिका आफ्नै लोक कथाहरू हुन्छन् । गीतहरू जातिय परम्परा अनुसार त्यस समाजका विभिन्न अवसर वा चाडपर्वमा गाइन्छन् । थारु समाजमा पनि चाडपर्व र साँस्कारकर्म मनाउँदै गीतहरू गाएर मनोरञ्जन गर्ने चलन रहेको छ । त्यसैले यहाँका चाडपर्व र लोककथा बीच घनिष्ठ सम्बन्ध रहेको छ ।

अहिले थारुजातिमा मिश्रित बसोबास, शहरीकरण, पश्चिमी साँस्कारको प्रवेश र आधुनिक पपगीतहरूको प्रभावले गर्दा थारु जतिका मुल्यमान्यता, मौलिकता र परम्परालाई प्रतिविम्बित गर्ने थारु जतिका लोक कथाहरू ओझेलमा परेको छ । यस्तो अबस्थामा यहाँका थारु समाजका लोककथाहरूको अध्ययनमा केन्द्रित रहेर यहाँका चाडपर्व सहित लोककथामा विविध पक्षको अध्ययन विश्लेषण गरिएको छ ।

## १.४ समस्याकथन

बर्दिया जिल्लाको थारु लोकजीवनमा प्रचलित लोककथा साहित्यिक दृष्टिले बलियो स्तम्भको रुपमा रहेको छ । थारु लोककथाहरू थारु समाजका आफ्ना चाडपर्वहरू धर्म, साँस्कृति, इतिहास, सुख दःख आदिको अनुभवहरू सँगालिएका हुनछन् । यस्ता लोककथाहरू पुस्तौ पुस्ता देखि हस्तान्तरित हुदै आइरहेको पाइन्छन् ।

नेपालमा सवै थारु जातिका लोककथाहरूको बारेमा अध्ययन हुन सकेको छैन । सवै थारुहरूको भाषा एउटै नभएको हुदा पुर्वका थारुहरू मैथली, भोजपुरी भाषासँग सम्बन्धित छन् भने पश्चिममा थारुमा दाँङ र यहाँका देशौरी थारुहरूको भाषामा हिन्दी, अवधी र प्राकृत भाषासँग निकट रहेको छन् । सुदुर पश्चिमका थारुहरूको भाषाकेही भिन्न रहेको

पाइन्छ । यसैक्रममा बर्दिया जिल्लाका थारु समाजमा प्रचलित लोक कथाका बारेमा पनि विस्तृत रुपमा अध्ययन अनुसन्धान भएको पाइदैन । त्यसैले यस अनुसन्धान निम्न लिखित समस्याहरूमा केन्द्रित रहेको छ ।

(क) बर्दिया जिल्लाका थारु समाजमा लोक कथा र थारुजाति कस्तो अबस्थामा छन् ?

(ख) बर्दिया जिल्लाका थारु लोककथालाई कति भागमा विभाजन गर्न सकिन्छ ?

(ग) बर्दिया जिल्लाका थारु लोककथाका विशेषताहरू के-के हुन् ?

(घ) बर्दिया जिल्लाका थारु लोककथाहरूको के कस्तो महत्व रहेको छ ?

(ङ) बर्दिया जिल्लाका थारु लोककथालाई के कसरी व्याख्या विश्लेषण गर्न सकिन्छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

बर्दिया जिल्लाका थारु समाजलाई चिनाउनुका साथै यस क्षेत्रमा प्रचलित थारु लोककथाका विभिन्न पक्षहरूको सुव्यवस्थित अध्ययन गर्नु नै प्रस्तुत शोधपत्रको मुल उद्देश्य रहेको छ । त्यसैले प्रस्तुत अध्ययनको निम्ननुसारका उद्देश्य रहेको छ ।

क) बर्दिया जिल्लाका थारु समाजका लोक कथा र थारु जातिको परिचय दिन ।

ख) बर्दिया जिल्लाका थारु लोक कथाहरूको सङ्कलन, वर्गीकरण गर्ने ।

ग) थारु लोक साहित्यका लोक कथाहरूका महत्व माथी प्रकाश पार्ने ।

घ) थारु लोक साहित्यका लोक कथाका विशेषता माथी प्रकाश पार्ने ।

ङ) थारु लोककथाको व्याख्या र विश्लेषण गर्ने ।

## १.६ पूर्वकार्यको समिक्षा

थारु जाति नेपालका आदिबासी जनजाति हुन । यस शोधकार्यको क्षेत्र थारुजाति संग सम्बन्धित रहेको छ । बर्दिया जिल्लाको थारु जातिका चाडपर्वहरू र लोककथाकोबारेमा हाल सम्मकुनै विस्तृत अध्ययन हुन नसके पनि केही पुस्तक पत्रिकामा सामान्य चर्चा भएको पाइन्छ । यस शोध पत्रमा थारु जातिका चाडपर्व र थारु लोक कथाको बारेमा सामान्य चर्चा गरिएका पुस्तक पत्रिकामा प्रकाशित लेखकहरूलाई पूर्वकार्यको समिक्षाको रुपमा बुँदागत रुपमा यसप्रकार प्रस्तुत गरिएको छ ।

क) महेश चौधरीको सम्पादनमा 'गोचाली' (२०२८) पत्रपत्रिकामा थारु भाषामा साहित्यिक लेख, रचना, गीत प्रकाशित भएको पाइन्छ ।

ख) थारु विद्यार्थी परिवार नेपालगञ्जद्वारा प्रकाशित'टेस' (२०४४) बार्षिक पत्रिकामा थारु गीत साहित्य सम्बन्धी सामान्य चर्चा गरिएको छ ।

ग) लेखनाथ चौधरी 'कल्पना'को थारु गीत साहित्य शीर्षकको लेख 'थारु साँस्कृति' (२०५५) पत्रिका प्रकाशित भएको छ । उक्त पत्रिकामा थारुगीत साहित्यको बारेमा सुरुदेखि अहिले सम्म विभिन्न पत्रिका एवं थारु साहित्यकार हरूले दिएको योगदानको बारेमा चर्चा गरिएको छ ।

घ) गोपाल दहितद्वारा लिखित तथा सम्पादन गरिएको "थारु साँस्कृत को संक्षिप्त परिचय"(२०६२)मा थारु जातिको परिचय चाडपर्व लोकगीतको वर्गीकरण एवम विशेषताहरूबारे चर्चा गरेको पाइन्छ ।

ङ) कृष्णराज "सर्वहारी" थारुले सातल सिंहको कथा, तुलारामको चर्तिकला, हरजोत्ना मछरिया, फुलकुमारी साइकील चलाईसिखल लोककथा (२०६६) सम्पादन शान्तदास मानन्धरद्वारा प्रकाशनमा कथाहरू प्रकाशित भएकाछन् ।

छ) सूर्यबहादुर चौधरी "हमार बट्कोही "हाम्रो लोककथा पहिलो संश्करण (२०६४) मा प्रकाशन, नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा, हस्तापान बोल्टा सुपारी, चंखे हे चेटैनी, सपुवा के पुजा, ज्ञान बट्ले से बढ्ठ, दुश्मन हे गुन लगैना आदि कथाहरू प्रकाशित भएका छन् ।

ज) कृष्णराज 'सर्वहारी' ले अनारकलिक अन्तर कथामा थारुलेककथा प्रकाशन (२०६६) सम्पादन शान्तदास मानन्धरद्वारा प्रकाशन भएको पाइन्छ ।

यसरी थारु परम्परा प्रचलित लोककथा सम्बन्धित अध्ययन अनुसन्धानका प्रयासहरू भएतापनि लोककथाको बारेमा समग्र रुपमा अध्ययन गरी बर्गीकरण विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटी विकास भएको पाइदैन । तसर्थ शोधपत्रमा बर्दिया जिल्लामा प्रचलित थारु लोककथाको बारेमा अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

थारु जातिका सम्बन्धमा लेखिएका विभिन्न लेख, किताब पत्रपत्रिकाका अनुसार विश्लेषण गरिएको छ । आदिबासी जनजातिहरू मध्ये अधिक जनसंख्या रहेको थारु जाति राज्यको सम्पूर्ण स्रोत साधनमा ज्यादै न्यून पहुचँ, चाडपर्व र लोककथाको बारेमा लिपिबद्ध गर्ने प्रयास गरिएकोले प्रस्तुत शोधकार्य आफैमा महत्वपूर्ण ठहर्दछ ।

अध्ययन अनुसन्धानका क्रममा सैद्धान्तिक तथा ऐतिहासिक रुपमा अझसम्म कुनै कार्य भएको पाइएको छैन । थारु चाडपर्व र लोककथा सङ्कलनको क्रममा हालसम्म भएका प्रयासहरू त्यती प्रयाप्त देखिर्दनन् । मिश्रित बसोबास शहरीकरणका कारणले वा आधुनिक

पपगीतको प्रभावले थारु लोककथा लोपहुदै गएको समयमा लोककथाको विस्तृत शोधकार्यले सहयोग पुऱ्याएको छ । मौखिक रुपमा बाचन गरीरहेको लोककथालाई लिपिबद्ध रुपमा स्थायित्व दिनको लागि प्रस्तुत शोधपत्र निकै उपयोगी हुनेछ । लोकसाहित्यिक अध्ययन अनुसन्धानका दृष्टिले पनि प्रस्तुत शोधपत्रको औचित्य स्थापित हुने देखिन्छ ।

## १.८ शोधपत्रको सीमाङ्कन

आदिवासी जनजातिको रुपमा रहेको थारु जातिको पद्धति बृहत् छ । यिनीहरूको जीवन पद्धति हेर्दा आफ्नै मौलिकता बोकेको र कसैको संस्कृतिसँग नमिल्ने रहेको छ । विशेष गरेर माध्यपश्चिमाञ्चल विकास क्षेत्रको बर्दिया जिल्लाका डेउडाकला, कालिका, धधवार, मोतीपुर, महम्मदपुर, र वेलवा गा.वि.स.मा रहेका थारु जातिका चाडपर्वहरूको सामान्य परिचय र थारु लोककथाहरूको अध्ययन वर्गीकरण र विशलेषणमा प्रस्तुत शोधकार्य सीमित रहेको छ । लोकजनमानसमा स्वतः स्फूर्त रुपमा प्रस्फुटन हुने थारु लोक कथाको सीमा निर्धारण गर्न कठिन कार्य हो, ता पनि विशेष अध्ययन र अनुसन्धानका लागि बर्दिया जिल्लाको पूर्वोत्तर क्षेत्रमा विद्यामान थारु लोक कथाको बारेमा केन्द्रित रहेको छ ।

## १.९ शोध विधि

प्रस्तुत शोधपत्रको शीर्षक "बर्दिया जिल्लाका पूर्वोत्तर क्षेत्रको थारु समाजमा प्रचलित लोककथाको अध्ययन र विशलेषण"भएकोले आबश्यक सामाग्रीहरूको सङ्कलनको मुख्य स्रोत पुस्तकालय र सम्बन्धित जिल्लामा गई सामाग्री सङ्कलन गर्नुपर्ने हुनाले क्षेत्रीय अनुसन्धान विधिलाई यसक्रममा स्थानिय चाडपर्व, उत्सव, आदिमा गई प्रत्यक्ष सहभागीभई सामाग्रीसङ्कलन गरिएको छ । प्रस्तुत शोधपत्रलाई तथ्यपूर्ण बनाउन स्थानीय कलाकार बृद्ध–बृद्धा, थारु साहित्यकार, युवा युवती, समाजसेवी आदिसँग प्रत्यक्ष भेट, अन्तरवार्ता र प्रश्नावली विधि अपनाई समाग्री सँकलन गरेको छु । सँकलित थारु लोक कथालाई विश्लेषण गरिने हुनाले वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

यस शोधपत्रको सँरचनालाई व्यवस्थित तथा सुसँगठित रुप दिनमा लागि ५ (पाँच परिच्छेद) अन्तर्गत निम्नलिखित शीर्षकमा विभाजन गरी आवश्यकताअनुसार शीर्षक, उपशीर्षकमा समेत विभाजन गरी अध्ययन र विश्लेषण गरिएको छ ।

परिच्छेद एक- शोध परिचय

परिच्छेद दुई- बर्दिया जिल्लाका थारु जातिको परिचय

परिच्छेद तिन- लोक साहित्यको सिद्धान्त र थारु लोक कथाको परिचय

परिच्छेद चार- बर्दिया जिल्लाको थारु लोक कथाको सङ्कलन वर्गिकरण र विश्लेषण

परिच्छेद पाँच- उपसंहार

# परिच्छेद : दुई

# बर्दिया जिल्लाका थारु जातिको परिचय

## २.१ भौगोलिक वस्तुस्थिति

भूपरिवेष्ठित देश नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चलको प्रमुख जिल्लाहरूमध्ये बर्दिया जिल्ला पनि एक प्रमुख जिल्ला हो । बर्दिया जिल्ला २८.७ं उत्तरी अक्षांस देखी २८.३९ं उत्तरी अक्षांस सम्म फैलिएको छ । ८१.३ पूर्वदेखि ८१.४१ं पूर्वी देशान्तरसम्म फैलिएको छ ।  उचाइृको हिसावले सामुद्रिक सतहबाट यो जिल्ला १३८ मिटर बर्दिया जिल्लाको सदरमुकाम गुलरिया रहेको छ । यो सबैभन्दा होचो भुभाग हो ।[1] सबैभन्दा बढि उचाईमा १२७९ मिटर बेलवा गा.वि.स. को चेपाङ गाउ हो । यस जिल्लाको क्षेत्रफल २०२५००० हेक्टर (२०२५ ब.कि.मि.) छ । जसमा खेती योग्य जमिन ७५० बर्ग कि.मि.र २५ बर्ग कि.मि. नदी तथा जंगल १२५० बर्ग कि.मि रहेको छ । यस जिल्लाको पूर्वमा बाँके जिल्ला पश्चिममा कैलाली जिल्ला उत्तरमा सुर्खेत र सल्यान जिल्ला पर्दछन् भने दक्षिणमा भारतको उत्तर प्रदेश राज्यको बहराइच जिल्ला पर्दछ । भू-बनोट तराईको समथर भाग र उत्तरी सिमाना पहाडी भाग पर्दछ ।[2]

बर्दिया जिल्लाको नामकरण लाई हेर्ने हो भने थारु जातिमा पशुहरूलाई हेरविचार गर्ने व्यक्तिलाई 'बरदेवा' भन्ने चलन छ । यस बर्दिया जिल्ला पहिला घना जंगल भएको र गाई भैसी चराउने गोठालाहरू बस्ने गरेको हुनाले बरदेवा बाट बर्दिया भएको किंवदन्ती रहेको पाइन्छ ।

राणा प्रधानमन्त्री श्री ३ महाराज जंगबहादुर राणाले आफ्नो कार्यकालमा भारतको सिपाही विद्रोहमा अंग्रेजलाई सघाय बापत वि.स.१९१४मा यी बाँके बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरू पुरुस्कार स्वरुप फिर्ता ल्याएको हुनाले बर्दिया जिल्लालाई नयाँ मुलुकको रुपमा चिनिन्छ ।[3]

---

[1]. बर्दियाको वस्तुगत विवरण, बर्दिया जिल्ला विकास समितीको कार्यलय, २०५९ ।

[2]. जिल्ला विकास योजना, जिल्ला विकास योजना, बर्दिया जिल्ला विकास समिति, २०६७ चैत्र ।

[3] बाँकेको वस्तुगत विवरण, बाँके जिल्ला विकास समिति, २०५९, पृष्ठ २१ ।

### २.१.१ राजनैतिक विभाजन

बर्दिया जिल्ला (चार) ४ संसदीय निवार्चन क्षेत्र रहेको यस जिल्लामा दुईवटा नगरपालिका (गुलरिया-राजापुर) २८वटा गा.वि.स.हरूछन् । यो जिल्ला सामाजिक, धार्मिक, साँस्कृतिक एवंम पर्यटकीय दृष्टिकोणले आफ्नै अलग्गै पहिचान बनाउन सफल जिल्ला पनि हो । थारु, चेपाङ्ग, दराई, माझी, यादव, मुसलमान, खटिक, रैदास आदि यस जिल्लाका आदिवासीहरू हुन् । नेपालको प्रसिद्ध राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज पनि यस जिल्ला भित्र पर्दछ । भौगोलिक, धरातलीय हिसाबमा यस जिल्लालाई निम्न भागमा बाँडन सकिन्छ । जस्तै :

१. उत्तरको पहाडी भाग महाभारत चुरेपर्वत प्रदेश

२. बिचको घना जंगली प्रदेश वा भित्री प्रदेश, मध्यवर्ती क्षेत्र

३. दक्षिण समथलभूमि ।

बर्दिया जिल्ला हावापानीको हिसावले समशीतोष्ण तथा उष्णमण्डल मौसमी हावापानीको प्रदेशमा पर्दछ । यहाँको सरदर तापक्रम १७.५ं सेल्सीयस ३४.५ं सेल्सीयस सम्म रहेको पाइन्छ । अधिकतम तापक्रम ४२.२ सेल्सीयस र न्यूनतम ७.९$^{\circ}$ सेल्सीयस सम्म रहेको पाईन्छ । यहाँको जलवाँयु उष्ण देखि समशीतोष्ण रहेको पाईन्छ । बर्दिया जिल्लाको औषत बर्षा ११८ मि.लि.सम्म हुन्छ ।

### २.१.२ शैक्षिक स्थिति

बर्दिया जिल्लामा राणाकाल सम्म एउटा पनि विद्यालय वा शैक्षिक संख्या नभएता पनि राणाहरूको अन्त्य पछि हालसम्म आएर बर्दियामा सरकारी तथा सामुदायिक गरी प्रा.वि.संख्या १९६ वटा, नि.मा.वि. संख्या ७५ वटा र मा.वि.४२ वटा छन् । त्यसैगरी उ.मा.वि. ३४ वटा छन् । जम्मा विद्यालयको संख्या ३४७ वटा छन् ।[४] उच्च शिक्षा तर्फ क्यापसको संख्या झण्डै (१) एक दर्जन जति पुग्न लागेका छन् ।

### २.१.३ धार्मिक स्थल

बर्दिया जिल्लामा रहेको ऐतिहासिक तथा धार्मिक स्थलहरूमा बागेश्वरी मन्दिर ( प्यागोडा शैलिमा निर्मित) गुलरिया, ठाकुरद्वारामा रहेको ठाकुर जी मन्दिर, चिसापानिमा

[४] बर्दिया शैक्षिक समाचार, अर्धवार्षिक समाचार बुलेटिन (जि.शि.का. बर्दिया, गुलरिया, २०६८) ।

रहेको सदाशिव मन्दिर, जानकी मन्दिर राजापुर र कोटही मन्दिर प्रमुख हुन् । मठमन्दिरहरू जिल्लाका विभिन्न ठाँउमा देवी देवताका मन्दिरहरू छन् ।

## २.१.४ पर्यटकीय स्थल

बर्दिया जिल्ला एक पर्यटकीय स्थल हो । यहाँदेशको विभिन्न ठाँउबाट मानिसहरू, विद्यार्थीहरू, शैक्षिक भ्रमण गर्न आउँछन् ।यहाँको मुख्य पर्यटकीय क्षेत्रहरूमा कृष्णसार संरक्षण क्षेत्र हो । यो संरक्षण क्षेत्र हाल बर्दिया जिल्लाको गुलरिया नगरपालिका क्षेत्र (खैरापुर) मा पर्दछ । बर्दिया जिल्ला लाई मुख्य रुपमा पहिचान गराउने बर्दिया रा.नि. पनि हो । यहाँ एकसिंगे गैडां, पाटे बाघ, डल्फीन, हात्ती, मुख्य आकर्षक केन्द्र हो । ब.रा.नि. ठाकुरद्धार गा.वि.स. मा पर्दछ । अन्य आकर्षक मानिएकामा बढैया ताल, कर्णाली पुल, चिसापानी, (पन्टुन ब्रीज ) गेरुवा नदी कृष्णसार (खैरापुर) चेपाङ्ग गाँउ- बेलवा, १२७९ मिटरको उचाईमा रहेको छ । यसपछि विभिन्न सामुदायिक बन, मानखोलामा रहेको तराईको आकर्षक, झोलुङ्गेपुल, बबई नदीको बाँध, ओखरिया बाँध, जानकी मन्दिर राजापुर, यहाँका प्रमुख आकर्षक केन्द्र हुन् ।

## २.१.५ पर्यटक होटलहरू

- वेस्ट नेपाल एडभेन्चर प्रा.लि. होटल कर्णाली सफारी
- बर्दिया नेचुरल पार्क
- फरेष्ट हाइवे प्रा.ली.
- होटल टिपटाप
- बर्दिया जंगल कटेज
- डल्फिन म्यानर प्रा.लि.
- बर्दिया बाइल्ड लाइफ नेचर कटेज
- राइनो लज प्रा.लि.
- इलिफन्ट क्याम्प
- बर्दिया वाइल्ड लाइफ कोउन्टर

## २.१.६ नदी र तालहरू

हिमालयको काखबाट उत्पत्ति भएर बर्दियाको उत्तर हुदै पशि्चम तर्फ बहने नदीहरूमा मूलनदी कर्णाली नदी मूख्य हो । यस जिल्लामा बहने अन्य नदीनालाहरूमा भेरी,

बबई, मानखोला गेरुवा र रेहु आदिहुन ।यसजिल्लाका ताल तलैयाहरूमा सोरहवा गा.वि.स. मा पर्ने बढैयाताल १२५ बिगाहा जमिनमा अबस्थित छ । यो ताल बर्दिया जिल्लाकै ठुलो ताल हो । अन्य तालहरूमा कृष्णसार ताल, भग्रैया ताल आदि पर्दछन् ।

## २.१.७ बाली उत्पादन आर्थिक पक्ष

बर्दिया जिल्लामा खेतीपाती तथा नगदेबाली प्रमुख आयस्रोतको रुपमा रहदै आएको छ । धान गहुँ मकै मुख्य खाद्यान्न बाली हुन । नगदेबाली अन्तर्गत उखु, तोरी, अरहर, चना, मसुरो, केराउ, खुर्सानी, बदाम (ममफली) मुख्य बाली हुन । बर्दिया जिल्लामा ६९.२७ प्रतिशत भन्दा बढि मानिसहरू कृषि क्षेत्रमा संलग्न रहेका छन् । यहाँका किसानहरू तरकारी खेतीमा मुख्य आलु, मौसमी र बेमौसमी तरकारी बादलीहरू उत्पादन गर्दछन् । यहाँका किसानहरू फलफूल खेतीमा पनि संलग्न रहेका छन् । ‘केरा’यस क्षेत्रको मुख्य उत्पादन केन्द्र हो । गाई भैंसी, भेडा, बाखा, सुँगुर र बङ्गुर पालन निकै फस्टाएको छ । दुग्ध जन्य उत्पादनमा निकै अगाडि बढेका छन् । यहाँका किसानहरू कुखुरा पालन र मत्स्य पालनमा संग्लग्न रहेकाछन् । देशको कुल ६०% कुखुरा र माछा पालनमा यस जिल्लाले ओगटेको छ । यस जिल्लालाई माछाको पकेट एरिया पनि भनिन्छ ।

अन्य बालीहरूमा प्रमुख उत्पादन जडिबुटि खेती पनि हो । यहाँका कृषकहरूले कुरिलो सातवरी पिपता, मेन्था, सिट्रोमेला प्रमुख जडिबुटी पनि यही जिल्लामा उत्पादन गर्दछन् ।

## २.१.८ भू-उपयोग

बर्दिया जिल्लामा खेती योग्य जमिन ७५००० हेक्टर छ । खेती गरिएको जमिन ६०१०० हेक्टरमा खेती हुन्छ । यसैगरी १३६०० हे. जमिन वनजंगलले ढाकेको छ । गाईवस्तुहरु चरन जमिन ९०० हेक्टर छ । बर्दिया जिल्लामा भेरी, कर्णाली र बबई नदी भएको हुँदा नदीनालाले १४९०० हेक्टर जमिन ओगेटो छ । ९८००० हेक्टर जमिनमा मध्यवर्ती क्षेत्र बर्दिया राष्ट्रिय निकुञ्जले ओगटेको छ ।

## २.१.९ भाषा

बर्दिया जिल्ला समथर भूमि भएकोले यहाँको कुल जनसंख्याको ५१.६५% ले थारु भाषा बोल्ने गर्दछन् । यसैगरी ३६.७६% ले थारु भाषा बोल्ने गर्दछन् । यसैगरी ३६.७६% नेपाली भाषा बोल्ने, ३.६४% ले हिन्दी, ०.६४% उर्दु, ५.३१% ले अवधि भाषा र अन्य २.०७% भाषाभाषिका मानिसहरु छन् ।

### २.१.१० धर्म (रा.ज.ग. २०५८ अनुसार)

बर्दिया जिल्लामा हिन्दु धर्मावलम्वी कुल जनसंख्यामा ८५.१७%, इस्लाम धर्म मान्नेहरु २.६८%, बौद्ध धर्मावलम्वी १.५७%, जैन १.००५%, क्रिश्चियन ०.४०%, किराँत ०.००७%, सिख ०.००५%, बहाइ ०.००७% र अन्य ०.००५% रहेका छन् ।

### २.१.११ मानव विकास सूचाङ्क : ०३०४ (Nepal HRD 1998)

| | | | |
|---|---|---|---|
| औसत आयु | : | ६० % (Nepal HRD 1998) | |
| शिशु मुत्युदर | : | ३४.४ % | १००० |
| बालमत्युदर | : | ८०.३९ % | १००० |
| मातृ मृत्युदर | : | २.५ % | १००० |
| साक्षरतादर | : | जम्मा ४५.४१% | |
| महिला | : | ३५.६४ % | |
| पुरुष | : | ५५.०५ % | |
| कूल | : | ४५.४१ % | |

### २.१.१२ राष्ट्रिय साक्षरता दर

कुल : ५५.२

पुरुष : ६१५ महिला : ४२५

### २.१.१३ भौतिक तथा सार्वजानिक पूर्वाधार

सडक सुविधा : कालोपत्र १३० कि.मि.(१२० कि.मि. राजमार्ग, ३० जिल्ला सडक)

ग्राभेल सडक ८३६ कि.मि.(हुलाकी सडक ११५ कि.मि., जिल्ला सडक ८१ कि.मि.ग्रामिण सडक ६४६ कि.मि. ।

### २.१.१४ टेलिफोन सेवा

१८७९ (गुलरिया) ११७५ ताराताल (कुसुम्बा बजार)३३६ राजापुर ३६८

## २.१.१५ खानेपानी सुविधा

ग्राहक संख्या : ८६५

## २.१.१६ सामाजिक पूर्वाधार

स्वास्थ्य : जिल्ला अस्पताल १(२५) शैया

: प्रथामिक स्वास्थ्य केन्द्र ३ (३) शैया

: स्वास्थ्य चौकि ८ उपस्वास्थ्य चौकि २२

: आयुर्वेदि औषधालय ३ (तीन)

## २.१.१७ गैर सरकारी संघसंस्था

गैर सरकारी संघसंस्था : २९८ निस्कृय १६३

## २.१.१८ अन्रराष्ट्रिय गैरसरकारी संघसंस्था : ६

## २.१.१९ वित्तिय सेवा

**वित्तिय सेवा :**

राष्ट्रिय वाणिज्य बैक

कृषि विकास बैक

नेपाल बैक लिमिटेड

ग्रामिण बिकास बैक

क्रिष्ट मर्चेन्ट बैक

कर्णाली विकास बैक

बैक अफ काठमाडौं

भेरी राप्ती विकास बैक

## २.१.२० जनसंख्या : (रा.ज.ग.२०५८ अनुसार )

जम्मा पुरुष १, ९२, ६५५

महिला १८९९९४

जम्मा जनसंख्या ३, ८२, ६४९

## २.१.२१ घरधुरी ५९, ५६९ परिवारको आकार- ६.४२

## २.१.२२ घरेलु उधोग संख्या

घरेलु उधोग संख्या १३१६ चालु ७०६ बन्द ६१०

### २.१.२३ हुलाक संख्या

जिल्ला हुलाक - १

इलाका - ८

अतिरिक्त हुलाक - २४

### २.१.२४ विद्युत

33 k.v. line =48 k.m

11k.v. line =197.84k.m

400|230line =202.24 k.m

मिटर रिडिङ्ग गर्ने एरिया- ७

## २.२ थारु जातिको परिचय

नेपालको विभिन्न भौगोलिक प्रदेशहरूमा विभिन्न भाषाभाषी, भेषभुषा, रीतिरिवाज र विविध साँस्कृतिक परमपरा अंगाल्दे आएका जातिहरूको बसोबास छ । यिनै कारणहरूले गर्दा नेपाललाई 'एक सानो संसार'पनि भनिन्छ नेपाली समाज र साँस्कृतिको निर्माणमा कुनै एक वर्ग र जातिको मात्र योगदान नभएर अनेक जात जातिहरूको साझा योगदान रहेको छ । प्रत्येक जातिय समुदायहरू समाजको आधार स्तम्भको रपमा उभिएका छन् । यिनै जातिय समुदायहरू बिचको आफ्नो छुट्टै भाषा संस्कृति बोकी समाजको आधार स्तम्भको रुपमा उभिएको जाति थारु जाति हो ।

नेपालको पूर्व मेचि देखी पश्चिम महाकाली सम्मको तराईका भु-भागका विभिन्न ठाँउहरूमा छरिएर बसेता पनि पश्चिमी तराईका जिल्लाहरूमा थारु जातिको बाक्लो बस्ती रहेको पाइन्छ । प्राचिन समय देखी नै तराइमा बसोबास गर्दै आएको आदिबासी जनजाति थारु जनसंख्याको दृष्टिले ब्राम्हण, क्षेत्री, मगर पछिको चौथो ठुलो जाति र जनजाति मध्ये दोस्रो स्थानमा पर्दछ । नेपालमा थारुहरूको जनसंख्या १६, ३३, ८७९ रहेको छ । जुन कुल जनसंख्याको ६.७५% हुन्छ ।[५] थारु जातिको आफ्नै भाषा, साहित्य, साँस्कृति, भेषभुषा, रहनसहन, चाडपर्व, नाचगान आदि रहेको छ । थारुहरूको इतिहास लामो रहेको कुरा विभिन्न बिद्धान र ग्रन्थहरूबाट पत्ता लागेपनि ३५० बर्षको गरिमामय राजनीतिले यस

[५] रा.ज.ग. स्रोत, जिल्लाको वस्तुगत विवरण (जि.वि.स. बर्दिया, २०५९), पृष्ठ ७ ।

कुराको प्रमाणित गर्दछ ।[६] थारु जातिको रहनसहन चाडपर्व धार्मिक चाडपर्व, धार्मिक अवस्था र व्यवहारमा भौगोलिक तथा सामाजिक विविधता पाइन्छ । वितरणका हिसावले यो जाति बाह्रय वा मूल तराई वा मधेश भनिने उत्तर भारत सँग जोडिएको ६०० माइल लामो क्षेत्र अतिरिक्त शिवालिक पहाडि श्रृंखलासित गाँसिएको चुरे पर्वत क्षेत्र र केही दुन उपत्यका क्षेत्रमा छरिएर बस्दै आएको छ । बातावरणको दृष्टिले हेर्दा अत्याधिक औलोग्रस्त क्षेत्र, पहाडी क्षेत्रका मानिसहरूले 'कालापानी 'का नामले जान्ने तराईको विषात भु-भाग लाई बस्ती योग्य बनाइएको पाइन्छ । यो जमिन निकै मलिलो भएको हुदा कृषि तथा पशुपालनका लागि योग्य देखिन गयो । पछि बिस्तारै थारुजातिले बसालेको बस्तीमा अन्य क्षेत्रबाट मानिसहरूको आगमनहुन पुग्यो । यसरी हेर्दा तराईको आदिबासीको रुपमा देखिने थारु जातिसँग वर्तमान समयमा त्यति जग्गा जमिन भएको पाइँदैन । केही त सुकुम्बासी समेत बनेका छन् । यस्तो हुनुमा थारुजातिको सोझोपन तथा समयअनुसार आफुलाई बदल्न नसक्नुले गर्दा नै हो भन्न सकिन्छ ।

भौगोलिक विविधता भएको विविध क्षेत्रमा बसोबास गदै आएका थारुहरूको भेषभुषा । परम्परा र भाषा सँस्कृतिमा पनि विविधता देखिन्छ । क्षेत्रका हिसाबले दाङ्का बसोबासीलाई लगौरा थारु, कैलाली का बसोबासीलाई कैलहवा, चितवनका बसोबासीलाई चितौन्या, मल्हवारका बसोबासीलाई मलोहया भनिन्छ । यस्तै पूर्वीया, दङाहा, देशाउरे, राना, कठरिया आदि नामले पनि छुट्टाएको पाइन्छ ।[७] बर्दिया जिल्लामा अबस्थित थारुहरू देशाउरे हुन र यहाँ छिटपुटमात्रमा दङाहा थारुहरू पनि मिसिएका छन् । यसरी विविध ठाँउमा छरीएर विविध नामले छुट्टिए पनि थारु जाति अनेकतामा एकताका प्रतिविम्ब हुन् ।

मझौला कद, साना आँखा, थोरै दाह्री जुँगा, खँदिलो शरीर, कालो गर्मी प्रदेशका लागि विकसित छाला, थारु जातिका शारीरिक विशेषता हुन् । सोझा, इमान्दार, मेहनती, सीपयुक्त र मिजासिलो बोली व्यबहार, पेशागत विशेषाता हुन ।मंगोल मुलको शारिरीक बनावट बाट थारुजातिलाई पहाडका तिब्बती बर्मेली समुहको भाषा बोल्ने मगर, गुरुङ्ग, तामाङ्ग, किराँत आदिवासी जातिको नजिक पुऱ्याउँर्दछ । थारु जाति धर्ममा पनि आस्था राख्ने गर्दछन् । उनीहरू धार्मीक पुजा आजा गर्ने, जादुटुनाहरू आफ्नो कुलदेवता, ग्रामीण देवताको

---

[६] जि.सी. एलीजा, थारु जातिको रहनसहन विविध साँस्कृतिक विशलेषण, २०६३ ।

[७] सूर्यलाल यादव "अन्जान", थारु जातिको एक परिचय (नेपालगन्ज : नेपालगन्ज एक्सप्रेस, २०५७), पृष्ठ ३ ।

पूजा गर्नुका साथै हिन्दुहरूको समिश्रणले शंकर, पार्वती, दुर्गादेवी र सत्यनारायण हिन्दुहरूको समिश्ररणले शंकर, दुर्गादेवी र सत्यनारायणको पूजा गर्दछन् ।

नारीको अबस्था थारु समाजका स्वतन्त्रहुने उनीहरूको प्रभाब घरमा अत्यधिक हुने भएता पनि थारु समुदाय पितृसत्तात्मक नै हुन्छ । थारु जाति शिक्षाको उज्यालोबाट पनि पर रहेको जाति हो । भखर-भर्खर शिक्षाको महत्व बुझ्न थाले पनि उच्च शिक्षा प्राप्त गर्ने थारु जातिका मानिसहरू धेरै कम रहेका छन् । थारु भाषामा लेखिएका साहित्यिक कृतिको अझै पनि अभाब नै देखिन्छ । लोक साहित्यमा भने थारु जाति धरै धनी रहेको छ । मेलापात, चाडपर्व, र विवाहमा गीत गाउनु अनि बाजा बजाएर नाँच्नु थारु जातिको विशेषता नै रहेको देखिन्छ ।

विविध क्षेत्रमा छरिएर बसेका थारु थारु जातिको पोशाक र गहनामा केही फरकपन देखिएता पनि यो जातिका पुरुषहरूले मुख्य रुपले भोटो, इष्टकोट । धोती र टोपी लगाँउदछन् । महिलाहरूले लेहङ्गा चोली, अघ्रान र विविध गरगहनाहरूको प्रयोग गर्दछन् । ठुलो परिवार, सफा सित लिपपोत गरिएको घर एकै ठाँउमा गुजमुज्ज पारेर घर बनाएर बस्नु ।जाँड रक्सी र सुगुँर को मासुको अत्यधिक प्रयोग गर्ने प्रचलन थारु जातिमा रहेको हुन्छ ।

थारुहरूको मुख्य पेशा खेती नै हो । कृषिका साथै यिनीहरू पशुपालन पनि गर्दछन् । निकै मेहनती देखिने थारु जाति फुर्सदको समयमा माछा मार्ने, गुन्द्री चटाई, ढकी र खद्दरको कपडा बुन्ने पनि गर्दछन् । थारुहरूको आर्थिक अवस्था अधिकांश रुपमा दयनीय देखिन्छ । थारु जातिले एकमात्र पेशा कृषि मान्ने, त्यो पनि पुरानै ढङ्गबाट गर्ने पाहुनाको सत्कारमा आनावश्यक खर्च गर्ने, अत्यधिक जाँडरक्सीको प्रयोग गर्नुले यिनीहरूको आर्थिक अवस्थामा सुधार हुन सकेको छैन ।

थारु जातिको इतिहास पल्टाएर हेरेको खण्डमा परापूर्वकाल देखी नै नेपालमा बसोबास गर्दै आएको तथा ३५० वर्ष लामो गरिमामय राजनीतिक इतिहास बोकेको भएता पनि आजका अधिकांश थारुहरू सुकुम्वासी, अधियाँ, बटैया, ज्याला मजदुरी गरी जीविकोपार्जन गर्न विबश छ । अन्य जातिका तुलनामा शैक्षिक, राजनीतिक, सामाजिक, आर्थिक क्षेत्रमा पछाडी पर्न गएको छ । यो जातिले आफ्नो भाषा साहित्यिक साँस्कृतिक । भेषभुषा र नाचगानलाई अगाडि बढाउन सकेको देखिदैन । वर्तमान समयमा उनीहरू आफै, अन्य खोजकर्ता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू यिनीहरूको अवस्थाको अध्ययन

विश्लेषण गदै सुधार गर्न लागी परेका छन् । थारु कल्यारणकारी सभाले पनि थारु जातिमा रहेका अन्धविश्वासलाई हटाएर थारु जातिलाई सुधार गर्न पाइला चालिरहेको देखिन्छ । नेपाली राष्ट्रियताको संरक्षण र सम्वर्द्धनको लागि सरकारी स्तरबाट थारु जातिलाई उँभो लगाउनको लागी नयाँ कदम चाल्नु पर्ने अत्यन्त आवश्यक देखिन्छ ।

### २.२.१ थारु जातिको उत्पत्ति

अरबौ वर्ष पूर्व सूर्यबाट टुक्रिएका पुञ्जहरू मध्ये पृथ्वी पनि एकपुञ्ज हो । त्यो पुञ्ज बिस्तारै सेलाउदै गयो । दिन र रातको सृष्टि हुन पुग्यो । पृथ्वी सेलाउदै जाँदा यहाँ अनेक परिवर्तन भएर पहाड पर्वत बने, समुन्द्र बने अँत्यमा प्राणीहरूको पनि सृष्टि भयो । यसरी सृष्टि भएको संसारमा मानव जाति अबिकसित थियो ।यसले यस संसारमा पहिले यायावरी ( घुमन्ते) जीवन व्यतित गऱ्यो विस्तारै मानबले खेती गर्न र पशुपालन मा लाग्न थाले जसको कारण उसले बाध्यताबश आफ्नो यायावरी छोडेर एकै ठाँउमा खेती र पशु पालेर बस्न थाल्यो । मानिस एकै ठाँउमा बस्ने क्रममा  समुहमा बस्न थाल्यो । एक अर्काको सहयोगको पनि अपेक्षा गर्न थाल्यो । पलस्वरुप समाजको जन्म हुन पुग्यो । समाजको जन्म भएपछि अनेक भाषा । संस्कृति, जातजाति देखापर्न थाले । यसरी मानिसको सृष्टि भई सभ्यताको विकास हुन पुगेको हो ।

यस संसारको सृष्टि हुने क्रममा नेपाल पनि प्राचिन देश हो । जहाँ मानिसहरूको सृष्टि भई विविध भाषा संस्कृतिको विकास हुन पुग्यो । बरीब १३ करोड बर्ष अगाडि बनेको यहाँको पर्वत, श्रृङ्खलाहरू र उपत्यकाहरूमा सृष्टिको बिहानीको रुपमा यो भू-भाग भएको देखिन्छ । एकातिर प्राचिन शास्त्रहरूमा सृष्टिको बिहानीको रुपमा चित्रित गरिएको छ भने अकोतिर पुरातात्विक साक्ष्यहरूले समेत यसको पुष्टि गरेका छन् । जसको प्रमाण वि.स.२०३७ सालमा बुटवल, तिनाउ खोला नजिकैको ठाँउमा रामापिथेकस मानबको एक करोड दशलाख बर्ष पुरानो दाँत पाइयो ।[८] बाग्मती, विष्णुमती, नारायणी, कोशी आदि नदीका फाँटहरू तथा उपत्यका, बर्दिया, दोलखा, काडमाण्डौ उपत्यकाका विभिन्न क्षेत्रहरू, नवलपरासी, काभ्रेपलाञ्चोक, मोरङ, झापा, पाल्पा आदि अनेक क्षेत्रहरूमा प्रागैतिहासिक मानवको बसोबास भएको स्पष्ट प्रमाण पाइएको छ ।[९]

---

[८] पेशल, दाहाल, नेपालको इतिहास (काठमाडौँ : एम.क.पष्लिशर्स एण्ड डिष्ट्रिव्युटस, २०५८) पृ. १५ ।

[९] ऐजन्, पृष्ठ २६ ।

यसरी प्राचिनकालदेखिनै मानव बसोबास स्थल बन्दै आएको प्राचीन भुमी नेपाल अनेक जाति, भाषा संस्कृतिको उद्गम स्थल पनि बन्न पुगेको छ । यस्तो स्थितिमा कुन जातिको उत्पति कहिले कहाँ र कसरी भयो भन्ने किटान गर्न गाह्रो छ ।

नेपाल आकारमा सानो मुलुक भएता पनि बहुजातिय सामाजिक संरचना र विविधता युक्त सँस्कृतिले गर्दा एशियाकै “जातिय सङ्गमस्थल” भनिन्छ ।

पूर्व मेचीदेखि पश्चिम महाकालीको सीमाभित्र फैलिएको यस देशमा अनेक जातीय प्रदेशहरू पाइन्छन् । तराई प्रदेशको एक प्रमुख र प्राचीन आदिवासी थारु जाति हो । पूर्व झापादेखि पश्चिम कैलाली कञ्चनपुरसम्मको तराई खण्डमा थारुहरूको बसोबास पाइन्छ । सङ्ख्याको दृष्टिले मध्य र पश्चिम तराईमा यिनीहरूको बसोबास अधिक रहेको छ । प्राचीन समयदेखि नेपाली भूभागमा बसोबास गर्दै आएका भएपनि थारु जातिको उत्पत्तिको कुरा अझै पनि रहस्यमय छ । कतिपय बिद्धानहरूले यो जातिको पुर्खा मङ्गोलियन भन्दछन् । कतिपय विद्वानहरू यसलाई आर्यराजपुतका वंशज मान्दछन् । थारु को हुन ? यिनीहरू कहाँ बाट आए भन्ने सम्बन्धमा अझैपनि  निश्चित हुन सकेको छैन । विद्वान वर्गबाट भने थारु जातिको बारेमा धरै पहिलेदेखि अनुसन्धानकार्य हुदै आएको देखिन्छ ।

थारु जाति किराँत नै हुन भन्ने विद्वनहरूको भनाई यसप्रकार छ । “बास्तबमा यो थारु जातिको पहाड भित्र रहेको किराँत बोली बोल्ने मङ्गोलहरूबाट आर्यभाषा ग्रहण गरी अलग जाति बनेको देखिन्छ । मङ्गोल भएता पनि मङ्गोलियन बाट सरासर हिमालयका भञ्जाङ काटेर आउनु एकदम असम्भव छ । किनभने छैठौ शताब्दीको अन्त्यमा हिमालका घाँटी खुलेका थिए । हिमालका पूर्व छेउँको ब्रह्मपुत्रको किनाराको घाँटी अति प्राचिन युगदेखी खुलिरहेको र त्यहाँबाट आएका मङ्गोल जातिका शाखाँहरू केही आसाम र केही पूर्व बंगालमा पुगी त्यहाँका बासिन्दा सँग मिसिएको लक्षण मनुस्मृतिका (Anthrop Ometry) कसौटीबाट स्पष्ट देखिन्छ । ब्रह्मपुत्रका घाँटीबाट आखेटक अवस्थामा निस्केका केही मङ्गोलहरू हिमालयका दक्षिण पट्टि काखैबाट पल्ला छेउसम्म पुगेर पुराना बासिन्दामा मिसिनु सम्भब छ, तर हिमाल देखि उत्तर पट्टि सबै भाषा असार्वजनिक भएका र केही किराँत बोली आजसम्म असार्वनामिक रहेका हुनाले ब्रह्मपुत्रबाट आएका मङ्गोलहरूको हिमालयका किराँतउपर विशेष असर परेको देखिदैन । यिनीहरूका रङ्गरुपमा यो मंगोल

लक्षण पाइन्छ । यो पहाडी जमिनका प्रभाबले बनेको अनुमान गर्न सकिन्छ । यसकारणले यिनीहरूको मूलघरको खोजी गर्दा हिमालयभन्दा बाहिर जान सकिँदैन ।[१०]

थारु जातिको बसोबास लिच्छवीकाल मै भएको संकेत भने लिच्छवीकालको एउटा अभिलेखले दिएको छ । पाटन चापागाँऊ स्तिथ शिवदेव प्रथमको सम्बत ६५० को अभिलेखमा “स्थरुद्रङ्ग”भन्ने शब्दको उल्लेख भएकोले त्यही शब्दबाट थारुहरू निकै पहिलेका बासिन्दा भएको अनुमान गरिएको छ ।

योगी नरहरिनाथले संस्कृतिक शब्द “स्थास्नु” बाट थारु भएको धारणा व्यक्त गरेका छन् भने बौद्ध मार्गीहरूले ‘स्थेर’ शब्दबाट ‘थारु’ हुनसक्ने धारणा व्यक्त गर्दछन् । यस बाहेक कसैले रैथाने वा ठालु शब्द बाट थारु बन्न गएको कुरा उल्लेख गर्दछन् । हरिवंशपुराणमा ‘दर्व’ शब्दलाई संस्कार लोप भएको क्षेत्रीय भनिएको र जसको अर्थ किसान भन्ने भएकोले यसबाट थारु पनि हुन सक्ने तर्क सित जोडेर राजस्थानबाट आएको बताएका छन् । यसको खण्डन इतिहास शिरोमणि बाबुराम आचार्यले यसरी गरेर छन् ‘राजपुताना र सिन्धका बीचमा ठुलो मरुस्थल रहेको छ ।’

भारत वर्षको मानचित्रमा यस मरुभुमीको नाम Thar लेखिन्छ र थार पढिन्छ । यो सिन्धी भाषाको शब्द हो त्यस भाषामा थर बोलिन्छ । परन्तु त्यस भूमिलाई राजपुतानामा दाट भन्ने चलन छ । यो नबुझ्े थर बाट बसाई सराई आएका राजपुत हुनाले थारु कहिएका हुन् भन्ने तर्कमा कमी हुन लागेको छ । मैदान हजारौं वर्षदेखि मरुभुमी भइरहेको हुनाले त्यहाँ आवादी रहनु असम्भव छ । यही सम्भव मानेता पनि राजपुताना पट्टिबाट आएका भए थारु नकहिएर ढाट कहिन्थे ।[११] थारु जातिले कहाँबाट नेपाल प्रबेश गरेका हुन भन्ने सम्बन्धमा पनि विद्वानहरू आ-आफ्नै तर्क छ । ईश्वर बरालले “थारु जाति तथा तिनको साँस्कृति”नामक लेखमा बाह्रौ शताब्दीमा भारतको चिन्तौढ प्रान्तमा शासन गरेर बसेका राजपुत माथि मुस्लीम आक्रमणपछि ती राज पुतहरूले आफ्ना श्रीमतीहरूलाई नोकर चाकरको जिम्मा लगाएर उत्तरी जंगलतिर सुरक्षित ठाँउमा पठाइदिए । तर दुर्भाग्यबस उनीहरू मुश्लिमहरूको कुरता पूर्ण सामुहिक हत्याबाट बच्न सकेनन् । त्यसरी भागेर जंगल पसेका महिलाहरूले निकै लामो समय सम्म आ-आफ्ना पतिदेवहरूलाई पर्खेर बस्दा पनि उनीहरू नआएकोले आफ्ना साथमा नोकर चकर स्थानीय व्यक्तिहरूसँग विवाह गरी बसे ।

---

[१०] मोदिनीप्रसाद शर्मा, थारु जाति एक अध्ययन, दोस्रो संस्करण (काठमाडौं : साझा प्रकाशन, २०६४) पृष्ठ २ ।

[११] टेकनाथ गौतम “थारु जातिको इतिहास तथा संस्कृति” (दाङ, २०४४) ।

तिनकै सन्तानलाई पछि थार भनियो । यसबाहेक अन्य विद्वनहरू मध्ये ब्रज किशोर वर्माले थारु जातिका बारेमा सूवसेन ओलीको बश, भनौवा खेतीपातीका लागी मैदानी भाग तिर झर्ने र बसोबास गर्ने क्रम शुरु भयो । पहाडबाट झरी पहाडको फेदीको उब्जाउ र मैदानी भुमीमा बसोबास गरि आएको पहाडको मगर जाति नै नेपालको थारु हो ।[१२]

जनकलाल शर्माले अझ शाक्य जाति नै थारु जाति हुन भन्ने पुष्टी गरेको देखिन्छ । भगवान गौगत बुद्धले निर्वाण प्रप्त गरेको (१७) सत्र वर्षदेखि बौद्ध धर्ममा महासाङ्धिक र स्थाविरबाद नामका दुई हाँगा फाटे । सम्भवत: यिनै दुई हाँगा मध्ये एक हाँगो स्थविर सम्प्रदायतिर शाक्य वंशीहरूको झुकाउ भएको हुनुपर्दछ । जसले गर्दा ती स्थविरबादमा आस्था राख्ने शाक्य वंशको नाम नै स्थविरवादी वा छोटकरीमा स्थविर रहन गएको पनि हुन सक्दछ र जनजिब्रोको उच्चारणमा स्थविरको विकृत जातिको बसोबास ई.पू.२५०० वर्ष अर्थात आजभन्दा ४५०० वर्ष अघिसम्म रहेको थाहा हुन सक्दछ ।

यस प्रकारविभिन्न विद्वानहरूका मतमतान्तरका आधारमा के पुष्टि हुन आउँछ भने थारु जातिको उत्पत्ति नेपालमै भएको हो । यसका साथै थारु जातिका मानिस आफु बसेको ठाँउ छोडेर अन्यत्र जान पटकै चाँहदैनन् । भूमिप्रतिको उनीहरूको यो गहिरो लगावलाई हेर्दा थारु जाति नेपालका आदिवासी जाति हुन् भन्ने निर्क्यौल गर्न सकिन्छ । [१३]

## २.२.२ थारु जाति वर्गीकरण

हिमालयको तराईमा थारु जाति बस्दछन् । पश्चिममा नैनीताल, पूर्वमा दरभङ्गा जिल्लाको उत्तरसम्म पहाडको फेदीमा यही जातिको बाहुल्यता छ । यो जातिको अनुसार देख्ने वित्तिकै छेउछाउका मानिस भन्दा बेग्लै उत्तरी पहाडमा बस्ने मङ्गोल जाति सित सम्बन्ध राख्दा थाहा हुन्छ कि यिनको रङ्ग गहुँगोरो वा कालो हुने गर्दछन् । कदममा छेउछाउका मानिस भन्दा विशेष भिन्नता हुँदैन, तर स्थान अनुसार मानिसको रङ्ग रुप बन्ने कुरा हो । कतिपय थारुहरू  गोरो पनि पाइन्छन् ।

भारतीय विद्वान राहुल साङ्कृत्यनले चम्पारन र मुजफ्फरपुर जिल्लाका उत्तरमा बस्ने थारु जातिको भेद र पदवीबारे यसप्रकार लेखेका छन् ।[१४]

---

[१२] जनकलाल शर्मा, हाम्रो समाज एक अध्ययन (काठमाडौं : साझा प्रकाशन, २०३९), पृष्ठ ३३९ ।

[१३] ईश्वर बराल, पूर्ववत्,  पृष्ठ ४७, ४८ ।

[१४] ऐजन् ।

| **भेद** | ***पदवी*** |
|---|---|
| बातर | (महतो) |
| चितवनिया | (महतो) |
| गठवरिया | (महतो) |
| खविसिया | (दिसबाह) |
| रउतार | (महतो) |
| न(ल)मपोंछा | (महतो राय |
| सैठा | (महतो ) |
| कोचिला | (खाव) |
| महाउत | (रावत) |
| मसिअउर | (माझी) |
| गोरत | (महतो ) |
| कनफटा | (नाथ) |
| कुम्हार | (राना) |
| मर्दनिया | (मार्द) |
| खउहट | (महतो) |

थारु जाति भारतमा उत्तर प्रदेश, विहार, बङ्गालमा छन् । उत्तर प्रदेशमा बिजनौर जिल्लाको उत्तर र गढवालको दक्षिण नैनीताल, पिलीमित जिल्लाहरूमा धरै जसो थारहरू बसोबास गर्दछन् । बङ्गालमा पनि नेपाल तराईका छेउछाउमा पनि केही बसोबास गरेका छन् । नैनीताल जिल्लामा विलहारी, नानकमत्ता, किलपुरी र टनकपुरमा बसोबास गरेका छन् । उत्तर प्रदेशका खिरी"जिल्लामा थारुहरू धरै जसो उत्तर तिर तराईका छेउछाउमा बिलारायाँ देखी बनकट्टी सम्म र बहराइच जिल्लामा बसोबास गर्दछन् । यिनीहरू शारदा नदीको दुवैतिर धेरै जसो बसोबास गरेका छन् ।

हडसनले थारुलाई मासिएको (Broken tribes) जाति मध्येका मानेका छन् । उनले Broken tribes यी जातिलाई भनेको देखिन्छ-हायु कुसुवार, बोनिया, देवदार, दुरे, वा दहरी ब्राह्मु थारु र बोक्सा ।चेपाङ्ग र कुसुण्डा जस्तै जाति उनले थारु लाई पनि मानेको दखिन्छ ।

टर्नरले बेग्लाबेग्लै भाषा बोल्ने जाति मध्ये थारुलाई सवभन्दा तल्लो स्थानमा राखेका छन् । उनका अनुसार नेपालका भाषा यस प्रकार छन् । ब्राह्मण, ठाकुर, क्षेत्री वा खस, गुरुङ्ग, मगर नेवार, लिम्वु, राई सुनार, मुर्मी र थारु ।

ईश्वर बरालले थारु जाति पश्चिम नेपालका बाँके बर्दिया, कैलाली र कञ्चनपुर, सल्यान र दाङ्गमा पाइने कुरा लेखेका छन् । कुचिला ।दनवार, कछरिया, दँगोरिया कठरिया, रकटिया, राना खुनहा, सुनार र राजी । यी थारहरूमा पनि कुचिलालाई उन्नत मानेको देखिन्छ । पूर्वका दनवार क्षेत्री हुन् । यिनीहरू मिथिलाबाट आएका हुन भनने भनाई बाबुराम आचार्यको देखिन्छ । यी दनवारमा पनि पूर्वाकाले जनै लगाउने गर्दछन् । यिनीहरू धरैजसो धामी छन् । पश्चिमका दनवारले जनै लगाँउदैनन् । यिनीहरू आफुलाई थारु नै भन्दछन् । अरु थारुहरूले जनै लगाउदैनन् । उनीहरू रक्सी भने खान्छन् । दाङ बाट दङ्गोरिया कठर बाट कठरिया र रफटबाट रफटिया थारु भएका हुन । यिनीहरू हाँस कुखुरा र सुँगुर पाल्ने र मासु खाने गर्दछन् । दगौरिया धेरै जसो सल्यान दाङ, बाँके बर्दियामा छन् । कठरिया बाँके राना धेरैजसो कैलाली र कञ्चनपुरमा र अरु यत्रतत्र गएको देखिन्छन् । दगौरियाले रानाभन्दा आफुलाई उन्नत ठान्दछन् र रानाले पनि आफुलाई उन्नत ठान्दछन् ।[१५]

खुनहा, सुनहा र दगौरिया जस्तै छन् तर यिनीहरूको पारस्परिक बिहाबारी चल्दैन । खुनहा फलकपुर (कैलाली) मलवारा तप्पा (बर्दिया)मा धरै रहेका छन् । यिनीहरू नदी किनारा नभई बस्दैनन् । उनीहरू नदीको पानी पाएसम्म ईनारको पानी खाँदैनन् । नदीको तिरमा बालुवा चालेर सुन जम्मा गर्ने हुनाले यिनीहरूको नाम सुनाहा भनेको हो । राजी थार बर्दिया, कैलाली र कञ्चनपुर तिर छन् ।[१६]

थारुहरूका जातबारे परम्पराका कुरा गर्दा प्रधान र अप्रधान दुई बर्गमा विभाजन गर्दछन् । यो विभाजनको चर्चा शिक्षित थारहरूमा मात्र छ । साधरण तया थारुमा परम्परामा जातको सानो ठुलो गर्ने चलन छैन । प्रधान र अप्रधान मिलाई भौगोलिक आधारमा कुनै खास एउटा क्षेत्रसंग सम्बन्धित बथानको नामबाट थारुलाई बर्गिकरण गर्ने चलन देखिन्छ । त्यस अनुसार थारुका थर यसप्रकार छन् । लालपुरीया, सोलरिया, राना, मर्दनिया, कठरिया, मोरडिया ।राजहरिया, रौतार, सुनाहा, चितौनिया, मझौटा, दाङ बर्दिया, खस, लमपुछुवा, दङौरा, कोचिला, कुचविहारी आदि ।

---

[१५] ईश्वर बराल, पूर्ववत्, पृष्ठ ४८ ।

[१६] नारायणप्रसाद शर्मा, “मौन”, युगबोध पत्रिका (वर्ष २०५८, अङ्क २५०, ७ महिना, ४ गते) पृष्ठ ४ ।

कोचिला र खस मोहत्तरी, सप्तरी, मोरङ, र झापातिर बस्ने गर्दछन् । यिनीहरूको वा थरको बिभाजन पाइन्छ । कोचिला थारुमा चौधरी, सिंह, राय, हुजदार, माझी, धामी, पन्जियार, खवस र बौछार हुन्छन् ।

दङौरा थारुको पद पछल दङिया, दहित, देमन दौरा, काठ, कटुवा, मधुवा, धौलहवा, उलटहवा, गमुवा, धारकटुवा, फुन्नहवा, बदगैया र बुनहवा देखिन्छ ।

मर्दनिया, चितैनानिया, सुनहा, महत्तो, बोट, बातर र बन्थ चितैन र राप्पती उपत्यकामा बसोबास गर्दछन् । पछद दङीया जगननाथी, गुनी र खड्की गुनीमा विभाजीत छ । उल्तहवा चार भागमा विभाजीत छ । जस्तै :बरवरिया, कावा, तन्तहवा र बौखही ।

फ्रान्सिस बुचनन हेमिल्टनको मोरङका गनगायी थारुहरूको समञ्जस्य उल्लेख गरेका छन् । उनले थारुको जनसंख्या प्रशस्त भएको लेखिएका छन् । प्रफुल्ल कुमार सिंह मौनले थारुका उपजाति यसप्रकार लेखेको देखिन्छ ।[१७] कोचिला, सप्तरिया, मोरङ्गिया, भटगमिया, रजधरिया मकरिया, केवारी, नवलपुरिया, खौसिया, बोट, महाउतो, मरदनियाा, बाँठ, सुनाहा, खुनाहा, राजी, रझटिया, कठरिया, जोगी, गरवरिया, धरबटुवा, कुमाल, पटबुता, बोक्सा, खवास, खोट्टा, आदि । यी मध्ये धरैजसो उपजाति सप्तरी र मोरङमा पाइन्छन् । थारु वंशावलीमा कोचिला थारुको बसोबास क्षेत्र सेतीदेखि कोशीको बिचमा बताइएको छ ।

थारुका जातिय उपाधी पनि महत्व पूर्ण छन् यिनबाट थारु जातिको मुलगठन अर्जित स्वरुपबारे संकेत पाइन्छ । थारुको जातिय उपाधि यसप्रकार प्रस्तुत गर्न सकिन्छ । रावत ( राव, राववत) । राय, खाँव, (खाँ) अधिकारी, परीयथ, (प्रतिहस्त) पंजीयार (पन्जियार)दास भगत, मण्डल, चौधरी, धामी, लाल, महतो, फनेत, विश्वास, राना, (राना), पनहर, पाई, बैठा, बछार मुरिया, माद, हुजदार आदि ।

मेची देखी महाकालीसम्म पाइने अनेक थरका थारुको नाम यसप्रकार देखिन्छ । जस्तै :कठरिया, कनफटा, कोचिला, खरल, खवास, खस, खाँ, रवुनहा, खौसिया, गछदार, तावदार, चितौनिया, चौधरी जोगी डँगरिया, तावदार, थन्दार, दनुवार, दँगौरा, दाङबर्दिया, परिहार, बर्दिया, बहन्या, बाँठ लालपुरीया, सोलरिया, राना, मर्दनिया, कठरिया, मोरङिया । राजहरिया, रौतार, सुनाहा, चितौनिया, मझौटा, लम्पुछिया, विश्वास, सरदार, सुनहा, सोलरिया, हेमजलिया ।

---

[१७] मौन, प्रफुल्ल कुमार सिंह, "थारु लेकगीत संग्रह" वि.स.२०२५ ।

स्थान विशेष घटना विशेषका आधारमा थारु जातिका थर तथा उपथरहरू राखिएको पाइन्छ । त्यसकारण थारु जातिका थर यति नै छन् भन्न सकिन्न । त्यस्ता थरहरू पचास भन्दा बढी भएको अनुमान गरिएको छ । कोचिला थारु, कोचिकुचि विहार सँग सम्बन्धित छन् भनी जनकलाल शर्मा भन्दछन् ।तर कोचिला थारुको सम्बन्ध कुच विहार सित छैन भन्ने भनाई मातृका प्रसाद कोइरालाको दखिन्छ । सप्तरिया (मूलतः कोचिलाः कौशल) थारु कोशी पारी बसोबास गरेका थारु मोरङगिया थारु भए भनी प्रफुल्ल कुमार “मौन”ले लेखेका छन् खौसिया कोशी किनारमा बालुवा छानेर सुन खाज्ने हुन् । थारुहरूमा कनफट्टा, जोगी, महन्त,  र भगतको उत्पत्ति खोज्दा तिनको सम्बन्ध नाथ योगी सित भएको थाहा पाइन्छ । एउटा नाथ योगीले थरुनी लाई साध्या वा मुद्धाको रुपमा ग्रहण गरेर तिनकै सन्ततिमाथी चर्चेको कनफट्टा जोगी, महन्त र भगत थारुका थर भए भनी भनिन्छ । यी थरका थारुका थारुले रतननाथ को पूजा आदर सित गर्दछन् ।

# परिच्छेद : तीन

# लोक साहित्यको सिद्धान्त र थारु लोककथाको परिचय

## ३.१ लोक साहित्यको सैद्धान्तिक परिचय

'लोक' र 'साहित्य' शब्दको योगबाट लोक साहित्य शब्दको विन्यास भएको हो । यसको अर्थ लोकको साहित्य भन्ने हुन्छ । अंग्रेजीमा यसलाई फक लिटरेचर (Fock–literature) भनिन्छ । लोक शब्द स्वर्ग, मर्त्य र पातल जस्ता लोकका साथै आमजनसमुदायलाई बुझाउन प्रयोग गरिन्छ । साहित्य भनेको मान्छेको भावना र बिचारको कलात्मक भाषिक अभिव्यक्ति हो । यसरी हेर्दा लोक साहित्य भनेको लोक समाजमा अर्थात जनसमुदायको साहित्य भन्ने हुन्छ । लोकसाहित्यको लोक जीवनका सुख दुःख पिडा व्याथा, बेदना हर्ष विस्मात, आदि अनुभुतिहरू सुरक्षित हुन्छन् । यसरी लोकसाहित्य शव्द सर्वसाधरण जनसमुदायको साझा साहित्यका अर्थमा प्रयोग गरिएको पाइन्छ ।

लोकसाहित्य लोकवार्ताको पाटो हो । लोकवार्ता अर्न्तगत लोक साहित्यका अतिरिक्त लोक विश्वास, लोकरिती, लोककला आदि पर्दछन् । यसकारण लोकसाहित्यको परिभाषा दिनेक्रममा कतिपय विद्वनहरूले यसलाई लोकवार्तासंग जोडेर परिभाषा गरेका छन् कतिपयले ग्रामिण साहित्य र कतिपयले जनताको साहित्यको रुपमा अर्थ्याएको छन् । ती परिभाषाहरू यसप्रकार छन् । ती हुन् : -

"इन्साइक्लोपेडिया विटानिक" - लोकसाहित्यलाई अपठित समुदायको मौखिक अभिव्यक्ति मान्दै, यसमा लोकको ज्ञान प्रकट हुन्छ भनिएको छ । यसमा लोकसाहित्यको लोक उत्पति विकास, विशेषता, प्रविधि क्षेत्रीय र जातिय विविधताको अध्ययन र सङ्कलन हुन्छ भन्दै यस इन्सइक्लोपेडिया ले लोकगीत, लोककथा, लोकनाटक, लोकगाथा, उखान, टुक्का, गाँउखाने कथा, मन्त्र आदिलाई लोक सहित्यको विधा मानेको छ । एस.आर.मरेर -ले लोकसहित्यलाई गतिशील विज्ञान भनेका छन् ।

जी.एल.गोमेले -ऐतिहासिक विज्ञान भनेका छन् ।

जे.उ.कडेनले.- यसलाई आदिम र अपठित समुदायको सिर्जना भनेका छन् । उनका भनाई अनुसार लोकसाहित्य अर्न्तगत लोकगीत, लोकगाथा, परिकथा, नाटक, उखान, टुक्का गाँउखाने कथा मन्त्र र दन्त्यकथा जस्ता विषय समाविष्ट हुन्छन् ।

डा. सत्येन्द्र -भारितीय विद्वन सत्येन्द्रले लोकसाहित्य अन्र्तगत आदिम मानवका अवशेषहरू मैखिक परम्परामा अभिव्यक्ति हुन्छन् । जसलाई कृति नभनेर श्रुति भन्नु उपयुक्त हुन्छ भनेका छन् । यो व्यक्तिगत रचना भयो भने पनि त्यो लोकमानसको रचना ठहरिन्छ भनने उनको भनाई छ ।

कृष्णदेव उपाध्याय : सभ्यताको प्रभावबाट टाढा रहने निरक्षर जनताको आशा निराशा, हर्ष, विस्मात लाभ, हानी र सुख दुःखको अभिव्यञ्जना हुने साहित्यलाई लोकसाहित्य भनेको छन् ।

लोक साहित्यको बारेमा नेपाली विद्वानहरूले पनि चर्चा परिचर्चा गरेका छन् । तुलर्सा दिवस, धर्म राजभापा, हंसपुरे सुवेदी, कालीभक्त पन्त, योगी नरहरिनाथ चुडामणि बन्धु, जविन्द्र देवगिरा लगायतका अध्येताहरले यसको परिभाषा गरेका छन् ।

जीतेन्द्र देव गिरी : सामुहिक भावना र सरल अभिव्यक्तिले गर्दा व्यापक जनसमुदायलाई आफुतिर खिच्न सकछन् र कलाका रुपमा लोकसाहित्यको परिभाषा गरेकाछन् ।

चुडामणि बन्धु : लोकसाहित्यलाई भित्रैबाट स्वभाविक रुपले व्यक्त भएका भावनाको अभिव्यञ्जन भन्दै लोकजीवनको सहज तथा सरल अभिव्यक्ति भनेका छन् ।

मोहनराजशर्मा र खगेन्द्र प्रसाद लुइटेल : लोकभावनामा आधारित र श्रुति परमपरा बाट प्राप्त अपठितहरको सामुहिक रुपमा  लोकगीत लोककथा, लोककविता, लोकगाथा, लोकनाटक, गाँउ खाने कथा, उखान, टुकका, मन्त्र आदि विभिन्न विद्याका रुपमा अभिव्यक्ति हुने मौअिक भाषिक संरचनालाई लोकसाहित्य भनेका छन् । उपयुक्त वर्णन गरिएको लोकसाहित्यको परिभाषा पूर्वीय र पाश्चात्य विद्वानहरूले दिएको परिभाषामा सबैभन्दा उपयुक्त परिभाषा धर्मराज थापा र हंसपुरे सुवेदिले दिएको परिभाषा उपयुक्त मान्न सकिन्छ ।

धर्मराज थापा र हंसपुरे सुवेदी : सजिलो सरल र रम्य भाषामा रचिएको मानब मुटुको स्पनदनबाट प्रस्फुटित मिठो र आकर्षण मौखिक साहित्य नै लोक साहित्य हो भनेका छन् । यसरी हेर्दा विभिन्न विद्वानहरूले दिएको परिभाषका आधारमा हेर्दा लोसाहित्य भनेको लोकसमाजको सामुहिक अभिव्यक्ति भन्ने बुझिन्छ । यसमा लोकगीत लोककथा भावना निहित हुन्छ र यो व्यक्ति विशेषको रचना नभएर सामुहिक रचनाका रुपमा मौखिक परम्परामा सन्तान दरसन्तानमा सर्दै आँउछ । लेख्य साहित्यका तुलनामा सरल, सहज

अभिव्यक्ति हुने लोकगीत लोक कथा, लोकगाथा, लोक नाटक, गाँउखाने कथा, उखान टुक्का जस्ता विभिन्न विद्याका रुपमा यसले लोक जीवनको अभिव्यक्त गर्दछ ।

## ३.२ लोक साहित्यको विधागत वर्गीकरण

लोक साहित्यको विधागत वर्गीकरण गर्ने विभिन्न आधारहरूको उल्लेख भएको पाइन्छ । शिष्ट सहित्यमा जस्तो विधा सिद्धान्तको आधारमा स्पष्ट विधा निर्धारण गर्ने कार्य लोकसाहित्य भइसकेको पाइँदैन । यसका विधा वर्गीकरणका बारेमा विद्वानहरूको मत मतान्तर छ । नेपालीमा मोतीलाल पराजुलीले भाषिक अभिव्यक्ति प्रस्तुतिकरण, संस्कार, अनुष्ठान र विषयवस्तुका आधारमा विधाहरूको वर्गीकरण गरेका छन् । यी आधारहरू एउटा-एउटा पक्षसँग मात्रै सिमित छन् । विषयवस्तुमा मात्रै केन्द्रित छन् । यो वर्गीकरणको लामो रुपलाई अझ सङ्क्षिप्त बनाउँदै र ऐतिहासिक झलक दिदै धर्मराज थापा र हंसपुरे सुवेदिले लोककथाको वर्गीकरण गरेको देखिन्छ ।

प्रस्तुत पुस्तकमा लेखकहरूले नेपाली लोक कथालाई वर्गीकरण गदै विभिन्न आधारमा विभिन्न प्रकारका लोककथा रहेको उल्लेख गरेका छन् ।

वास्तवमा "हाम्रा पुराना वैदिक र पौराणिक काल समेतका सारा कथाहरूलाई लिई एकत्रितगरी हेर्दा कथागत उद्देश्य र विषयको आधारलाई लिई एकत्रितगरी हेर्दा कथागत उद्देश्य र विषयको आधारमा यिनलाई तीन प्रकारले वर्गीकरणमा उल्लेख गर्न सकिन्छ भनिएको छ ।[१] सोहि अनुसारको नेपाली लोककथामा आधारित भन्दा पनि हाम्रो संस्कृति वाङ्मयतर्फ आधारित छ । भन्ने लेखकरुको धारणा छ ।त्यो विभाजन अनुसार

(क) धार्मिक (ख)उपदेशपरक (ग) मनोरञ्जनात्मक ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले माध्यम प्रस्तुति श्रेणि, आकार, र प्रकारका आधारमा वर्गीकरण गरेकाछन् । अन्य कतिपय विद्वनहरूले यसका आधारहरूको उललेखनगरी सोझै लोकगीत, लोककथा, लोकनाटक, लोक गाथा, उखान टुक्का र गाँउखाने कथागरी छ वटा विद्याहरूको चर्चा गरेका छन् ।[२]

---

१. धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना (काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, २०४१) पृष्ठ ३३९ ।

२ . मोहन राज शर्मा र खगेन्द्र लुइटेल। लोकवार्ता विज्ञान र लोकसाहित्य (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ.१४ ।

विभिन्न आधारहरूको उल्लेख गरेर वा नगरी वर्गीकरण गरिएका लोकसाहित्यको प्रमुख विद्याहरू लेकगीत, लोककथा लोकगाथा, लोकनाटक, उखान टुकका र गाँउखाने कथा हुन् ।

(क) लोकगीत :

लोक साहित्यको सबैभन्दा पुरानो विद्या लोकगीत हो र लोक भावनाको लयात्मक, गेयात्मक अभिव्यक्ति लोकगीत हो । यसका लोकानुभुतिका सुखी तथा दुःखी भावनालाई सरल र साङ्गीतिक रुपमा प्रस्तुत गरिन्छ । लोकगीत जोसुकैले सजिलै गाउन सक्ने हुन्छ । नेपालीमा व्रत पर्व, साँस्कृति विशेषका खेतीपाती स्थानिय गाँउ, ठाँउ, आदि विषयका आफ्नै प्रकारका गीतहरू छन् । भ्याउरे संगिनी, भजन, बालुन, देउडा, असारे, चुडका, ख्याली, द्यौसी। भैली, सवाईजस्ता अनेकौ भाका र लयका नेपाली लोकगीतहरू नेपालीमा प्रचलित छन् ।

(ख) लोककथा :

लोक समाजमा कथा सुन्ने सुनाउने परम्परा पाइन्छ । यो लोकसाहित्यको आख्यान विधा हो यसका काल्पनिक, मनोरञ्जनात्मक, उपदेदमुलक जस्ता विशेषता पाइन्छन् । लोककथामा मानिसका मात्र नभई मानवेतर पशुपन्छी, भूतप्रेत देवीदेवता, आदि समेत सक्रिय पात्रको रुपमा रहेको हुन्छन् ।

(ग) लोकगाथा :

गेयात्मक रुपमा रहेको आख्यानयुक्त विधालाई लोकगाथा भनिन्छ । देवी, देवता भुतप्रेत राजा महाराजा, ऐतिहासिक सर्न्दभ आदिका विषयमा लोक समाजका गाइने लोककाव्य नै लोकगाथा हो । चरित्रगाथा आदि लोकगाथाहरू पाइन्छन् । नेपालीमा गाथाको प्रकृति अनुसार चैत्र, भारत करर्वा, चाँचरी जस्ता नामले लोकगाथालाई चिनाएका छन् ।

(घ) लोक नाटक :

लोकसमाजमा प्रचलित नृत्य सङ्गीत र अभिनय सहितको लोकविधा लोकनाटक हो । लोकसमाजमा परम्परागत रुपमा प्रचलित नाटक नै लोकनाटक हो । लोकनाटक लोक संस्कृतिको भण्डार हो । लोक समाजको मनोरञ्जनको सशक्त माध्यमका रुपमा लोकनाटक रहेका हुन्छन् । लोकनाटक गद्य, पद्य तथा चम्पू शैलीमा गाँउदै, नाच्दै अभिनय सम्पादन गरिन्छ । नेपालीमा धामी, झाँकी, जात्राहरू, बालुन जस्ता विभिन्न लोकनाटक प्रचलनमा छन् ।

(ङ) उखानटुक्का :

पुर्खाहरूको लामो अनुभवबाट खारिएर आएको मार्मीक अभिव्यक्तिलाई उखान भनिन्छ । यो सामान्यतया बाक्य स्तरको संरचनामा रहन्छ । विशिष्ट र लाक्षणिक अर्थमा प्रयोग हुने कियायुक्त पदावलीलाई टुक्का भनिन्छ । गद्यात्मक शैलीमा सङ्क्षिप्ततामा गहन भाव बोक्ने उखान टुक्का पनि लोक साहित्यको लोकप्रिय विद्या हो ।

(च) गाँउखाने कथा :

प्रश्नोत्तर रुपमा रहेको लोकसमाजमा प्रचलित बौद्धिक अभिव्यक्ति गाँउखाने कथा हो । नेपालीमा प्रश्नका रुपमा सोधिने र उत्तर दिन नसक्दा कुनै गाँउ दिनुपर्ने हुनाले गाँउखाने कथा भनिएको हो । यसको मूल विशेषता भनेको अड्को फुकाउनु हो । यो बौद्धिक कसरतमा मनोरञ्जन दिने माध्यम हो ।

यी बाहेक लोकसाहित्यमा लोकगीतको समकक्षी लोकपद, लोककविता, गाँउखानेकथा समकक्षी पहेली, झ्याँगा, तथा मन्त्र जस्ता विधा पनि प्रचलनमा छन् ।

## ३.३ लोककथाका तत्वहरू

लोककथा लोकसाहित्यको लोकप्रिय विद्या हो । यो लोकगीत जतिकै पुरानो विधा मानिन्छ । लोकथालाई दन्त्यकथा, लामोकथा कथामात्र पनि भनिएको पाइन्छ । लोककथामा तत्कालिन समाजको सँस्कृति, चेतना र जीवनस्तरको झलक पाइन्छ, । यो लोक समाजमा मौखिक परम्परामा बाँचेको हुन्छ । मनोरञ्जन र शिक्षा लोककथाको मूलभुत उद्देश्य हो । नेपाली समाजमा लोककथा लोकप्रिय रहेको छ ।

लोककथामा लोककथाका  तत्वहरू आधुनिक कथामा झै कथानक चरित्र परवेश, भाषाशैली दृष्टिविन्दु र उद्देश्य हुन् ।[३] यी बाहेक लोकतत्व लोककथाको अनिवार्य तत्वलाई निम्नलाई निम्न्नुसारको उल्लेख गर्न सकिन्छ ।

(क) कथानक :

घटनाहरूको व्यबस्थित योजना लाई कथानक भनिन्छ । लोककथामा घटनाहरूको संयोजन र व्यवस्थापन हुन्छ । यही नै कथानक हो । घटनाहरूको कालकमिक बिन्यास कथानक हामे । लोककथा सामान्यः सुखान्त हुन्छ तर दुःखान्तक पनि नहुने होइन । लोककथाको कथानक प्राय आदि मध्य र अन्त्यको संरचनामा आएको हुन्छ । लोककथाको कथानकमा लोकतत्व रहेको हुन्छ ।

३. मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, पूर्ववत्, पृष्ठ ३७५ ।

(ख) चरित्र :

लोककथामा चरित्रलाई सहभागी पनि भनिएको पाइन्छ । लोककथामा असल । खराब, प्रमुख, सहायक, गौण, पुरुष महिला,  बालक, युवक, बृद्ध मानव, तथा मानवेतर लगायत थुप्रै पात्र हुन्छन् । लोककथामा अलौकिक पात्रहरूको प्रयोग स्वभाविक मानिन्छ ।

(ग) परिवेश :

लोककथामा पौरणिक तथा ऐतिहासिक परिवेश पनि पाइन्छ । परिवेश भन्नाले देश, काल, परिस्थिति भन्ने बुझिन्छ । परिवेश लोककथाको महत्वपूर्ण तत्व हो यसमा लोकतत्व निहित हुन्छ । लोकसंस्कति लोकमान्यतारु परिवेशमा अन्तधुलन भएर रहेको  हुन्छन् ।

(घ) भाषाशैली :

लोककथाको अनिवार्य तत्व भाषा शैली पनि हो । लोककथाको भाषा सरल र सरस हुन्छ । लोककथाको शैली प्राय रैखिक हुन्छ । यसमा“एकादेशमा उहिल्यै जस्ता पद र पदावली कथाको शुरुमा आउँछन् भने यसको टुङ्ग्याउनीमा पनि विशेषकथनको प्रयोग गरिन्छ ।

(ङ) दृष्टि विन्दु र उद्देश्य :

लोककथाको उद्देश्य मुख्यत सत्यको जित देखाउनेनीति शिक्षादिने र मनोरञ्जन प्रदान गर्न हुन्छ । कथाको दृष्टिविन्दुमा कथाको गहिराई,  रैखिकक्रम आदि कुराहरू देखाइन्छ ।

## ३.४ लोककथाका विशेषता

लोककथा लोक साहित्यको एउटा महत्वपूर्ण विधा भएकोले लोकसाहित्यका सामान्य विशेषता लोककथामा पनि पाइन्छन् । लोकसाहित्यका अन्य विद्याझैं अज्ञात रचनाकार मौखिक परम्परा मूलपाठको अभाव, स्थानियताको प्रचुरता, सामाजिक सम्पत्ति अवैयक्तिकता आदि लोककथा पनि साझा विशेषता हुन् ।[४] यिनका साथै लोककथाको पहिचान गराउने निजी विशेषताहरू निम्नलिखित छन् ।

(क) आख्यानको प्रधानता :

आख्यान लोककथाको सर्वप्रमुख तत्व हो र यसका अभावमा कथाको स्वरुप निर्माण हुदैन । लोककथा अख्यान हो ।  आख्यनको संरचना घटना प्रसङग आदिबाट गरिन्छ । यसको

---

४. मोहनराज शर्मा र लुइटेल, पूर्ववत्, पृष्ठ २७७ ।

पुरा ढाँचा नै घटनाहरूको कालक्रमिक प्रस्तुतिमा अडिएको हुन्छ । घटनाहरूको भुतकालिन ढाँचामा वर्णन गर्नु आख्यानत्मकता हो र यो नै लोककथाको प्रमुख पहिचान पनि हो । समयक्रममा एक पछि अर्को भई घटित भएका घटनाहरूको संयोजन नै लोककथाको मुख्य विशेषता हो ।

(ख) विषयगत व्यापकता

लोककथामा विषयवस्तुको अत्यन्त व्यापकता पाइन्छ । यसको विषय मानिसका सुख दुःख हाँसो आँसु, प्रेम-घृणा आशा- निराशा, धैर्य, क्रोध, मोह, ईर्ष्या, आकर्षण, विकर्षण, शत्रुता, मित्रता, अनुराग, द्वेष, आसक्ति, अनासक्ति, घात, प्रतिघात आदि सबै मूल प्रवृत्तिहरू हुन्छन् । यसको विषयवस्तु लौकिक वा अलौकिक, मानिस, पशुपंक्षि जस्ता लौकिक, हावापानी, सूर्य माटो जस्ता प्राकृतिक आदि जुनसुकै विषय वस्तुलाई समेटने हुँदा यसका विषयवस्तुको कुनै सिमा छैन् ।

(ग) सुखद समापन :

प्रायः लोककथाहरू सुखात्मक हुन्छन् । लोककथामा जीवनका जस्तोसुकै दुःख पीडा, विरह, व्यथा, आपतविपत, कष्टकर, सङ्घषृ, विनाश, विषाद, हानि, नोक्सानी, पराजय, आदिको चित्रण गरिए पनि यसको अन्त्य चाँहि प्राय सुखद परिणाममा गरिएको हुन्छ । संयोग, मिलन, प्राप्ति, विजय आदि देखाएर लोककथा टुङ्ग्याइन्छ । केहि लोककथा चाँहि दुःखान्त पनि हुन्छन् ।

(घ) अभिप्रायको प्रयोग :

लोककथामा विभिन्न अभिप्रायहरूको प्रयोग महत्वपूर्ण दङ्गमा गरिन्छ र यो यसको खास विशेषता हो । अभिप्रायले तन्तुका रुपमा कार्य गरी लोककथाको सिङ्गो संरचना निर्माण गरिएको हुन्छ । अभिप्रायले कथा भित्र कथानकलाई गतिदिने, आकास्मिक मोड ल्याउने, चरित्रलाई स्पष्टयाउने, रोचकताको अभिवृद्धि गर्ने कार्य आदि गर्छ भने कथा बाहिरका लोकविश्वास, रीतितिथी, तत्तकालिन परिस्थिति, मूल्यमान्यता आदिलाई जनाउने कार्य पनि गर्छ । लोकसाहित्यका अन्य विधा भन्दा लोककथामा अभिप्रायको विहेष महत्व रहन्छ । अभिप्राय विना लोककथा बन्दैन भन्ने मान्यता रहेको पनि पाइन्छ ।

(ङ) उत्सुकताको प्रधानता :

लोककथामा उत्सुकताको अन्यन्त प्रबलता रहन्छ । लोककथाका श्रोताका मनमा खुल्दुली वा कौतुहल पैदा गरिरहेको हुँदा कथासँगसँगै उसको उत्सुकता पनि बढ्दै जान्छ ।

उसका मनमा अनि के भयो अनि के भयो ....भन्ने जिज्ञासा वा कौतुहल पैदा भइरहन्छ । यही उत्सुकताका कारण उसमा कथा प्रतिको चाख कहिल्यै मर्दैन र एकाग्र भएर सुन्न तत्पर भइरहन्छ । उत्सुकताको अभाव रहेको लोककथा आकर्षण, लोकप्रिय र जीवन्त हुँदैन ।

(च) कल्पनाको अधिक्य :

लोकसाहित्यका अन्य विधाभन्दा लोककथामा कल्पानको प्रचुरता पाइए पनि अलौकिक अदकुद, रहस्य, रोमाञ्च आदि भएका कथामा झनै बढी काल्पनिक हुन्छ । देवीदेवता, राक्षस, भूतप्रेत । पिचास, परी अप्सरा, वीरता, साहस, जादुटुना सम्बन्धी लोककथामा कल्पनाको अत्याधिक प्रयोग पाइन्छ । अतिमानविय वा अतिप्राकृतिक अथवा अप्राकृतिक वर्ग सबै कथामा यो विशेषता अत्यधिक मात्रा रहन्छ ।

(छ) मनोरञ्जनत्मकता :

अधिकांश लोककथामा मनोरञ्जनको प्रधानता रहन्छ । कोही लोककथाहरू अर्ती, उपदेश दिने खालका शिक्षा वा नीतिप्रधान पनि हुन्छन्, तर तिनका माध्यमबाट पनि मनोरञ्जनकै उद्देश्य पुरा गरिन्छ । सत्यको वर्णन गर्ने ढाँचामा प्रस्तुत पुरा कथाहरूको उद्देश्य पनि सत्यको उद्घाटन गर्दै मनोरञ्जन गर्नु नै रहेको पाइन्छ । लोककथामा सत्-असत् तथा अन्य विविध पात्रको सिर्जना पनि अन्तत : मनोरञ्जनकै हेतुले गरिएको देखिन्छ ।

(ज) विशेष आदि-अन्त्य :

लोककथाको प्रारम्भ 'एक देशमा'वा 'परापूर्वकालमा' वा 'उहिल्लै' र 'धेरैधेरै पहिले'आदि शब्दवलीबाट गरिन्छ भने अन्त्य चाँहि 'सुन्नेलाई सुनको माला 'तुरुन्त आउला' वा यस्तै सुखबोधक वाक्यबाट गरिन्छ । यसप्रकारको समान शब्दवलगीत उठान र बैठान लोककथाको विशेष पहिचान हो ।

(झ) भाषिक सरलता :

लोककथाको भाषा अत्यन्त, सरल सहज र बोधगम्य हुन्छ । त्यसैले लोककथा बुझन सानादेखि ठुला सबै श्रोतालाई कुनै कठिनाईको अनुभव हुँदैन । अलङ्करण र जटिलताको अभाव तथा स्थानिय भाषको अत्यधिक प्रभाव यसमा पाइन्छ । यसमा जटिल वाक्य भन्दा सरल संरचनाका छोटा छरिता बाक्यहरू प्रयुक्त हुन्छन् । समयक्रममा भाषाको परिवर्तनसँगै लोककथाको पाठ्मा पनि परिवर्तन भइरहने हुँदा यसको भाषा अद्यावधिक र गतिशील हुन्छ । यसका विपरित पद भाषामा प्राचिनता रहिरहने हुँदा त्यो दुर्बोध्य पनि हुन सक्छन् तर

भाषिक परिवर्तनशीलताका कारण लोककथा दुर्बोध्य हुँदैन । यसको भाषामा पाइने प्रवाहपूर्णता, प्रभावकारिता जस्ता गुणले यसलाई ज्यादै लोकप्रिय विधा तुल्याइएको छ ।

(ञ) गद्यको प्रधानता :

लोककथाहरूको मुख्यतः गद्यमा रचियका हुन्छन् ।कतिपय लोककथाका बीचबीचमा केही पद्यांशहरू प्रयोग गरिए पनि यसको खास विशेषता चाँहि गद्यात्मक हुन्छ ।कतिपय लोकगाथाहरूलाई पद्यमा लेखिएका कथा मानिए पनि कथा र गाथाको विधागत संरचना भिन्न हुन्छ । पद्यात्मकका कारण गाथाको संरचना सूक्ष्म हुन्छ भने गद्यात्मकका कारण कथाको संरचना स्थूल हुन्छ ।बीच बीचमा पद्यको प्रयोग भएका केही नेपाली लोककथाहरू सात भाइ र एक बहिनी, हौसिया गुन्टाग्रा, कान्छी चाहिं भाउजु ले नडैसित पालिन आदि हुन् ।

(ट) वर्णनात्मक शैली :

लोककथाको शैली मुख्यत : वर्णनात्मक हुन्छ । रोचक तथा स्वभाविक वर्णनलाई लोककथाको प्राण मानिन्छ र केही लोककथाका बिचबिचमा संवादहरू पनि आउन सक्छन् । यस्ता संवादले लोककथामा नाटकीयताको प्रवर्द्धन गर्दछ । लोककथालाई रसिलो तुल्याउन पद्य वा गीतको प्रयोग पनि हुन सक्छ र यी सबै हुँदा पनि वर्णनको रोचकता स्वाभाविकता, सहजता, सरलता सोझोपन नै यसको विशिष्ट शैली विशेषता हो । बीचबीचमा संवादको प्रयोग गरिएका केही नेपाली लोककथाहरूमा टुहुरो भाइ, वर्षीको छोरो, रजितजङ्गराजा सुनकेसरी मैया आदि हुन् ।[५]

## ३.५ लोककथाका उत्पत्तिका बारेमा देखिएका मत

लोककथाको उतपत्ति सम्बन्धी विभिन्न मतहरू देखिएका छन् । यी मतहरूमा प्रकृतिरुपकवाद, प्रसारवाद, इच्छापूर्तिवाद, विकासवाद, यथार्थवाद, प्रमुख छन् । यहाँका यी मतवादहरूवारे संक्षिप्त चर्चा गरिएको छ ।

(क) प्रकृतिरुपकवाद :

प्रकृतिवस्तु र घटनालाई रुपक बनाई लोककथाको प्रारम्भ भयो भन्ने धारणा नै प्रकृतिरुपकवाद (Nature Symbolism) हो । सूर्य, चन्द्र दिन, रात, पहाड, मैदान, वर्षा,

---

५. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेल, पूर्ववत्, पृष्ठ ३७८ र ३७९ ।

र चट्याङ्, नदी र समुन्द्र आदि विभिन्न प्राकृतिक तत्वहरूको मानविकरण गरेको तथ्य विभिन्न जातिका लोककथाहरूमा पाइन्छ । आर्यहरूको प्राचीनतम ग्रन्थ ऋग्वेदमा पनि प्रकृतिलाई रुपक बनाई घटनाहरूको वर्णन गरेको पाइन्छ ।[६]

(ख) प्रसारवाद

प्रसारवादले लोककथाहरू कुनै एक ठाँउबाट सबैतिर फैलेका हुन् भन्ने कुरा मानेको छ । पञ्चतन्त्रको अनुवाद गर्ने बेन्फेले भारतबाट अन्य देशमा कथाहरू राएहरू गएका हुन् भनेका छन् । कथाहरूको तुलनात्मक अध्ययन गर्नेहरूले मानव कथाको खोज गरी परम्परा बादी सिद्धान्तलाई बल दिएका छन् । प्रसारको सिद्धान्तले एक समयमा निकै महत्व पाएको थियो ।

प्रसारको कुरा केही मात्रामा सत्य भएपनि एउटै ठाँउबाट मात्र कथाहरूको विकास र विस्तार भयो भन्ने सिद्धान्त धरै विद्वानहरू मान्दैनन् सर्वत्र भारत कै कथाहरू मात्र छैनन् । अन्य देशका पनि छन् ।

(ग) विकासवाद

विकासवादी सिद्धान्तले लोककथाहरूको उत्पत्ति मानव समाजकै विकासका साथे सवै ठाँउबाट भयो । एकै ठाँउबाट मात्र होइन भन्ने मान्छन् । आर्थर टेलर जस्ता विद्वनले यसको समर्थन गरेर के कुरा स्पष्ट गरे भने विश्व भरि नै मानव समाजमा मानिसक शक्त्रिको विकास समान गतिमा भयो । यही किसिमले कथाहरू विकासित भए । केही मात्रामा एक अर्काबाट ग्रहण गर्नु भिन्न कुरा हो ।

(घ) इच्छापूर्तीवाद

इच्छापूर्तीवादी सिद्धान्तका अनुसार कथाहरूमान्छेका अवचेतन मनमा दमित इच्छा आकाङ्क्ष तथा वासनाको पूर्तीको परिमाण हुन् । दमित इच्छाको अभिव्यक्ति प्रतीकात्मक रुपमा कथाहरूमा त पाइन्छ नै कथाहरूले मानिसका दमित इच्छाहरूको पूर्ती पनि गर्दछन् । लोककथाका अप्पसराहरू र सुन्दरीहरूले बासनाको पूर्ती गर्दछन् भने बुद्धिमान, साहसी र नायकहरूले श्रोतालाई प्रभावित पार्छन । लोककथामा राजाका सात रानी, कृष्णका १६००गोपिनीहरूको चर्चा पाइन्छ कथा-विश्लेषण को मनोविश्लेषणवादी सिद्धान्तको समर्थकहरूमा  फ्रायड्, जुङ्ग तथा इरिक प्रोपका भिन्न मत  छन् । लोककथाले

६. चुडामणि बन्दु, नेपाली लोकसाहित्य (काठमाडौं : एकता बुक्स, २०५८), पृष्ठ ....२८७ ।

अहन्तावादी प्रवृति पनि देखाउँछन् । तर लोककथाको उत्पत्तिका सम्बन्धमा निष्कर्षमा पुग्न इच्छापूर्तिवादी सिद्धान्तले सहयोग गर्दैन ।

(ङ) यथार्थवाद

यथार्थवादका बिचारमा लोककथाको उत्पत्ति यथार्थ घटनाहरूबाटै भएको हो । दैनिक जीवनका अनुभवहरू र सम्झनायोग्य घटनाहरूलाई दोहोऱ्याउँदा लोककथा बनेका हुन् ।

भाषाका उत्पत्तिका विषयमा विभिन्न सिद्धान्तहरू भएजस्तै लोककथाको उत्पत्ति विषयमा पनि विभिन्नमत प्रचलित छन् । तर उपर्युक्त चारमत नै मुख्य हुन् । केही भारतीय विद्वनहरूले लोककथाको उत्पत्ति वारे यी चारैमतको समन्वयगरी लोककथाको उत्पत्तिबारे स्पष्ट पार्न खोजेका छन् ।

## ३.६ थारु लोककथाको परिचय

विश्वको मानचित्रमा नेपाल सानोमुलुक भए पनि बहुजातिय, सामाजिक संरचना र विविधताले भरिएको नेपाल एशियाकै 'जातिय संगम स्थल'ले चिनीएको छ । पूर्वमा मेची पश्चिममा महाकालीको सिमाभित्र फैलिएको यस प्रदेशमा अनेक जातिय प्रदेशहरू छन् । तराई प्रदेश को एक प्रमुख र प्राचिन आदिवासी थारु जाति पूर्वझापा देखि पश्चिममा कैलाली र कञ्चनपुर सम्मको तराई खण्ड दाङ, देउखुरी र सुर्खेत उपत्यकामा थारुहरूको बसोकास गरेको पाइन्छ । संख्याको दृष्टिले मध्य र पश्चिम तराईमा थारुजातिको बसोबास अधिक रहेको पाइन्छ । थारुजातिको आफ्नो भाषा, साहित्य, साँस्कृति, भेषभूषा, रहनसहन, नाचगान, आदि रहेको छ । यो जाति तराईको आदिवासी हो । बर्दिया जिल्लामा पनि थारु जातिको वस्ती बाक्लो छ । यो जिल्लाको जनसंख्या को आधारमा ५१% थारु जाति बसोबास गरेर बसेको छ । थारु जातिको जनसंख्या पन्द्र लाख चालिस हजार रहेको छ ।

यसकारण यस जातिको अधिकांश संस्कारहरू तराई भूभागसँग मेल खाने किसिमको छ । सयौं वर्ष र भित्री मधेश क्षेत्रमा थारहरूको आफ्नो राज्य रहेकोले यिनीहरू आफ्नो भाषा, साहित्य साँस्कृति, भेषभूषा, रहनसहन, नाचगान, हस्तकला आदि क्षेत्रमा राम्रो विकास गरेका थिए भन्ने कुराको प्रमाण प्रशस्त भेटिन्छ ।[७]

---

७. गोपाल दहित, थारु संस्कृतिको संक्षिप्त परिचय (आदिवासी, जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा :, ललितपुर, २०६२) ।

समयको परिवर्तन सँगै यस जातिले आफुमा रहेको सोझोपन र इमान्दरीता जस्ता गुणहरूले अन्य जातिको सरह केही परिवर्तन ल्याउन नसकेको कारण यो जाति आर्थिक, सामाजिक, शैक्षिक तथा राजनैतिक जस्ता सम्पूर्ण क्षेत्रमा पछाडि पर्‍यो । परिणामस्वरुप आफ्नो भाषा, साहिथ्य, संस्कृति, भेषभूषा, रहन सहन, नाच गान, आदिलाई सदा झै अगाडि बढाउने स्रोत साधनको अभावबाट पिल्सीन थाल्यो । यति हुँदा हुदै पनि विकास भइसकको भाषा, साहित्य, संस्कृति आदि सभ्यता विकासको धरोहरहरूको संरक्षण क्रमिक रुपमा क्षयीकरणतिर गइरहेको छ ।

लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन र लोकप्रिय विद्या हो । यसको अस्तित्व संसार भरी नै रहेको छ । संसारका सबै भाषा, जात, जाति, क्षेत्र र स्थानमा लोककथाको अस्तित्व पाइन्छ । त्यसकारण लोकथा सुन्ने र सुनाउने प्रचलन मानव सभ्यताको प्राथमिक काल देखी नै विद्या एकदेशबाट अर्को देशमा पनि सर्न सक्दछ । आफ्नै देशको उत्पत्ति पनि हुन सक्दछ । जे होस लोककथा अत्यन्तै रोचक, उपयोगी र ज्ञानमूलक विधा हो ।

थारु समाजको लोककथाले आफ्नै जाति, संस्कृति धर्म आदिको ऐतिहासिक रेखाङ्कन र सीमाङ्कन गर्ने काम गरेको पाइन्छ । लोककथा सुन्न र भन्न खासै कुनै औपचारीक अवसर र स्थल आवश्यक पर्दैन । लोककथा बेलुका अँगेनाको वरीपरि आगो तप्दै वा खानपिनको पछाडिको बसाईसराईमा, मेलापात, गोडमेल, गर्दा भन्ने र सुन्ने गरिन्छ । केटाकेटीलाई भुलाउन सुताउन, फुल्याउन पनि रोचक -रोचक लोककथा बुढा पाखाले सुनाउने गर्दछन् । यस्ता लोककथाले लोकजीवन लाई बौद्धिक ज्ञान, मनोरञ्जन, दया, माया, धैर्य उत्साहा, सान्त्वना, बीरता, उपदेश, क्षणिक, आनन्द, मानसिक र शारीरिक फूर्ति समेत दिने गर्दछ । यसमा कल्पना र बौद्धिकताको समेत प्रयोग हुने हुँदा लोककथा सुन्नेले कान र मन दुवै चनाखो राख्नु पर्दछ । लोकगीतलाई सुनेर मात्र आनन्द लिन दिमाग खियाउनु पर्दछ । यसैले बौद्धिक ज्ञानका ढोकालाई ढक ढक पार्दछ र लोकबासीलाई चनाखो राख्दछ ।

थारु समाजमा पनि लोककथा सुन्ने, सुनाउने परम्परा बुढा पाकामा छँदैछ । यदाकदा युवा पुस्तामा पनि भेटिन्छ । यस्ता लोककथामा लोकजीवनका प्राचिन अवशेषहरू सुरक्षित रहने हुदा मानव शास्त्र समाजशास्त्र र इतिहासका अन्वेषक हरूलाई समेत यो एउटा संग्रहालय जस्तै अनुभव हुन्छ । लोक जीवनका यथार्थ एवं आर्थिक अभिव्यक्ति रहने हुदा यसले समाजमा मनोरञ्जन दिदै, मानिसक सन्तुष्टि प्रदान गर्दछन् । थारु समाजमा

प्रचलित लोककथाहरू विशेषगरी राजा महाराजामा देवीदेवतामा, राक्षसहरूमा कथा, वस्तु रहेको हुन्छ । घरपरिवारमा विभेदीकरण ल्याउने सौतेनी व्यवहार, कुटनी, बुढीको दोहोरो चरित्र, मानवेतरपात्र हात्ती, गाई, बाँदर, भालु, खरायो, स्याल, सुँगुर, बाख्रा, चराचुरुङ्गी, हरूमा मयूर, बकुल्ला, घस्रने जीव सर्प, किटहरूमा, गँगटो र मानवेतर पात्र/अतिप्रकृतिक कथाहरू यसभाषामा समावेशगरी कथा निर्माण गरेको पाइन्छ । अर्को पक्षमा समाजमा ठग्ने ढाँट्ने, प्रवृतिका मानिसहरू सँग सचेत हुनुपर्दछ भन्ने सन्देसमुलक कथाहरू रचिएको पाइन्छ । थारुजाति एउटा उत्पडित जनजती भएको हुँदा कमैया प्रथा, कमलरी प्रथा लाई झल्काउने प्रवृतिका कथाहरू जसबाट समाजमा भोग्नु परेका पीडा व्यथा हेला तिरस्कारजस्ता कमलरी प्रथामा भोग्नु परेको समस्या यस्ता किसिमका कथाहरू रचिइको पाइन्छ । यसैगरी थरु समाजमा नीति फरक कथाहरू पनि भेटिएका छन् । यस किसिमकाम कथाहरूको अध्ययन श्रवण पश्चात आफ्नो ज्ञान आफैमा सीमित गर्नु हुदैन । ज्ञान अरु लाई बाँडनु पर्दछ भन्ने सनदेस मूलक लोककथाहरू पाइन्छन् ।

लोकसाहित्य समाजको ऐना हो । यो ऐना हेरेर्पा समाजमा भएका र हुने गरेका राम्रा नराम्रा पक्षहरूको ज्ञान यसबाट प्रप्त गर्न सकिन्छ । लोककथा मौखिक वा श्रुति परम्परामा बाँच्दै आएको साहित्यिक सिर्जना हो । जीवन सँगै जातिय इतिहासका विविध पक्षलाई प्रतिविम्बित गर्नु लोककथाको विशेषता हो । थारु समाजमा प्रचलित लोककथाले थारु समाजको सामाजिक साँस्कृतिक, आर्थिक जस्ता विविध पक्षलाई आत्मसात गरेको पाइन्छ । थारुलोककथाले समाजमा भोग्नु परेको पीडा आर्थिक अभाव, युवायुवतीका प्रेम प्रसङ्ग, रोदन, हाँसो, हर्ष, उल्लास आदिले भरिएको मौखिक इतिहास नै लोकसाहित्य हो ।

## ३.७ बर्दिया जिल्लाको थारु लोकसाहित्य

नेपालको अन्य जिल्ला हरू जस्तै बर्दिया जिल्ला पनि बहुजाति, बहुसाँस्कृति र बहुभाषिक जिल्ला हो । यहाँ खासगरी थारु र मधेशी यहाँका आदिवासी हुन् । यस जिल्ला नेपाल र भारतको प्रमुख नाका भएको कारणले यहाँ पहाडी क्षेत्रबाट र व्यापारको क्रममा आएका विभिन्न जातजातिहरू यहाँ बसोबास गर्दछन् । यसैले यहाँ थारु अवधी र हिन्दी भाषाका साहित्य र संस्कृति छन भने अर्कोतिर नेपाली भाषा साहित्य र साँस्कृति प्रचलित रहेको देखिन्छ ।

लोकसाहित्यको बारेमा बिभिन्न विद्वनहरूले आ-आफ्नो विचारहरू प्रस्तुत गरेका हुन्छन् । हंसपुरे सुवेदीले र धर्मराज थापाले विचारहरू प्रस्तुत गरेका छन् । हंसपुरे सुवेदीले र धर्मराजथापा भनेकाछन् "लोकले सजिलै बुझ्लन र अनुभव गर्न सक्ने भाषा भावनामा निर्मीत मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक सहित्य नै लोक साहित्य हो ।[८]

अर्का विद्वान सत्यमोहन जोशीले भनेका छन् । "वास्तवमा लोक साहित्य यो साहित्य हो जसमा नेपालीहरूको विशुद्ध लोक संस्कृति छ, उन्नत कला छ, आफ्नै पनको शैली छ । अझ नेपाली लोकसाहित्यमा सत्यम शिवम सुन्दमको रुपमा नेपाली नित्य नेपाली संगीत र नेपाली कविता पनि छ । सबै नेपाली छन्द नेपाली लय, नेपाली ताल, नेपाली सुर र नेपाली भावमा ढालिएका छन् ।[९] कृष्णप्रसाद पराजुलीले लोकसाहित्यलाई यसरी चिनाउँदै भनेका छन् । "लोकसाहित्य लोकको साहित्य अर्थात लोकबाट आएको, लोकभावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो । यसमा लोकमानसका समस्त क्रिया प्रतिक्रियाहरू गुञ्जछन्न् । लोकको आत्म जीवनी बोल्छ । युगौदेखी चल्दै र विस्तारित हुँदै आएको लोकसाहित्यमा आफ्नो देश आफ्नो राष्ट्रियता प्रतिविम्बित भएको पाइन्छ ।"[१०] हिन्दी साहित्यका डा.धीरेन्द्र बर्माले भनेका छन् : "वास्तवमा लोक साहित्य त्यो मौखिक अभिव्यक्ति हो, जो भलै कुनै व्यक्तिले रचनामा गरेको हुन्छ तापनि त्यसलाई सर्वसाधरण जनसमुदायले आफ्नो ठान्दछन्" । [११]

लोकसाहित्य वासतवमा लिखित साहित्यको प्रेरणा र स्रोताको रुपमा रहेको हुन्छ । यो लोक जीवनको सुख दुःख हर्ष विस्मात जीवनमरण आदिको स्वच्छ अभिव्यत्तित हो । जुन लोक गीत, लोकनाटक, लोककथा, लोकगाथा, गाँउखाने कथा, उखान र टुक्काका रुपमा पुस्तौपुस्ता देखि एक पुस्तादेखि अर्को पुस्ता हुदै मौखिक परम्परामा नै जनसमुदायका विच बाँचीरहेको हुन्छ ।

---

८. धर्मराज थापा र हंसपुरे सुवेदी, ऐजन्, पृष्ठ -३ ।

९. सत्यमोहन जोशी, हाम्रो लोक संस्कृति, (काठमाडौं : रत्न पुस्तक भण्डार २०१४), पृष्ठ-१९ ।

१०. कृष्णप्रसाद पराजुली, (नेपाली लोकगीतको आलोक (काठमाडौं : विणा प्रकाशन प्रा.लि. २०५७), पृष्ठ-२९ ।

११. धीरेन्द्र वर्मा, लोकसाहित्य पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध (काठमाडौं : वाङ्मय प्रकाशन गृह), पृष्ठ-४ ।

नेपालमा बसोबास गर्ने अरु जातिहरू ज्स्तै थारु जातिको पनि आफ्नै भाषा साहित्य रहेको छ । बहुसंख्यक थारु जातिको बसोबास रहेको बर्दिया जिल्ला थारुलोकसाहित्यको द्रृष्टिले निकै सम्पन्न रहेको छ । यहँ बसोबास गर्ने थारु जातिहरूमा विभिन्न सँस्काँर कर्म तथा लोककथाहरू सुनाएर रमाइलो गर्ने प्रचलन रहेको पाइन्छ । फुर्सतको समयमा गर्मी मौसम वा जाडोको बेला आगो ताप्दा अथवा चौतारीमा बस्दा गोडमेल गर्दा, मेलापात गर्दा, बुढापाका, तन्नेरी तथा बालबालिकाहरू आँगनमा बसी कथा सुनाउने र गाँउखाने कथा हालेर मनोरञ्जन लिने गरेको पाइन्छ । विभिन्न मौसममा अनेक प्रकारका लोक गीत साँस्कृति र मानवीय सुख, दुःख, हर्ष, आँसु, हाँसो, पिडा, आदिको अनुभुतिहरूले भावुक बनाउँदा मानिसहरूको अर्न्तमनबाट निस्केको अभिव्यक्तिहरूबाट मन बहलाउने गर्दछन् ।

लोकसाहित्यमा कुनै पनि देश, जातिको इतिहास, राजनीति, संस्कृति, दर्शन, तथा नैतिकताका पक्षहरू समेटिएका हुन्छन् । विभिन्न जातिहरूको लोक साहित्य झै बर्दिया जिल्ला लोक साहित्यलाई पनि विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

## ३.८ थारु लोक साहित्यका विधाहरू

बर्दिया जिल्लामा प्रचलित लोकसाहित्यमध्ये सबैभन्दा पुरानो लोकसाहित्य कुन हो भनी किटान गर्न सकिएको छैन । यसै जिल्लाको थारु लोकजीवनमा प्रचलित लोक साहित्यका विभिन्न विधाहरूको संक्षिप्त विवाण यस प्रकार गरिएको छ । ती यी हुन् । जस्तै :

| | |
|---|---|
| क -लोकगीत | ख -लोककाव्य |
| ग -लोकगाथा | घ -लोककथा |
| ङ -लोकनाटक | च -गाँउखाने कथा |
| छ -उखान | ज -टुक्का |

(क) लोकगीत :

लोकगीत भन्नाले साधारण मानिसहरूले गाउने वा मौखीक रुपमा प्रचलित गीत लाई भनिन्छ ।लोकसाहित्यको प्रमुख एवम लोकप्रिय विधाको रुपमा लोकगीतलाई लिन सकिन्छ । मानिसका दुःख सुख हर्ष, विस्मात, पीर, व्यथा आदिको लयात्मकगीत अभिव्यक्ति लोकगीतलाई लिन सकिन्छ । मानिसका दुःख सुख भोग्दै रमाएका असंख्य जनताका हृदयमा कलकलाउने र सुरिला कण्ठमा सलबलाउने अविच्छिन्न तथा सहज गीति प्रवाहा नै हो । [१२]

१२. गोविन्दप्रसाद आचार्य, राप्ती लोकसाहित्य (काठमाडौं : पैरवी प्रकाशन, २०६३), पृष्ठ १२१-१२२ ।

नेपाली लोकगीतका क्षेत्रमा प्रचलित सँस्कार गीत पर्व गीत ॠतुगीत, कर्मगीत, आदि लोकगीत जस्तै बर्दिया जिल्लाका थारु जातिका यस्ता गीतहरू प्रचलित छन् । जसमध्ये मगरगीत, सजनागीत, बनगीत, फागगीत, मैनागीत, धमार गीत, अष्टिमकी गीत, हुरदङ्ग्वा गीत आदि चर्चित छन् ।

(ख) लोककथा :

लोकले प्राचीनकालदेखि आर्जन गर्दै आएको ज्ञान, अनुभव र जीवनजगतबाट प्रभावित चेतना आख्यानीकृति भई व्यक्त हुन्छ । अनेक घटनाहरूको संयोजन गरिएको हुँदा यसलाई अनेक खण्डमा तथा अख्यानहरूमा विभक्त गरेर हेर्न सकिन्छ । 'लोककाव्य'उत्कृष्ट गेय तत्व र बृहत आख्यानिकरण रहेको विधा हो ।

यसै जिल्लाका थारु समाजमा बृहत आख्यान युक्त गेय सामाग्रीहरूको प्रचलन पनि छ । हाल उपलब्ध यस्ता सामाग्रीहरूमा थारु जातिमा प्रचलित 'बर्किमार' (महाकाव्य) (महाभारतमा आधारित) फुलबार (शिवपुराणमा आधारित) लोककाव्य मुख्य हुन । थारु समुदायमा बर्किमार धानखेतीको समयमा धानको बिउ काढ्दा गाउने परम्परा छ । बर्दिया जिल्लाका थारुहरू चार्डपर्वको अवसरमा वा खेतीपातीको समयमा लोककाव्य गाँउदै मनोरञ्जन गर्ने प्रचलन रहेको छ ।[१३]

(ग) लोकगाथा :

कथालाई गीत संगीत एवम नृत्यका आधारमा प्रकट गरिने अभिव्यक्ति नै लोकगाथा हो । लोकगाथा मौखिक परम्परामा जीवित रहेको हुन्छ । लोकगाथा भनेको समाजको एक किसिमको काव्यात्मक इतिहास हो । लोकगाथाको आकार लामो भएको हुनाले कण्ठाग्र गर्न गाह्रो हुन्छ । समय-समयका ठूला घटना, लोकप्रिय शासकहरूका लोककल्याणकारी कार्यको चिनारी, देशभक्ति, राष्ट्रियता र बीरताका कथाहरू थाहा पाउन लोकगाथाले निकै राम्रो सहयोग पुऱ्याउँछन् ।[१४] थारु जातिमा प्रचलित गीतहरूमध्ये धरैलाई गाथाको कोटीमा राख्न सकिन्छ । थारुलोकजीवनका यस्ता गीतहरूमा कुनै न कुनै आख्यान लुकेको हुन्छ । थारुलोकसाहित्यभित्र पाइने गाथाहरूलाई निम्ननुसार वर्गीकरण गर्न सकिन्छ ।

अ-महाभारतमा आधारित गाथा ।

आ-रामायणमा आधारित गाथा ।

---

१३. गोविन्दप्रसाद आचार्य, पूर्ववत्, पृष्ठ १२८ ।

१४. ऐजन्, पृष्ठ १२९ ।

इ. पुराणमा आधारित गाथा ।          ई. लोकिक र अलौकिकमा आधारित गाथा ।

लौकिक विषयमा आधारित गाथाहरू भित्र पनि लोकदर्शन र लोकजीवनमा आधारित विषयवस्तु पाइन्छ । थारुजातिमा प्रचलित महिरावण, शिव फूलवार, सुन्दरी विलाप, सीताहरण, मधो सुन्दरी जस्ता गाथा रहेका छन् यी गाथामध्ये गुरुवावक जन्मौती महत्वपूर्ण गाथा हो ।

(घ) लोककथा :

लोककथा कामकाजबाट फुर्सद पाइपछि साँझको बेलामा आँगन, पिंढि आदिमा बसेर बसी बियाँलो गर्ने बेला कथा सुन्ने चलन लोकजीवनमा रहेको छ । लोकसाहित्यमा लोककथाको छुट्टैमहत्व रहेको छ । प्राचीनकालदेखि मौखिक रुपमा भन्दै, सुन्दै र सुनाउँदै आएको मनोरञ्जन तथा शिक्षा दिने खालको कथा रहेको हुन्छ । सम्पूर्ण भाषा भाषीकाहरूमा आ-आफ्नो संस्कृति अनुसार रचना भएका लोककथाहरू प्रचलित छन् । थारु जातिमा लोककथालाई 'खिस्सा' भन्दछन् ।[१५]

कतै-कतै बत्कोही भन्ने चलन छ । थारु जातिमा लोककथा सुनाउने बेलामा "एकादेश-देखी शुरु गरेर टुङ्ग्याउने क्रममा"हँसिया लेवो कि बेँट" खिस्सा खतम पैसाहजम"भन्ने प्रचलन रहेको छ । थरुलोककथामा मामा मैने, नमहा,  गिदरा, सुनकेसरी रानी। सन्तानसिंह राजा,  हितवा आदि कथाहरू प्रसिद्धछन् ।

(ङ) लोकनाटकः

लोकनाटकमा लोकको अभिनयमूलक अभिवक्ति हो । लोकनाटकले आफ्ना अनुभुती, अभिनयद्वारा अभिव्यक्त गर्दछन । लोकनाटकमा पात्र, संवाद, आख्यान आदी अनिवार्य तत्वको रुपमा रहेको हुन्छ, भने नृत्य, गीत र पहिरन आदि सहायक तत्वका रुपमा आउने गर्दछन् । थारु जातिमा विषयगरी रामायण महाभारत र गैया बेहना जस्ता लोकनाटकहरू रहेका छन् लोकनाटक लोक अभिव्यक्तिका क्रममा लोकगीत नृत्य र संगीत लोकनाटकमा कथा पुराणको प्रभाव त छँदैछ यसलाई तान्त्रिक परम्पराले पनि पैभाव पारेको छ ।[१६]

(च) गाँउखाने कथा :

गाँउखाने कथा नेपालीभाषामा मात्र नभएर नेपालका सबैजसो भाषाका लोकप्रिय विधा हो । प्राचीन कालदेखि नै सुख दुःखका बेलामा मनोरञ्जन व्यक्त गर्ने साधनको रुपमा प्रयोग हुँदै आएको पाइन्छ ।

---

१५. गोविन्दप्रसाद आचार्य, पूर्ववत्, पृष्ठ १२९ ।

१६. कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृष्ठ ४९ ।

प्रत्येक भाषामा गाँउखाने कथाको नाम फरक-फरक रहेको छ । थारुभाषामा यसलाई ‘न्याम्नो’ भनेको पाइन्छ । भारतका तथा नेपालका अवधि भाषीका समुदायमा ‘बुझौवल’भन्ने चलन छ ।[१७] थारुभाषामा गाँउखाने कथालाई कसैले ‘कथा’भन्ने प्रचलन रहेको छ । बर्दिया जिल्लाका थारु जातिमा प्रचलित गाँउखाने कथा वा काथाका नमूना यसप्रकार रहेको छ । जस्तै :

- आगे-आगेथाई थाई पाछे डण्डा हिलाई ?- (कुकुर )
- बनवामें लोटा के टाँगे ? -बेल ।
- एक एक चिरैयाँ चत ओकर दुई पत्। ओकर माँस मजेदार, ओकर गोरा हिरालाल, ओकर टुल्लुर गन्ध्याय जाने का हो ? - उखु ।

६. उखान :

लोकअनुभवका कथन नै उखान हुन । उखान संसारका सबै जसो भाषामा पाइन्छन् । उखान कसिलो छरितो रुपमा आउने उद्गार हो । उखान भाषाको थालनी संगसंगै निर्माण हुने गर्दछ । यसमा अविधा, लक्षणा र व्यञ्जना अर्थ दिने गर्दछ । यसलाई अंग्रेजीमा ‘प्रोभर्व’ नेपालीमा ‘लोकोक्ति’ ‘आहान’ र पश्चिमतिर ‘आन’ भन्ने गरिन्छ । उखान कसिलो र छरितो रुपमा आउने उद्गार वा गद्यकथन हो । नेपाली उखान नेपाली भाषाको थालनी सँगसँगै निर्माण हुन थालेको अनुमान गर्न सकिन्छ ।[१८]

बर्दिया जिल्लाका थारु जातिमा उखानलाई ‘कहकुट’वा कआवत, भनिन्छ । थारु जातिका आफ्नै उखानहरू रहेका छन् भने केही नेपाली भाषाका उखानहरू पनि थारु भाषामा प्रचलनमा रहेको पाइन्छ । थारु भाषाका उखानका नमूना यसप्रकार छन् । जस्तै :-

- नाचक ढङ्ग नै महटान अँगना टेढ़ ।
- मुह्रेम रामराम बगलीम छुरा ।
- अन्धा से घाट करे घरगल पठाई जाए ।
- ना राम नरहिम ।

---

१७. कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृष्ठ ४९।

१८. ऐजन् ।

(ज) टुक्का :

टुक्का लोकसाहित्य मा पाइने सबै भन्दा धेरै भएको संरचना हो । टुक्का लोकसाहित्यमा आउने प्रयोग हुने सबै भन्दा सङ्क्षिप्त रचना भएको विद्या हो । अंग्रेजीमा टुक्कालाई इडियम' भनिन्छ । अरवी भाषामा 'मुहावडा' भन्ने गरेको पाइन्छ । संस्कृतमा टुक्कालाई कुनै एउटा निश्चित शव्द नभएपनि "वाग्रीति "रमणीय प्रयोगका रुपमा टुक्कालाई चिनाउने गरेको पाइन्छ ।[१९]

टुक्का सवैजसो प्रचलित हुन्छ । त्यसैगरी बर्दिया जिल्लामा थारु भाषामा पनि टुक्का प्रयोग गरिन्छ । थारु भाषामा उखान र टुक्का दुवैलाई'कहकुट' भन्ने गरिन्छ । टुक्कालाई लोकोक्ति वा उखान कै कोटीमा राखेको पाइन्छ । बर्दिया जिल्लाका थारु भाषामा प्रचलित टुक्का यसप्रकार रहेको पाइन्छ ।

जस्तै : -

- नाक कटैना (इजजत फाल्नु )।
- आँखीमे धुर डरना ( आँखामा धुलो हाल्नु )।
- डगर लगना (बाटो लाग्नु /तताउनु ) ।
- जैसिन मनैया वस्टह करना ( जस्तो लाई त्यस्तै) ।

१९. गोविन्द आचार्य, पूर्ववत, पृष्ठ १८४ ।

# परिच्छेद : चार

# थारु भाषाको लोककथाहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण

## ४.१ बर्दिया जिल्लाको थारु लोककथाको पृष्ठभूमि र परम्परा

नेपालको चौध अञ्चल, पचहत्तर जिल्ला र पाँचविकास क्षेत्रमध्ये मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने भेरी अञ्चल जिल्ला बर्दिया हो । बर्दिया जिल्ला प्राकृतिक, धार्मिक, पर्यटकीय र जातीय विविधताले भरिएको जिल्ला हो । अन्य जिल्लाहरूझै बर्दिया जिल्ला पनि लोक साहित्यको दृष्टिले निकै सम्पन्न छ । जातियविविधता अनुसार प्रत्येक जातिमा आफ्नै लोकसाहित्यको विशिष्ट स्थान रहेको छ ।

बर्दिया जिल्लामा बहुसंख्यक थारु जातिको बसोबास रहेको पाइन्छ । यो क्षेत्र थारु लोक साहित्यका दृष्टिले निकै सम्पन्न रहेको छ । थारु जातिका पुर्खाहरू आफ्नो ऐतिहासिक गरिमालाई गीतिसाहित्य/लोककथाका माधयमबाट धेरै अगाडि राखेको पाइन्छ । प्राचीनकाल देखि नै थारु जातिका पुर्खाहरूले साहित्य लेख्ने रुपरचेता पनि कथ्य स्तरमा थारु गीतिसाहित्य/लोकथाको धेरै ठुलो भण्डार रहेको छ । जुन अहिले केवल मौखिक रुपमामात्र र यदाकदा पुस्तकका रुपमा मात्र जिवित छन् । थारु भाषामा साहित्य सृजनाको शुरुआत धेरै पहिलेदेखि नै भएता पनि अप्रकाशित हस्तलिखित पाण्डुलिपि हुनाले थारु भाषाको साहित्य पछाडि परेको देखिन्छ ।

थारु भाषाको लेख्यपरम्परा धेरै पछि मात्र शुरु भएको हो । वि.स. २००९ सालमा लिखित “बढक्क जार्नी” कृतिलाई प्रथम प्रकाशित कृति मानिन्छ, तर यो कृति अप्राप्त छ यसैक्रममा हाल सम्म उपलब्ध भएका थारु भाषामा लेखिएको प्रथम सृजनात्मक कृति वि.स. २०११ सालमा जीवराज आचार्य द्वारा लिखित कृति ‘हम्र ओ हमार बन्वा ’नामक किताब हो । त्यसपछि २०१५ सालमा “बउवा और बहौरिया ” प्रकाशन भयो । वि.सं. १६४४ सालमा “गुरुबाबाको जन्मौती” किसान महतोद्वारा लेखिएको थाहा हुन्छ । थारु कल्याणकारी जिल्ला समिति दाङ देउखुरीबाट २०२४ सालमा “सखीया गीत” प्रकाशन भयो । हालसम्म प्रकाशित थारु लोकगीत/लोककथाको पहिलो सङ्कलनका रुपमा यस गीतलाई लिन सकिन्छ । यससगै २०२५ सालमा प्रफुल्लमानिसंह मौनको “थारु लोकगीत संग्रह” प्रकाशन भयो । यसैगरी महेश चौधरी द्वारा “बर्कीमार”महाभारतसँग सम्बन्धित थारु

लोकगीत (२०२९) गुरुबाबाकी जन्मौती र 'मागर'थारुलोकगीत सङ्कलन (२०५५) र (२०५६) सालमा 'बर्कीमार' परिमार्जित संस्करण प्रकाशन भएका छन् ।

थारु भाषाका पत्रिकाहरूको पनि थारु लोकसाहित्यको उत्थानमा महत्वपूर्ण भूमिका रहेको छ । २०२८ सालमा प्रकाशित "गोचाली"थारु भषाको प्रथम पत्रिका हो । 'गोचली' पत्रिकाको प्रकाशनसँगै थारु भाषामा साहित्यिक लेखरचनाहरू लेखन तथा सम्पादनको ठोस शुरुवात भएको पाइन्छ ।[1]

'गोचाली' पत्रिका र हमार कहनाई नामक पर्चाले थारु भाषासाहित्यको उत्थानमा महत्वपूर्ण भुमिका खेलेको पाइन्छ । 'गोचाली' पत्रिका वि.स.२०५० सालसम्म प्रकाशन भई बन्द हुन पुगेको छ ।

वि.स. २०३३ सालमा थारु कल्याणकारिणी समितिले काठमाडौँ "थारु संस्कृति" नामक पत्रिका प्रकाशन गर्‍यो । 'गोचली' पत्रिकाले विशेषगरी मध्य पश्चिमतिरका थारु साहित्यलाई जोड दिएको र "थारु संस्कृति" पत्रिकाले पूर्व देखी पश्चिमसम्मका थारु भाषाका लेख, रचनाहरू प्रकाशन गरेको हुनाले भाषिक विविधतालाई समेट्नमा महत्वपूर्ण योगदान पुर्‍याएको पाइन्छ ।

वि.स. २०४४ सालमा थारु विद्यार्थी परिवार महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जबाट "टेस" नामक पत्रिका देखा पर्‍यो । २०४६ सालमा थारु यूवा परिवार काठमाडौँबाट "विहान" नामक पत्रिका प्रकाशन हुन थाल्यो । हालसम्म प्रकाशन थारु भाषाका पत्रिका मध्ये 'बिहान' छोटो अवधिमा धेरै चर्चित भएको पाइन्छ । अन्य पत्रिका भन्दा स्तरीयताको दृष्टिले अग्रपङ्तिमा रहेको छ । 'विहान' पत्रिकामा थारुलोक साहित्य सम्बन्धी विभिन्न लेख रचनाहरू, मिश्रितरुपमा प्रकाशित गर्दै २०५७ सालमा थारुलोक गीत "सजना" विशेषङ्क २०५८ सालमा कृष्णजन्माष्टमी सम्बन्धी सम्बन्धित गीत "अष्टिम्की विशेषाङ्क र २०६० सालमा थारु लोककथा सम्बन्धी बट्कोही विशेषाङ्क प्रकाशन भई सकेकाछन् ।[2]

वि.स. २०२८ सालमा प्रकाशित 'गोचाली' पत्रिकासँगसँगै शुरुआत थारु भाषाका पत्रिकाहरू २००६७ सम्म आइपुग्दा पूर्वमेची देखि पश्चिम महाकाली सम्मका विभिन्न क्षेत्रबाट अनेक पत्रपत्रिकाहरू प्रकाशनमा आएको देखिन्छ । थारु भाषाका लोकसाहित्यका

---

१. कृष्णराज चौधरी, थारुभाषाको पत्रपत्रिका एक चर्चा, थारु संस्कृति (वर्ष २२, अंक १३, २०५५) पृष्ठ ७-१०

२. ऐजन् ।

सामाग्रीहरू सङ्कलन र प्रकाशन गर्ने कम संगसगै पूर्वमेची देखि पश्चिमसम्मका थारु बुद्धिजीवीहरूबाट थारु जाति तथा भाषा साहित्य सम्बन्धी विभिन्न कृतिहरू प्रकाशन हुन थालेको पाइन्छ । त्यस्ता रचनाहरूमा थारु जाति तथा थारु भाषासाहित्य तथा संस्कृति सम्बन्धी महत्वपूर्ण कृतिहरूमा दाङ् देउखुरीका लेख नाथ चौधरीद्वारा सङ्कलित 'देउखुरीया रतनचुवा ओ दिननचुवा गीत' (२०६१) गोपाल दहितको "थारु संस्कृतिको संक्षिप्त परिचय" (२०६३) अशोक थारुको लोकसाहित्य इतिहास, कला र दर्शन, (२०६३) जस्ता महत्वपूर्णकृतिहरू प्रकाशनमा आएका छन् । यसैगरी थारुभाषाका युवा साहित्यकार कृष्णराज चौधरी"सर्वहारी" द्वारा "फुटलकरम" र "दोसर घर जाइवेर" उपन्यास प्रकाशन भएका छन् । "सर्वहारी" को लोककथाहरूमा सत्तलसिंहको कथा, तुलारामको चर्तिकला, हलोजोत्ने माछा, अनारकलीको अन्तरकथा थारुभाषामा र नेपाली भाषामा सचित्र प्रकाशन २००६६ मा प्रकाशित भएकाछन् । वि.स.२०६७ मा सर्वहारी कै "थारुलोककथा" भाग एक(१) प्रकाशितगरी थारुभाषा साहित्यलाई उचाईमा पुऱ्याएका छन् । २०६६मा सुर्यबहादुर चौधरीले हमार ( बट्कोही) साहित्यकार गोपाल दहित र अशोक थारुले थारु नेपाली अंग्रेजी शब्दकोष सम्पादक गोपाल दहित प्रकाशक : श्री सामुहिक युवा क्लव (युनिक), नयाँगाउँ, बर्दियाबाट पहिलो प्रकाशन २०५४ र पहिलो संस्करण २०६१ सालमा प्रकाशन भएको पाइन्छ ।

अशोक थारुको सम्पादनमा २०५७ सालमा "गुरुबाबा" नामक थारु, नेपाली, अंग्रेजीशब्दकोष "व्याकवार्ड सोसाइटी एजुकेशन तुल्सीपुर दाङ बाट प्रकाशन भएको छ । यसैगरी पछिल्ला केहि समयदेखि पुस्तक, पत्रपत्रिका, शब्दकोशको माध्यमबाट थारु भाष साहित्य मौलाउने अबसरपायो । यसका साथै फिल्म, गीति क्यासेट, रेडियो, एफ.एम का कार्यक्रमले थारु भाषा साहित्यको युवा क्लव, बर्दियाद्धारा २०५४ सालमा थारु भाषाकोगीत क्यासेट "ओजरार डगर" भाग- १, २ तथा 'भुवर बिहान'तयार भएको पाइन्छ । २०४७ सालको प्रजातन्त्रपश्चात २०५१ भदौ १ गतेबाट थारु भाषामा समाचार प्रसारण भएको पाइन्छ । त्यसपछि रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र सुर्खेतबाट 'हमार पहुरा' नामक कार्यक्रम पनि प्रसारण हुदै आएको छ ।[३]

---

३. कृष्णराज चौधरी, पूर्ववत पृष्ठ ७- १० ।

वि.स. २०१० को दशक देखि थारु भाषाको लेखन कार्य शुरुवात भएको थियो भने ६० को दशकमा आईपुग्दा थारु भाषा र साहित्यले धेरै फड्को मारेको देखिन्छ । बँधवा थारुको बढक्क जोर्नी (२००९) बाट थारु भाषाको लेखन सामग्री प्राप्त भए पनि यो रचना अप्राप्त भएकोले जीवराज आचार्यको "हम्र ओ हमार बन्बा"(२०११) नै हालसम्म प्राप्त थारु भाषामा लेखिएको प्रथम प्रकाशित रचना हो । हाल आएर महत्वपूर्ण मौलिक रचनाहरूको सिर्जना हुदै आएको छ । आजभोलि थारु भाषा साहित्यका विभिन्न रचनाहरू प्रकाशन भइरहेका छन् ।

वि.स. २०५० को दशकपछि थारु भाषा साहित्यले धेरै उन्नति गरेको पाइन्छ । थारु भाषा साहित्यमा गिति क्यासेट, फिल्म, समाचार रेडियो, एफ.एमका कार्यक्रमका साथसाथै प्राथमिक निर्माणसम्म थारु भाषाको पहुँच भएको पाइन्छ । थारु भाषा साहित्य लाई माथी उठाउनमा "गोचाली" थारु संस्कृति तथा 'विहान' जस्ता पत्रिका को महत्वपूर्ण योगदान रहेको पाइन्छ ।

## ४.१ थारु भाषाको लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण

### ४.१.१ थारु भाषामा सङ्कलित नमूना कथाहरू

१. सत्तलसिंहको कथा (खिस्सा)

एकठो देशमन् एक रजवा रहे । उ अपन रानी, पुतवा सत्तलसिंह से सुखी साथ जिन्गी जिति रहे । एक दिन रानीक नजर दरवार ठनिक रुखवापर रहल गेरगुँययनके कोक्टापर परल । उ रोज दिन गेरगुँययनके काम काज हेरे लागल । कुछ दिन पाछे गेरगुंइया मरगिल ओ गेरगुँइया लावा गेरगुँइया नानल । लौली गेरगुँइया कुछ दिन तो पुरन्की गेरगुँइयाक बच्चन बढ्यिासे सेहरल सुसारल । मने पाछे रिसियाके विषहा काँटक वीया नान्के खवा देहल । उहेमारे सव बच्चा मरगिनै । इहेबात रानी केहन बहुत दुःखी बनाइल । मै मरलेसे रजवा दोसर सबतिया नन्ही तो अस्तेके राजकुमार सत्तलसिंह बहुत दुःख पाइ कहना बात रानी केहेन बहुत दुःखी बनाइल रजवा रानीक चिन्तक कारणका हो कैहकै जाने चाहल । उ गेरगुँययाके खिस्सा बटैती अगर मै मरलेसे मोर पुतवा फिर दुःख पाई । इहे चिन्ता खुब लागल बा कहल । रजवा ऐसिन अशुभ न कहो ओ कालगतिसे ओइसुन हुइलेसे फिर दोसर रानी नाई नानम कैहके तिरबाचा खाइल ।

चिन्तै चिन्तासे रानी बेमार होगिल । उहे चिन्ता मन रानी हाली मरगिल, मने रजवा अपन बाचा पूरा नाईकरल । दादा भेवनके दबाबमन उ दोसर रानी भोज करल । लौली रानी पहिले पहिले राजकुमार सत्तलसिंह केहेन खुब माया करल मने पाछे पाछे रानीक मन राजकुमार से मिच्छाए लागल । १३/१४ बरसके राजकुमार संघरियन सँगे खेल्ना खुब मन पराय । रानी केहेन उ बात नाई मन परै । एक दिन रानी गेन्डनुकवा देहल । राजकुमार अपन संघरियन गेन्ड माङगेक पठाइल । मने रानी नाइ देहल रराजकुमार अपनही गेन्ड लैके आइल । रानी केनेह उ काम नाईमजा लागल । घरमन मञ्जोर्वा पालल रहै । मञ्जोर्वक नहुँसे अपन सारा जिउ बकुट्वाइल । सम्भ्कक रजवा दरवार आइल तो राजकुमार महिन चोठवकोटके पिटल कैहके चुग्ली खाइल

रजवा रिसके मारे आगी हुईगिल । राजकुमार से विना पुछले, बातचितकैले उहिन १२ वर्षके तन देशमनसे ( वनबास) कैलेक सूचना दरवज्जामन चप्टैनै । दरवारमन अइतिखुन दरबज्जामन ओइसिन सूचना देख्के राजकुमार बहुत दुःखी हुइल । राजकुमार रोइटी अपन मन परल भौरानन्द हँथियक ठन गइल । ओ अपन दुःख कहेलागल -आज मोर दाई नाई हो । सवतिया दाईक बात सुनके बाबा महिन बाबास पठाइला ए भौरानन्द हाँथी हमरे जियप तो तोर ओ मोर भेट १२ वर्ष पाछे हुई । ले मै जाइटुँ । हँथिाया फिर मालिक्वक वनबासके कारण रोए लागल ।राजकुमार केहेन बनबास पठैलेक खबर जब नोकर संघरियनके पनै तो सँगे अपनहु जैना कैहके जिद्धी करे लग्नै । राजकुमार भित्तरे भित्तरे खुशी होगिल । मोर दाईबप्पा भरसे निकरनै तो का हुइल । संघरियन तो साथ देहटी बाटै । ओकर तिन मिल्ना संघरियन कायस्थ, लोहार ओ बड्ही चार जाने मिल्के अञ्जान डगरमन चल देहनै डगरामन पर्ना समस्या कैसुके कट्ना तर्ना कैहके सत्तलसिंह अपन संघरियन अपन करे सेक्ना काम बताओ कहिके कहल । लोहरव सरल गलल हड्डी जोर सेक्ना बताइल । कायस्थ मरल देहमन प्राण दारे सेक्ना कताइल। ब्ड्ही उर्ना खटौली बनाए सेक्ना बताइल । सत्तलसिंह दुर बोली केल सुन्के शब्दवाण चलाके सिकार करे सेक्ना अपनमन गुण रहल बताइल । हिरल सन्तापल चारु वनबासी जङ्गलमन बास बैठ्नै कोनो संकट नआए कैहके ओसरिक पाला पहरा देहनासल्लाहा कैनै । भिन्सहरा पहरा देहना पाला परल सत्तलसिंह अपने बैठ्नै । सत्तलसिंह अपन और बर्वार जनावरके पौलिक चाल सुनल । उ दिलबही नाई कैके शब्द बाण चलादेहल । बर्वार बोलीमन चिल्लैटी गिरल आबाज सुन्के उहिन अपन

भौरानन्द हाँथिक याद आइल । दौरती गइल तो भौरनन्द हँथिया जो रहे । उ अपन संघरिया हँथियाक करणसे चिन्तामन रोइटी ओके पर निंदागिल ।

सक्कारे उठनै तो तिनु संघरियै सत्तलसिंह केहेन नाई देख्नै । आगे चलगिलै कि का कैहके उके ओठ्नासे नेङग देहनै । आगे फिर नाई भेटैनै तो एक जगा खाना बनाके खइनै । तिन भाग बठ्हा पटरी ठन एक भाग कोरे भात रख्कै उके कहनै -"हे भात अगर सट्के भात हुइबे तो सत्तलसिंह आइत तक बफ्फैटि रहिस नाई तो असके सरापम कि भसम हुई जिबे" हालहाल दौरती आइल राजकुमार डठ्हा ट्परीक भात ओ अपन बट्हा बफ्फैटी देख्के संघरियै अब हिके भर्खर गईने,  कैहके हालमन ओठ्नासे चलदेहल एक ठाँउमन दुईठो डगर आइल । एकठो सफा डगरीयाइल डगर दोसर सँकिर नाई ढुरियाइल । डगरमन फूला डरल रहे । सत्तल सिंह मनेमन कहल -लौ हेरो तो मै डगरा भुलाजाँउँ कैहके संघरियै ढुरियाइल डगरामन काँटा रखखल रेहे मने साँकिर नाई ढुरियाइल डगरामन फूला ढरल रहे । सत्तल सिंह मनेमन कहल - ले ओ हेरोतो मै डगरा भुलाजाँउँ कैहके संघरियै ढुरियाइल डगरामन काँटा रख देहनै । उ काँटा तारके उहे डगरामन चलदेहल । ढुरियाइल दगर तो रक्षसवक घरमन जैना डगर ठहरल । रात परगिल रेहे । उहेमारे सत्तलसिंह चमक झमक करना महलमा बैठ्ना कैहके पेलल । राक्षसवक बिटिया उहिन देख्के अचम्म मानल । मनै उ डगरामन नाई नेङगलेक बर्षे बरष हुइल रेहे । उ कहल-"ए मनैया,  तै अपन डगरमन जा, नाइ तो मोर बाबक आहारा बनजिबे" रक्षसवा आइलेक पौलिक आवाज सुनाई परल । रक्षसवाक बिटिया हालहाल सत्तलसिंह केहेन "चिलरा" बनाके अपनमुरीम नुकालेहल र रक्षसवा रोज दिन अहराके खोजीमन घरसे बाहेर जाए । राक्षसवक बिटिया दिनभर सत्तलसिंह केहेन मनैयक रुपमन ओ रातके चिलरा बनाके रखै । दुनुहन के माया प्रेम बटही गइल । एकदिन सत्तलसिंह पुछ्ल"तुहार बाबक जिउ कहाँ बा ? पुछ्यो ना । "उ बताइल -महलवक भित्तर एकठो कुवा बा कुँवक भित्तर जैना सिरहिक बिच्चेमन पुग्लेसे दूइठो परेवा उरही । दुनु परेवा मरबो तो मोर बाबा मरजहि । " सत्तलसिंह ओस्टही कैके रक्षसवा केहेन मारल ।

सत्तलसिंह रक्षसवक बिटियासे भोज कैल । रक्षसवक बिटिया हुइलेसे फिन उ मनैनक सन्तान रेहे । ओकर बाबा डाई केहेन मारके रक्षसवा उहीन बिटिया बनाके पल्ले रेहे । रक्षसवक डेरसे देश छोरके भागल जनता फिर अइनै रक्षसवक बिटियक सोनेक झुल्ला रेहे । एक दिन लहाइट बखत सोनेक झुल्लाउख्खरके पानीमन पुगगिल । देसपदेशके 'भोदु' नामके

रजवा लहाइटरवुन राजकुमारीके सोनेक भुल्ला पाइल । अट्ना मजा सोनेक भुल्ला हुइल केहेन भोज करक पैलेसे कत्रा बह्रिया हूयट कैहके सोचल । सोनेक भुल्ला हुइटा कन्या केहेन कोई खोजके नन्लेसे धेर इनाम देहना डुग्गी पिटाइल ।

एकठो कुट्नी बुह्रिया मै खोजके नानेसेकम कैहके दरवारमन गइल । लाउ चह्रके लडियै लडिया कुटनी बुह्रिया सत्तलसंहके दरवारमन पुगल । उ राजकुमारी केहेन नतिनिउक नात लगाके " नतिया कति ? ( कैहके पुछ्ल । राजकुमारी बुह्रिया केहेल नाई चिनहलक कैहके कहल तो "तोर लैहरके मनै हुँ । (कैहके परिचय देहल) लैहरके मनै हुइलेसे थरुवा मनै रिसियैठै । उहेमारे मै नूक्के बैठम (कैहके उ दोसर कोठामन कैवार लगाके गफ करे बाहर निकै । कुटनी बुह्रिया राजकुमारीसे खुबहिलमिल हुइति गैल रेहे । एक दिन उ राजकुमारीसे सत्तलसिंहके मरणके बारेमन पुछेक कहल ।"मोरसँगे नानल तरवार केहेन आगीमन डर्लेसे तरवार टाटुल होके लाल हुइलेसे मोर मरण हुई"कैकेह सत्तलसिंह राजकुमारी केहेन बताइल । बुह्रिया एकरात खुब जार लागलबा कैहके बहाना बनाइ ओ कोठामन आगी बारेक लगाइल । उहेरात तरवार आगीमन रख्देहल । तरवार लाल होके सत्तलसिंह के मरण होगिल ।

कुट्नी बुह्रिया" थरुवक दुःखमन कत्रक डुबल रहबो । चलो लडियक किनारे ओर नेगो कैहके राजकुमारी केहेन लैके गइल । वहाँ पहिलही लाउ तयार कैके धरले रहे । एकघरी लाउ पर सयरकरी" कैहके कहल ओ सोझै भोंदु रजवक देशमन  लडियै लडियक डगरसे पुगा देहल । भोदु रजवा राजकुमारी के हेन भोजके तन दबौरी डेहे लागल यी सब कुट्नी बुह्रियक चाल हो कैहके राजकुमारी केहेन बुझ्ना बेर नाइ लागल । राजकुमारीके मरनी करनीके ४५ दिन छुटिहा हुइलक कारण भोज करे नाई मिल्नन राजकुमारी कहल । ओ ४५ लिन पुगेसे पहिले एक हप्तक रोज दिन भण्डारा खवैना कैहके कहल । भण्डारामन देश विदेशसे मने आए लग्नै ।

भण्डारा ओरैना दिन राजकुमारीके नजर लावा मनैन पर परल । तिनजाने एक बट्हा भात अल्गाके खाए लग्नै।सत्तलसिंह अपने खइलेसे तिन बट्हा अल्गाके एक बट्हा खाए । संघरियनसे छुटलेक बात राजकुमारीसे पहिलही बटैले रहे । राजकुमारी तिन जनहन अल्गो बलाके बात करल तो उके सत्तलसिंहके संघरिया ठहरनै । तिन संघरियै सत्तलसिंहके बारेमन पुछ्नै । राजकुमारी सवबात  सुनाइल उके सुनके दुःखी हुइनै । तब चारुजाने गोप्य सल्लाह बनैनै । बड्ही उड्ना खटिया बनाइल । भोंदु राजा राजकुमारी कुट्नी बुह्रिया ओ तिन

संघरियै उर्नां खटौली पर बैठके सयर करे निकरनै । 'भोंदु' राजा कुछ दिनमन भोजकरे पैम कैहके खुब खुशी रेहे । तरे हेरेक कैहके तिनु संघरियै ओसरिक पाला पाप सोच्ना भोंदु राजा ओ कुट्नी बुढ़िया केहेन उर्ना खटोलीसे तरे ढकेल देहनै ।

राजकुमारी सत्तलसिंह केहेन माटी देहल जगा देखाइल । 'लोहरवा' हड्डी बटोरल, कायस्थ जोरल हड्डीमन जीउ दारके सत्तलसिंह केहेन लावा जिन्दगी डेहल । सत्तलसिंह गहिंर नदीसे उठलअस तो सक्हुन अपन आँजर पाँजर डेखल, कक्कु संघरियन धन्यबाद डेहल । बाह्र बरसके बनबासके दिन फिर ओरागैलक कारण सब अपन पुराने देश लौट गिनै । अपन पुतुवक आसमन बैठल सत्तलसिंहके लावा रजव बनल । उ अपन तिन संघरियन मन्त्री बनाके सुखके साथ राजकाज चलाए लागल । (स्रोत : सुशील चौधरी, बर्दिया, कालिका ३, मयुरवस्तीबाट प्राप्त)

**२. हरजोत्ना मछरिया (हलोजोत्ने माछा )**

पहिले पहिले कोनो गाँउमन एक बुह्रवा -बुढ़िया बैठै । छोटमोट घरके हुइलेक कारण बुढ़या-बुढ़िवा केहेन कहल"मछरी मारेक तन मोरलक हेल्का बिन देहो होइ ।"सागपातके केल टिना खाके बुह्रवा फेन मिच्छा गिल रहै । उहेमारे बुढ़ियक तन हेल्का बिन देहना हुइल । लावा हेल्का लैके बुढ़िया खोल्हवमन मछरी मारे गइल । बुढ़िया मछरी मारके घरे लौटल । रसी बट्टी रहल बुह्रवा डिलियक मछरिया हेरल । डिलियामन एक्कै ठो मछरिया देख्के नाक खुम्चाइल ।

उ टेङ्ना मछरिया रेहे अभिन्टक जिट्टी कुड्ती रेहे । टेङ्ना मछरिया केहेन भुजके चट्नी बनैना बुढ़िया केहेन लागल । मछरिया केहेन मारट बाजी अच्चम हुइल । उ तो मने अस बोले लागल । ओ बिन्ति करल-महिन नमारो बुदी........महिन नमारो............. मछरियाक बोली सून्के बुढ़िया अचम्म परल ओ बुह्रवा केहेन बलाए डौरल । बुह्रवा फिन टेङ्ना केहेन मारे लागल तो उहे बिंति करल-"महिन नमारो बुदु....महि नमारो । मै तुहरन अपन कमाही खवैबुँ ।"बुह्रवा बुढ़ियन यी मछरिया कमही खवाइ कैहके आस नाई रेहे । मने मनैन् मेर बौल्के बिन्ति कइल उहेमारे दया लागल तो नाई मरनै । लर्काबच्चा नाई हुइल बुह्रवा बुढ़िया टेङ्ना मछरिया केहेन लर्काअस पाले लग्नै । एक दिन टेङ्ना मछरिया बुह्रवा केहेन कहल-"बुदु मोरतन हरबनादेहो । मै खेत्वा जोते जैम" बिस्वास नै हुइलेसेफेन बुह्रवा टेङ्नक तन हर जुवा बनादेहल । टेङ्ना खेत्वा जोते गइल । टेङ्ना खुशी हुइटी बर्डन जोरके हरेक कुटरडिगया परसे नुक्के हरेक तरे ओर पकरके खेत्वा जोताकैल ।

रजवक सिपहियै गाँउक हालखबर बुझे निबरल रहै । बिना मनैयक गोरु ख्वा जोतट् देख्के उके छक्क परनै । यी गोरुवनके काम देख्के रजवा केहेन यी गोरु देखाए पैलेसे रजवा कत्रा खुशी हुइट । अस्ते सल्लाह कैके सिपाहियै गोरु ल्के रजवक दरवार ओर चल डेहनै । टेङनारोइटी घरे आइल ओ सब बात बताइल । उ बुढ्या केहेन कहल -"मै गोरु खेजे जैम । मोर तन सटुवा बना डेहो डगरमन खाइकतन ।" टेङ्ना-लडियै-लडियै नेङगल । बरे दूर पुगल तो जमुनिक रुखवा तर शित्तर छाँहीमन पानीमन बिसाए लागल । उहे रुखवामन डेरा बनाइल रानी मधवा पुछल -"कहाँ जाइटो मछरिया दादु ?" उ "हेराइल गोरु खेजे जाइटुँ" कहल तो ओक्रे सँगे मधफिन जैना तयार हुइनै । टेङना फिर संगे लैजैना बात मानल । टेङना पानी-पानी मन नेङगै । उप्पर आकाशमन मध भन्नैटी उरैह । डगरामन परना दोसर रुखवामन हारा मिल्नै । मछरियक बात पता पाके हाराकिराके रजवा कहल-"हमरन फिन लैचलो मछरिया दादा।" मछरिया कहल-"चली तो चली पहिले अकेली रहुँ, अब तिन हो गैली, बढ़ियै हुइल "

टेङना मछरियक टोली शहरके लग्गे पुगल । शहर पेलेसे पहिले लडिया नाँघक परै । लडियामन एक धोवी कपरा धोए आइल रेहे । पानी भित्तरसे मछरिया गीत गाइ लागल

"धोविया ए धोविया, अपन रजवा केहेन नानो कोलाइ, करबुँ मै अठ्नै लराई ।"
गीत गउइया मनै आँजरपाँजर नाई देख्के धोविया छक्क परल । छिन छिनमन् उहे गीत सुनके धोविया रजवकठन गइल ओ बिन्ति सुनाइल "सरकार कोइतुहिनसे लरे आइटा ।" राजा फौजफक्कर लैके धोवि डौरइटी लडियक किनारे गैल ओ बम्कल-के हो महिनसे लरे खोजुइया, आगे आइजा ।"टेङना लडियक भित्तर नुकल रहत । ओकर मधवा, हारा, संघरियै रुखवापर डेरा बनाके बैठल रठै । टेङ्ना कहल-"तुहार सिपाहियै मोर गोरु नन्ले बाटै । उ महिन डैडेओ "

रजवा अपन केहेन आदेश डेहुइयनपर जादा रिसियैठै-"हिम्मत वा तो महिनसे लरके अपन गारुवा फिर्ता लैजा ।" ओ अपन ठन रहल गोला बारुद खुब डगाए लागठ । " तुँह शक्ति देखैलो रजवा । अब मोर पाला" टेङनाकहठ । टेङ्ना शुरुमन मधुवन निकरक आदेश डेहठ । ओ तुरुन्तै हारा किरन फिन शक्ति देखैना आदेश देहठ । मधुवा व हारनके कटाईके सिपाहियै घाहिल हुइजैठै । राजा अपन हार स्वीकारके गोरुवा फिर्ता डै ठेहठ । टेङ्ना सक्कु सहयोग करुइया संघरियन धन्यबाद डेहठ । (गोरु लैके टेङ्ना छावा घरे लौटलेकमन् बुढ्वा

बुह्रिया दङ्ग परठै । -जोगराम चौधरी, बर्दिया, मोहम्मदपुर गा.वि.स. वार्ड नं. ८, भैसाईबाट प्राप्त)

**३. लमहा ओ गिदरा ( खरायो र स्याल )**

धेर दिनके बात हो । गोबरडिहा गाँउक लगुच्चे एकथो बनवा रहे । उह वावामे लमहा ओ गिदरा बैठित । ओइने दुनु जे मित मिलैले रहित । दुनु जाने सँगे खेलित, सँगे खाँइत सँगे सुतित । एक दिनके बात हो । लमहा दुब्वा घाँस कुटुरकुटुर चबाइतेहे । गिदरा यी दृश्य खोप मनलगाके हेरतेहे । हेरत हेरत ऊ रहे नै सेकल तब पुछ्ल-“मीत-मीत तुँ का खाइतो ?” लमहा कहल-“मै आपन हाथ गोडा चबाइतु ।”

एक घरिक रहिके गिदरा फेन अपन हाथ गोरा चबाए लागत । तिख्खर दाँत से ओकर हाथ गोरा खटम बनगैलिस, रकत फेन निकरे लगलिस ।

गिदरा -मित-मित मोरते बठाए लागल ।

लमहा - चोलो तो चानामे दौडे जाइ ।

आघे-आघे लमहा दौडे पाछे-पाछे गिदरा । चनामे डौडत-डौडत ओकर खट्रा पर्पराए लगिलस । उट आउर जोडसे चिल्लाए लागल । मै मरगैनु होइ मित-मरगैनु ।

लमहा पुछ्ल - अभिन नै चोखाइल होइ मित ?

गिदरा - नाही कि तस्ते आउर बठाए लागल ।

लमहा फेन कहल - चोलोते अरसीमे दौडे जाई । दौडेबेर अरसीक फारले आउर जोरसे खटरा दुःख गैलिस । आब गिदरा अरघटहा होगैल ।

गिदरा - मित होइ महिसे आब रहवाइस नै हुइठो । आब नै जियम काभ्रुन ।

लमहा - हिम्मत रखो होइ । तोहार विरुवा करक लग ते यी सुब कराइतुँ । चलो ते आब आब कुवा छट्के जाइ । दुनु मित कुवा छट्के जाइ । दुनु मित कुवा छट्के गैला । मूले गिदरा अर घठहा हइलक ओर से कुँवामे गिरपरल । लमहा सोचल गिदरा अब मरगैल । दोसर सकारे एकथो बुढाइल जन्नी मनै कुँवामे पानी भरे गैली । ऊ आपन डोल कुँवामे दरली । डोलहे तिभ्लूङसे पानीमे बुराके ताने लग्ली मूले ताने नै सेक्ली । उ सोच्ली आज काकरे डोलमहा नोन्दर लागता ? आउर दिन ते ऐसिन नै लागे । ऊ रहे नै सेकली ते कुँवा मे हेर्ली । कुवा मे एमथो गिदरा लुग लुगाइत डोल पकरले देखली ।

गिदरा कहल - बुदी-बुदी मही निकार देऊ ना । नै निकारम रे तुही बुदीया कहली । निकार देऊ ना बुदी, मै तुहिन धेउर पैसा देम । बुढिया हे दया लग्लीन । ऊ कहली डोलमे बैठ ते निकार देम । गिदरा कुवा मे से बाहर निकार गैल । उही जूरके मारे लगलगी पकरले रहिस। बुढीया कहली -खै महि पैसा देले ?

गिदरा- एक घचिक रहिले बुदी मोर भुत्ला सुखे देउ तब पैसा देम ना । जब ओबर भूतला सुखैलिस तव सरपत्ता ठोकके भागगैल । दौडत-दोड्त उ लमहाक थन पुगल ।

लमहा पुछल- तोहार खतरा ठिकाइल होइ मित ? तुँ कहाा गै गिल रहो, मै तुहिन खोब खोजलू । लमहक बदमासी उ जान रखले रहे मूले कुछ नै बोलल । उ कहल चोलो होइ मित बारी ओर खरबुजा खाए । महाभूख लागल बा । गिदरा जन्ले रहे कि बारीमे किसनवा जाल लगैले बा । ओइने दुनु जाने बारीमे पुगला बारीक आरीतिर एकथो पाकल खरबुजा रहे । लमहा खाएमे लागत रहे । किसान हो हलाइल हा...हु....हा.......हु । लमहा दर मारे दौड्ल मूले जालमे पर गैल गिदरा बिना हद बदैले भागल । उहेमारे आपन घरे आगैल । लमहा हे किसनवा पकरके लैगैल । गिदरा धोखा देलकमे लमहा खोब पछटाइल । (पिताम्बर चौधरी, बर्दिया जिल्ला, मोहम्मदपुर गा.वि.स. वार्ड नं. ८, भैसाहीबाट प्राप्त)

**४. मामा भैने (मामा र भान्जा )**

मन्सारामके घर कैलारी हुइस । ओकर स्कुलमे बर्खक छुट्टी हुइलिस । छुट्टीमे ऊ आपन दाइक संगेमामान घर आइल । ओकर मामान् घर देउखर हुइस । मामान घर आइते माई हे नै देखल । मामा हे ढोग लागके पुछल माइ कहाँ गैली ते मामा ?

मामा - बन्वा काठी करे गैलबा भैने ।

मन्साराम - यहाँ ते बन्वा फेन महा खुरखुन बा, महादुरी काठी करे जाइक परथई । रुखवा भर नै लगैथो । गेरथो किल कि का मामा ?

मामा - का कहबो भैने पहिले बुद्धि नै आइल । जब बन्वा आराइल तब भर्खर असौ रुखवा लगैना सोचली ।

मन्साराम - का-का रुखवा लगैलो ते मामा ?

मामा - खैयर, बकैना, सिसवा, ईपिल । अस्ते अस्ते रुखवा भैने ।

मन्साराम- महाबढिया कैलो मामा । हमार मास्टर हम्रहिन पढैंथा कि रुखवा रहथ ते ओट नै भस्कथ । पानीक भूलफेन नै सुखाइल । बनवा मे बाँस रुखवा रहल ओर से गोरु भैसा पल्लाफेन सहजिल हुइथा । ओहेक मोर बनवक बड्वार महत्व बा ।

मामा- हमार भैने ते महामजा मजा बात बतवैथा ।

मन्साराम- आब बनवामें किल नाही । आपन घरका जग्गामे फेन रुखवा लगैवी मामा, ममा- भैने बात वैथीाहित कि मन्साराम के माई हा पुग्थिस । मन्साराम माइृ हे फेन ढोक लागल । माई कठिक बोभ्फा पटकली । आपन भैने हे एक खोंखी करौदा देके कब अइलो भैने ? कहिके भित्तर पैथ गैली । (जोगाराम चौधरी भैसाहीबाट प्राप्त)

**५. सपुवा के पूजा :(सर्पको पूजा )**

बहुत बरष पहिलेक बात हो । एकठो शहरमे बहुत नाम चलल राजा रेहे । राजा बनुवा मे शिकार खेले जाबौ । अस्टहिके शिकार खेल्नाक्रमसे राजा बनुवामे सपुवा देखल । मार देओ नै टो काटी, कहिके अपन मन्त्री हे आदेश देहल् । सब कोही मिलके सपुवाके मारे लग्नै । अटघटहा हुइल पर सपुवा भाग जाईठ । ओठ्ठु सपुवा रजुवक उप्पर रिसढरलेहठ्

जब-जब राजा बनुवम शिकार खेले जावै उहे सपुवा भेटाए । यहाटककी सपना मे फे सपुवा से रखेदत भेटावै ।एक दिन एक जोगी दरवारमे भिक्षा(भिख) माँगे आइल । राजा अपना समस्या जोगी हे बताइृल । जोगीया बहल माराज अपने एक फेरा सपुवक ज्यान लेहना काम कैठले बाटी ।उहे ओर से ऊ रिसाइल बा । बैरीहे स्वागत करी, प्रेमसे जिति, यम्ने अपनेक कल्याण बा । जोगीया अत्रा कहती साइट भिखलेके चल गैल ।

जोगीयक बात रजुवा भितरी मनमे दरल । ऊ अपन सक्कु मन्त्री सिपाही, नोकर चाकर हुक्रन बलाईल । सपुवक लग दरवार गिनोरे माटीक दियामे दुध द्वारेक लगाइल । पूलमाला सहित स्वागत द्धार फे बन्वाइल । जब सपुवा रातके रजुवा हे काटम कहिके आईल । देखल बहुत भव्य तरिकासे अपन स्वागत करल । ऊ सोचल मै रजुवा हे मारे आईल बाँटु । लेकिन रजुवा महिन बैरी नाई मारके एक पहुनाके हिसाव से स्वागत कर्ले बा । मै रजुवासे बदला लेहना ठिक नाही रही ।ऊ बदलाके भावना आपन मनसे निकार देहल । राजा हे मित्र के रुपमें मानम् कना बचन देहती बनुवा ओर लाग गिल । रजुवा ओइसिक स्वागत कर्लेक दिनसे सपुवासे दुःख नाई भेटाइल । ओठठेसे खुशीसाय जिन्दगी बिताई लागत । साईद तब्बेसे हम्रे गुरहीमें सपुवाके पूजा कर्ठी ।(कालिराम चौधरी, बर्दिया, कालिका वार्ड नं. १, बकोटियाबाट प्राप्त)

**६. ज्ञान बँटलेसे बाढ्ठ ( ज्ञान दिएपछि बदछ )**

एक गाँउक मनै प्रदेश गैल रठै । एक ठाँउमे बरवार रुखबक तरे रात विताई लग्ठै । जब बेरी खाके सुते लग्ठै तब एक आपसमे अपन जानल खिस्सा एक आपसमे बट्वाई गर्ग्ठै । उहे बगालेमे एक ठो हरि कना लौरा रहठ । उहीन बहुत खिस्सायाद रठिस । तबफे लाजके मारे नाई कहे सेकठ । उहे आर्से ओकर मनमे रहल खिस्साक रिसकमारे उही दुःख देहना सोच्ठै ।

परदेश गैल उहे समुहमे एकठो बुह्रवा अगम जानकी रहठ । बुह्रवा हरिके कहल-रुखकक तरे बसेरा लेहल बाटी । जाग-जाग सुतिस भैया। नि टो डरिया गिरके चोट लागी । हरि पानी पिए पम्पमे गैल । पानी पिके घुमेबेर एकठो डरिया गिरल । होसियार रहलकओरसे उ बचगैल । फेन बुह्रवा कहल-जब तै लदियामे लहाई जैठै । कुद-कुद लहुइयनमे चोट पटक लग्ठिन । मने हरि धिरे-धिरे पानीक भित्तर बुल ओरसे कुछ नाई हुइठिस ।परदेशी समुह जब घरे फिर्ता हुई लग्ठै । तब बुह्रवा कहठ -हेर हरि भैया अपने घरे रहलेसे फे दौरके घरेक भित्तर छिरल । तब्बेहे घरके केवार गम्से गिरल हरि भ्रूस्कल, ओहो वरे मुश्किलसे बच्नु । उ बुह्रईल बुदुक बात संम्भ्रे लागल ।

बुह्रवा कहल : देखोहरि भैया । तूँ बहुत खिस्सा कहानी जन्ठो । तबु फे तूँ दोसरहे नाई केहके अपन मनमे छुपा लेहठो । तबै मोरसे तोहार भित्तर रशल खिस्सा रिस करके तुहिन विगार करे लगठै । उहे मारे अपन जान ल, मनमे रहल बात और जनहन् सुनाईक, परठ । यदि नाई बटबो टो ज्ञान गुन डब जाईठ् । तब यी चिज नोक्सान पुगाई लग्ठै ।

बुदुक बात हरि समभ्रगैल ओठेसे प्रत्येक ठाँउमे कुछ ना कुछ अपन जानल बात बटुवाई लागल । अथहीसे ओकर ज्ञान और बाहर्ती गैलस । (सुशील चौधरी, कालिका ३, मयूरवलीबाट प्राप्त)

**७. बकला ओ गेंगटा :(बकुल्ला र गँगटो )**

धेउर बरषके बात हो । एकठो गाँउ रहे । गाँउके बाहर एबठो टलुवा रेहे । बरखामे टलवा पानीसे भरजाए । जाड महिना पानी कम हुइ जाए ।उहे टलवमन एकठो महाबदमास ओ ठगुवा बकला रोज मेघी खाई । मेघी ओराइ गैनै तो मछरी खैना जुगार लगाइल ।

एक दिन टलुवामनका रजुवा मछरिया हे आपन ठोंढलैके पकरके बरवार टलवा लैगैल ओ छोरदेहल । कुछ बेर पाछे फेन उहे रजुवा मछरिया हे पुरान टलवामे लैजाइठ । बकला सक्कु मछरिन बलाके कहठ"देखो यी टलुवा कुछ दिन पाछे सुख जाइ । तब टुहुरे

सव जाने मरजैवो । यदि तुहुरे बाँचे चाहटोकलेसे तुहरे अपन रजुवासे पुछलेउ । रजुवा मछरिया तो पहिले जा सेकले बा । रजुवा सक्कु जनहन बाट बटाइठ । रजुवक कहल सक्कु जाने मन्ठै । असतहीके बकला सहजे से सक्कु जनहन के टलुवक मछरीन अपन ठोंर से पकरके दर रुखवक डरियामन बैठके मछरिन खाइट जाइठ । धिरे धिरे पाला लगाके टलुवक मछरीन खाइट जाइठ । लेकिन मछरी सोचठै"बकला दुर बरवार ओ कबुनाई सुखना टलुवा मे लैजाइठ ।"

असतहीकेटलुवाक मछरी फेन रजुवक विश्वाससे नाइ जाइम नाइ कहै । बकला रोजे तलुवक मछरी खाके खुब मोटा गैल रहठ । अन्तिममे रजुवा मछरियक पाला अइलिस तो रजुवा मछरिया हे फेन खा धारल । ऊ टलुवामे एक ठो गेंगटा बच गैल । बकला गैंगटा हे फेन खैना जुगार लगैलस । बकला गेंगटा हे लोभ लालच देखाके सक्कु मछरिन लैगइल ठाँउमे लैजैना कहठ । गेंगटा फेन माननाइठ । तब गेंगटा कहठ"जैना तो हुँ वाँ जइम मने मै तुहार बोंका चढ के जाइम" । बकला हुइ जाइ कहठ । जब गेंगटा बकलक बोका चढके अपन बरका टांक से बकलक घेचा पकरके सेकठ ।

तब बकला सरासर दुर पहिले बैठके धिउर मछरी खैलेक रुखवामे लैजाइठ । जब गेंगटा हुँवाँ पुगठ तो टलुवा नाइ देखठ बरु मछरीनके काँटौ काँटा देखठ । तब गेंगटा समभ्क जाइठ । ओ बकलैसै पुछठ"खै बरवार टलुवा ओ मोर संघारी यहाँ टो कोई नाइ होइह" बकला कहट "अरे बुढ् ढु मै तो सकु जनहन खा डरनु आभ्क मै तुहिनफेन खइबु । " तब गेंगटा बकलक घाँटी जोर से अपन बर्का टाँकसे पकरठ । ओ कहठ "महिन जहाँ से ननले उहै लै चोल नइटो मै नाइ छोरम, मै तुहिन मार डेहम ।" तब बकलाक जोरनाई चलके पुरान टलुबक किनार लैजाइठ । गेंगटा सोचठ "इहे मौका बा मै एकर घाँटी नाइ छोरम । अब मार देहेक परल । नहीटो यी बकला अउर दुसर जनहन फेन खाडारी ।" तब गेंगटा बकलक घँटी जोरसे डाबठ ओ मार देहठ । तब से दुसर जने दुष्ट बकलासे छुटकारा पैठै । (अर्जुन चौधरी, कालिका ४, टेशनपुरबाट प्राप्त)

**८. दुश्मन हे गुन लगैना ( दुश्मनलाई गुन लगाउनै पर्छ )**

तुहरे लरको जनलेबाटो कि नाई बजुवा चिरै मुसवक देखेनाँई सकेठै । यी छोटे छोटे मसवा दुकरी चिरै चिड्नी मारके खाइठै । एक दिन गाउटक लरककै ह फांडा लगैले रहठै । बजुवा कैसिक उहे जालये फस जाइठ । उहे समयमे गाँउक शिकारी लरकैह अपन घरे आइरठै । बजुवा चिरैया जालमे फँसल खुब छटपटाहठ । ठिक उहे समयमे मुसुवा खुर्र

डौरती आइठ । बजुवा मुसवा हे देखके कहठ“ए भैया मै अब्बे जालमे फसल बाटु काटके निकार देआ नै तो मै मर जइम”महिन तुहि बचाए सकवो । मुसुवा कहठ “नाई मै जाल काटके निकारम तो तुह महिन खा देहवो”।

बजुवा कहट “विश्वास करो भैया, भगवान कसम मै नाइ खैम, मै तुहिन नाई खइम”। मुसुवा सोचठ “आपत विपत परलमे जरुर उपकार करेक परठ ” मुसुवा जाल काटके बजुवा हे बाह्रर निकार देहठ । बजुवा बाहर निकरति कि झपट लेहठ । बजुवा कहठ अइसिन मूर्ख लागलमे तुहिन कहा छोरम ?”बजुवा अपन पञ्जामे पकरके दुर ठाँउमे लैजाके खाइ जाइठ । तब्बे मुसुवा एकठो रुखवामे बैठल सुगगवा देखठ । मुसुवा पुछठ “हिनिनो गुन करलसे मारे मिलठ तुह बताउन काका? ”

सुगवा कहठ “जरुर मिलठ मै मनैन के गुन करठु, ओइनके कहल हस बोलठु ।”मै मनैन हस सीताराम, गोपीकृष्ण बोलके आनन्द देहठ । मनै महिन पिजरामे धरठै ओ मार देहठै । ” सुगवा कहठ“नाइ पत्याइबो तो यीहे गोरुवा से पुच्छो ?” लगघहि एकठो गोर्वा खेतुवामे चर्ती रहठ । लगघहि जाके बजुवा ओ मुसुवा प्रश्नै पुछठै । तो गोरुवा कहठ “काहे नाई मारे मिली ? जरुर मिलठ” महिन देखो “मनै महिन पिटठै । ” मुसुवा डरसे थर थर हुइटी कापे लागठ । ओ सोचठ “ अब पक्कै मोर ज्यान गैलेक हो । ” ठिक उहे समयमा बजुवा वरवार (वर्का) रुरखवामे वैठके रुखवासे पुछठ “ गुन लगैना हे मारे मिलठ ? ” रुखवा कहठ “ मनैन हे छाँही देहठु । उहे मनै महिन मोरिक हाँगा विगाँ, काटके चल जैठै ।” ठिक उहे समयमै काँ काँ करती कौवा उहे रुखवामे आइथ । मुसुवा नम्रसे रोइती पुछठ “ अरे बुदु मै बजुवा हे जाल मे फसलबेर जाल काठके गुन लगैले बाँटु । अब यी महिन मारेक लग बावै तुहि ठिक बताओ । मुसुवा सब राम कहानी बटाइठ । तब कौवा कहठ, “ हे मुसुवा अटना भारी चिरैन के रजुवा कहु जालमे परही ? ” बजुवा कहठ “ ऐ फटहा, मै सचमुच जाल मे फसल रहू । कौवा कहठ “ कैसिक” महिन जालमे फसाके देखाउ, पत्याइम” बजुवा मुसुवा हे अपन पंजासे जोर से पकरके पहिलेक ठाउमे रहल जालमे फके देखाइठ । ओकहठ “ हेर फटहा कौवा ते नाई पत्याइठे कोवा हे रिस लगठिस । बजुवा कहठ “ ए मुसुवा भैया फेन जाल काटके महिन बाहर निकारो । महिन बचाउ । ”

मुसुवा “ खुर्र डोरती जाल काटे जाइठ । ” तब कौवा कहठ “ हे मुसुवा भैया, फेन अपन काल बोलाइतो यी दुष्ट हे गुन करवो तो फेन तुहिन महिन मारी ।” मुसुवा “ ओहो ठिक अब फेन नाई बचाइम ।” ठिक उहे समयमे गाँउक लर्का डौरती अइठै । बजुवा हे

जालमे फसल देके खुशी हुइटी मार देहठै । (पिताम्बर चौधरी, मोहम्मदपुर गा.वि.स. वार्ड नं. ८, भैसाहीबाट प्राप्त)

### ४.१.२ थारुभाषाका संकलित लोककथाहरू

लोककथा श्रुतिपरम्पराबाट विकास भएको विधा हो । यस विधा अर्न्तगत मौखिक कथा र दन्तेकथाहरू पर्दछन् । लोककथाको माध्यमले अर्ति, उपदेश, सान्त्वना, साहस, धैर्य र मनोरञ्जन दिने कार्य गरिन्छ । लोककथापनि लोकजीवनको धैरै वर्षको अनुभवमा खारिएर टड्कारो रुपमा देखा परेका हुन्छन् । हुन त धेरैजसो लोककथाले मनोरञ्जन मात्र गरउँछन् । कतै -कतै विपत्तिमा धैर्य गर्न, साहस, परिश्रमको फल प्राप्ति हुने आश्वासन र संकेत पनि लोककथाले गरेको देखिन्छ । थारु समाजमा प्रचलित लोककथा मध्ये सत्तलसिंहको कथा मुख्य हो ।

आदिवासी जनजातिको रुपमा रहेको थारु जातिको जीवन पद्धति बृहत् छ । यिनीहरूको जीवन पद्धतिलाई हेर्दा आफ्नै मौलिकता बोकेको र कसैको संस्कृतिसँग नमिल्ने रहेको पाइन्छ । विशेष गरेर मध्य पश्चिमञ्चल विकास क्षेत्रको बर्दिया जिल्लाका कालिका डेउडाकला धधवार, मोतिपुर र बेलवा गा.वि.स.मा रहेको थारु जातिको समाजमा प्रचलित लोक कथाहरूको सङ्कलन, अध्ययन वर्गीकरण र विश्लेषणमा सिमित रही यहाँ सङ्कलन गरिएका लोककथा (बत्कोही) हरू यसप्रकार रहेका छन् ।

| | |
|---|---|
| १.सत्तलसिंहके कथा | - सत्तलसिंहको कथा (खिस्सा) । |
| २. हितवा | - टुहुरो । |
| ३. हरजोत्ना मछरिया | - हलो जोत्ने माछा । |
| ४. तुलारामके चर्तिकला | - तुलारामको चर्चिकला । |
| ५. हँस्तापान बोल्टा सुपारी | - हाँस्नेपान बोल्ने सुपारी । |
| ६. चंखेहे चेटौनी | - चंखेको चेतावनी । |
| ७. सपुवा के पूजा | - सर्पको पूजा । |
| ८. ज्ञान बँटलेसे बाह्रठ | - ज्ञान दिएपछि बढ्छ । |
| ९. दुश्मन हे गुन लगैना | - दुश्मनलाई गुन लगाउनु पर्छ । |
| १०. लोभीमछर मरुवा | - लोभी माछा मार्ने मान्छे । |
| ११. अल्छी गिरगिटीया | - अल्छी छेपारो । |
| १२. नाचकरना तीनठो छेगरी | - नाच गर्ने तिन ओटा बाखीहरू । |

| | |
|---|---|
| १३. बकला ओ गेंगटा | - बकुल्ला र गँगटो । |
| १४. नक्कली मजोरवा | - नक्कली मयूर । |
| १५. अनारकलीक अन्तर कथा | - अनारकलीको अन्तरकथा । |
| १६ फुलकुमारी साकिल चलाय सिखल | - फूलकुमारीले साइकल चलाउन सिकिन । |
| १७. लमहा ओ गिदरा | - खरायो र स्याल । |
| १८. मामा भैने | - मामा र भान्जा । |
| १९. शिशिर-वसन्त | - शिशिर र बसन्त । आदि |

### ४.१.३ थारु समाजमा प्रचलित लोककथाको वर्गीकरण

नेपाल अधिराज्यको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चल अन्तर्गत पर्ने बर्दिया जिल्लाको आफ्नै विशिष्ट पहिचान रहेको छ । बर्दिया जिल्ला समतल मैदान भएकोले यसलाई तराई क्षेत्र भनिन्छ । बर्दिया जिल्लालाई थारुजातिको बासस्थान मानिन्छ । बर्दिया जिल्लामा थारु जातिको घनावस्ती छ । यस जिल्लाको जनसंख्या मा ५१.६३% थारुभाषा बोल्ने मानिसहरूछन् । थारुहरू नै यस जिल्लाका आसिदबासीका नामले चिनिन्छन् ।

लोकसाहित्य कुनै पनि देश समाज, जातिको साँस्कृतिक सम्पदा हो । लोकसाहित्य अर्न्तगत पर्ने लोककथा मौखिक वा श्रृतिपरम्परामा हुर्कदै आएको लोकको साहित्यिक सिर्जना हो । प्रत्येक जाति वा भाषाभाषीका आफ्नै लोककथाहरू हुन्छन् । यस जिल्लाको लोकजीवनमा प्रचलित लोककथाले थारु समाजको सामाजिक साँस्कृतिक, ऐतिहासिक, आर्थिक जस्ता विविध पक्षको आत्म साथ गरेको पाइन्छ । थारुभाषा भाषिका कथाले समाजमा भोग्नु परेका पिडा, आर्थिक अभाव, युवा युवतीका प्रेमप्रसँग रोदन-हाँसो, हर्ष - उल्लास आदिले भरिएको मौखिक इतिहास हो । लोककथा लोकमाध्यमले अर्ति उपदेश, सान्त्वना, साहस, धैर्य र मनोरञ्जन दिने कार्य गर्दछ । यस कथाले लोकजीवनमा धेरै वर्षको अनुभवमा खरिएर टड्कारो रुपमा देखापरेका हुन्छन् । धेरै जसो लोककथाले मनोरञ्जनमात्र गराउँछन् । कुनै कथामा विपत्तिमा धैर्य गर्न साहस परिश्रमको फल प्राप्ति हुने आश्वासन र संकेत पनि लोककथाले गरेको देखिन्छ । विशेषगरी थारुभाषाका लोककथालाई यस प्रकार वर्गीकरण गर्न सकिन्छ । ती यी हुन् ।

१. ऐतिहासिक लोकथाहरू :

क) सत्तलसिंहके कथा ख) हँस्तापान बोल्टा सुपारी ग) शिशिर कसन्त

२. सामाजिक नीतिपरकका कथाहरू :

क) हरजोत्ना मछरिया　　ख) हितवा　　ग) तुलरामके चर्तिकला

घ) ज्ञान बट्लसे बाह्रठ　　ङ) दुश्मन हे गुन लगैना　　च) लोभी मछर मरुवा

छ) आनारकलीक अन्तर कथा　ज) फूलकुमारी साइकल चलाए सिखल झ) मामा भैने

३. पौराणिक नीतिपरकका कथाहरू :

क) सपुवाके पूजा

४. पशुपन्छिका लोककथा :

क) लमहा व गिदरा　　ख) अल्छि गिरगिटिया　　ग) नाचकरना तीनठो छेगरी

घ) नक्कली मजोरवा　　ङ) बकला ओ गेङटा　　च) चंखेहे चेटैनी आदि ।

### ४.१.४ लोककथाका तत्वका आधारमा विश्लेषण

**(क) सत्तल सिंहके कथा (सत्तलसिंहको कथा)**

यो कथा बर्दिया जिल्लामा थारु  समाजमा प्रचलित चर्चीत लोक कथा हो । थारु लोक कथामध्ये अति लोकप्रिय कथा हो ।  श्रुति परम्परामा हुर्केको र बढेको यो कथा रचनाकार अज्ञात भएपनि यसको लेखन कार्य कृष्ण राज "सर्वहारी" थारुले लेखेका हुन् । सुन्ने सुनाउने,  भन्ने भनाउने क्रममा लोककथामा भएको हुँदा,  केही कुराहरू ठाउँ अनुसार फरक हुन सक्दछन् । यो कथामा अन्यायमा परेका मानिसहरू कसरी छिटै एकअर्कासँग मिल्दनछन् र आपत विपतमा पर्दा कसरी धैर्य गर्दछन्, भन्ने कुरा यसकथामा देखाउन खोजिएको छ । राजकुमारका तिनजना साथीको कार्य क्षमताको कारण कथा सुखान्तमा टुङ्गिएको छ । कता समग्रमा राम्रोकाम गरे रामै फल पाइन्छ भन्ने कुरा यस कथाले मार्गदर्शन गरेको छ ।

**१. कथानक**

प्रस्तुत लोककथाको कथानक श्रृङखलित रुपमा विकसित भएको छ । बीच -बीचमा रोचक घटनाहरू सँग लिएर अगाडि बढेको यो कथानक पूर्ण देखिन्छ । एउटा कथानकको अन्त्य भई सकेपछि पुनः अर्को कथानकको प्रारम्भ भई सुखान्तमा टुङ्गिएको छ । सौतेनी आमाको पेचमा घरबाट बाहिर गईसकेपछि बीचमा दुःख कष्ट खप्दै साथीहरू सित बिछोड भई राक्षसको देशमा पुग्नु, त्यहाँ चातुर्यताको कारण राक्षसको मुखबाट बच्नु राजकुमारी सित बिबहागरी सुख पूर्वक बस्नु, कुट्नी बुढीको पुनः जीवन प्राप्तगरी घरमा रानीलाई

लिएर फर्कनु राजकाजचलाएर सुख पुर्वक जीवन यापन गर्नु, यिनै कथा वस्तुले कथा टुङ्गिएको छ । यसलोककथाले लोकबासीलाई धैर्य र मनोरञ्जन, कौतुहल पैदा गराई दिएको छ ।

## सत्तलसिंहराजाको कथासार

एकादेशमा एउटा राजा थिए । ती राजा, रानी र छोरा सत्तलसिंह थिए । ती तीनजना परिवारमा कुनै कुराको कमी थिएन एकदिन रानीले भँगेरा र भँगेरीको कृयाकलाप हेरी रहेकी थिइन भँगेरोको क्रियाकलापले गर्दा रानीलाई विशेष प्रभाव पऱ्यो । चिन्तै चिन्ताले गर्दा रानीको मृत्यु भयो । अन्त्यमा राजालाई चारैतिर बाट दबाब आयो । दबाब र बाध्यताले गर्दा अर्का विहे गर्न बाध्य पारयो । राजाले अर्को विहा गरे । केही समय सम्म घर व्यवहार राम्रोसँग चल्यो । अन्त्यमा रानीले आफ्नो सौतेला व्यबहारको कारणले निर्दोषी राजकुमारलाई १२ वर्षको बनबास जान परयो । घर परिवारबाट सहयोग नपाए पनि राजकुमारको साथमा तीन जना साथीसँगै जाने निधो भयो । विदा हुनेक्रममा घरमा पालेको हात्ती“भौरानन्द” सित विदा वादी भए । मानवेतर प्राणी हात्तीले दुःख मनायो र पछि साथै आउने र सुख दुःखमा सहभागी हुने बिचार व्यक्त गरयो । बनबासमा बस्दा सुरक्षितहुनको लागी पालो पहराको व्यवस्था मिलाइएको थियो । एकदिनको घटना सत्तलसिंहको पालो आयो । राजकुमारमा “शव्दरुपी वाणी” को शक्ति थियो र घरको “भौरानन्द” हात्ती राजकुमारको सहयोगी बन्न भनेर आँउदा ठुलो आवाजले हिडिरहेको अवस्थामा राजकुमारको “शब्दवाण” को प्रहारबाट हात्ती मरणासनमा पुग्यो । राजकुमार के रहेछ भनेर हेर्न आँउदा आफ्नै घरको हाँत्ती देख्यो । हात्तीले राजकुमारको अगाडि दुई थोपा आँसु चुहाएर सदाको लागि निदायो । यही कारण र घटनाले गर्दा राजकुमार र उनका साथीको विछोड भयो । राजकुमारले आफ्ना साथीहरू खोज्दै हिडने क्रममा राक्षस भएको देशमा पुग्यो । राक्षसकी छोरी असाध्यै राम्री थिइन । राजकुमारीले राजकुमारलाई असाध्यै राम्रो मानेर दिउसो कोथामा लुकाएर राख्ने राती टाउको रौँ मा ‘जुम्रा’ बनाएर राख्ने गरेको कारण राक्षसको भएबाट बचाउन सफल भइन । अन्त्यमा राक्षसलाई मार्न राजकुमारले राजकुमारीलाई राक्षसको मृत्यु कसरी हुन्छ ? भनेर सोधे, त्यसपछि राजकुमारले राक्षसलाई मार्न सफल भएपछि सत्तलसिंह र राजकुमारीको विचमा घनिष्ठता, माया प्रेम बढ्यो र राजकुमारीलाई विहेगरी सोही देशको राजा भएर सुख पूर्वक जीवन विताए ।

यस कथामा आश्चर्य लाग्दो कुरा के थियो भने राजकुमारीको सुनको केश थियो एकदिन नुहाउने बेलामा रानीको सुनको केश खस्यो, त्यो केश कुनै देशका "भोदु" नाम गरेको राजाले फेला पारे । रौयष्ती राम्रो छ भने मान्छे कस्तो होला ? भन्ने उनको मनमा लाग्यो र जसले ती रानी सँग मेरो विवाह गराउन सक्छ । त्यसव्यक्तिलाई धेरै इनाम दिनेकुरा प्रचार गरे । सो कार्य गर्न "कुट्नी बुढी"लाई नियुक्ति गरे । कुट्नी बुढीले रानीसँग आफ्नै माइती देशकी छिमेकी हुँ भनेर नजिक भएर कुरा गरीन । उनलाई राजा सत्तलसिंहले नदेख्ने गरि कोठामा लुकाएर राखिन । एक दिन कुट्नी बुढीले राजाको प्राण के मा छ ? राजाको मृत्यु कसरी हुन्छ, भनेर सोभिन, रानीले गोप्य कुरा "कुट्नी बुढी"लाई बताई दिइन् । कुट्नी बुढीले एक दिन कोठामा जाडो भयो भन्ने निउपारी आगो फुकेर तरवार रातो पारीन र राजालाई मार्न सफल भइन ।राजाको मृत्यु पछि रानी ठुलो शोकमा परिन । एकदिन कुट्नी बुढीले रानीलाई भनिन । तिमीले धेरै पिर नगर यस्तो समयमा घुमेर आफ्नो मन बहलाउनु पर्छ, भन्दै नदीमा डुङ्गा राख्ने काम पहिल्यै तयार पारेर घुम्ने बहानामा रानीलाई "भोदु" नाम गरेको राजाका देशमा पुऱ्याई दिइन् । कुट्नी बुढीले रानीलाई विवहाको प्रस्ताव राखिन । उता राजा अब विवहा हुने भयो भनेर मक्ख परेका थिए ।रानीले ४५ दिने कार्यक्रम पछिमात्र विवाह गर्ने वचन दिइन् । यसपछि रानीले सातदिने भण्डार आयोजना गरिन । यस भण्डारामा धरै मानिसहरू आए राजाका तिनजना साथीहरू पनि आए । रानीले आउने जाने खाना खाने मानिसहरूको ख्याल गरिरहेकी थिइन । यस भण्डारमा राजाका तिनजना साथी हरूले एक-एक भाग आफ्नो मित्रको नाममा चढाएर खाने गरेको र राजाले पनि खानेबेलामा तीन जना साथीका नाममा तीन ठाँउमा आफ्ना पूर्व मित्रहरूलाई तीन भाग छुट्टाएर खाने गरेको देखेकी थिइन । रानीलाई सम्भना भयो र पक्कै पनि आफ्नो पतिदेवका मित्रहरू हुन भन्ने अड्कल गरेर परिचय गरिन् ।

अन्त्यमा ती तीनजना राजाका साथी ठहरिए । तीन जना साथी र रानीको बिचमा गोप्य सम्भौता भयो र राजाका साथीहरूमा विशेष क्षमता थियो । उनीहरूले आफ्नो क्षमता रानीलाई देखाए । रानीले राजाको चिहान देखाइ दिइन । "कायस्थ" नाम गरेका साथीमा मरेको शरीरमा प्राण भर्ने, विश्वकर्मा साथीमा भाँचिएको हाडहरू जोड्ने र 'बड्ही' नाम गरेको साथीमा उड्ने खाट निर्माण गर्ने क्षमता थियो । एक दिन बड्हीले उड्ने खाट तयार पारे । त्यसखाटमा राजा, रानी, बुट्नी बुढी र तीनजना साथीहरू आकाशमार्गबाट उडिरहेका थिए । उड्नेक्रम जारी थियो । त्यसबेला उनीहरूको मनमा नराम्रो भावन आयो । राजा र

कुट्नी बुढीलाई तल हेर्न लगाएर आकाश मार्गबाट तल धकेली दिए । राजा र कुट्नी बुढीको मृत्यु भयो । साथीहरूको कार्यकुशलता, चतुरताले गर्दा राजा सत्तलसिंहले पुर्नजन्म प्राप्त गरे । राजाले रानी र पुराना साथीहरूसँग राजाको भेट भयो । राजाले आफ्ना साथीहरूलाई धन्यबाद दिए । अन्त्यमा आफ्नो १२ वर्ष वनवास पुरा गरेर दरवारमा आए । राजाले राजकाज समाले । साथीहरूलाई मन्त्री बनाएर रानी सँगै बसी आनन्दले जीवन विताए ।

## २. सहभागी

प्रस्तुत लोककथामा मानवीय र मानवेतर प्राणी हात्ती, राक्षस समेतको सहभागी देखिन्छ । मानवीय चरित्रका राजकुमारी कुट्नी बुढी सत्तलसिंह र उनका सहभागी साथी तिनजना कायस्थ, विश्वकर्मा र बढ्हीको सहभागीता छ । कुट्नी बुढी र भौदु राजा गौण पात्रको रुपमा देखिन्छ । साथीहरूको सहयोग बाट कथामा नयाँ मोड लिएको दुखिन्छ ।

### (क) सत्तलसिंह

एकादेशका राजाका छोरा राजकुमार हो । राजकुमार भएर पनि मिलनसार स्वभाबका थिए । साथीहरू सँग घनिष्ठ सम्बन्ध राख्दथे । घरमा पालेको पशु हात्ती 'भौरानन्द'संग पनि घनिष्ठता थियो । सौतेनी आमाको नराम्रो व्यवहारले गर्दा, राजाले वाध्य भएर १२ वर्षको लामो वनबास जान पिताको आज्ञालाई स्वीकार गरे । राजाकुमारमा विशेष गुणको कारण राक्षसको देशमा पुग्दा राजकुमारीलाई आफ्नो वशमा पारेर सुरक्षित भए । राक्षसलाई मार्न सफल भएर त्यस देशको राजा भए । कुट्नी बुढीको द्वैध चरित्रको कारण मृत्युको वरण गर्न पुगे पनि साथीहरूको कार्य कुशलताले गर्दा पुनः जीवन प्राप्त गरी साथीहरूलाई धन्यवाद दिएर १२ वर्षको वनवास समाप्तगरी आफ्नो देशमा राजा हुन सफल भए । कथाको सुरुदेखि अन्त्य सम्म राम्रो भुमिका निर्वाहा गर्ने सफल पात्रका रुपमा देखिन्छन् ।

### (ख) तीनजना साथी

कायस्य, विश्वकर्मा र बड्ही कथाको मध्य भाग देखि अन्त्य अबस्था सम्म राजा लाई सहयोग गर्ने सहभागी पात्रका रुपमा कायस्य, विश्वकर्मा र बड्हीले कार्यमा दक्षता, साथीमा सहयोगी भावना, मित्रताको कारणले कार्यमा दक्षता। साथीमा सहयोगी भावना मित्रताको कारणले मृत्यु भएका साथीलाई पुनः जीवन प्राप्त गराउन ठुलो सहयोग पुऱ्याएकाछन्, यी

तीनजना पात्र कथाको मध्य भाग बाट अन्त्यसम्म आफ्नो कार्यकुशलता देखाएका पात्रहरू हुन् ।

### ३. परिवेश

कथाको शुरुवात हुँदा, एका देशमा भनेर शुरु गरेको कारण कथामा कुनै ठाँउ तोकिएको छैन । कथामा उल्लेख गरे खनुसार मानव सभ्यताको विकासक्रममा शिकारी युगभन्दा पछाडि नै रचिएको हुनुपर्दछ भन्ने अनुमान गरिएको छ । परिवार भित्र हुने षडयन्त्रले राजकुमार बनबास जान बाध्य पारिनु, घरमा सौखले हात्ती पशुहरू पालिनु यो समय पशुपालन युगबाट भएको कथा हो भनेर अनुमान गर्न सकिन्छ । वास्तवमा राजामहाराजा हरू सौखिन हुनु आफ्नो आनन्द, सुखको लागि पशुपालिनु यो कथाको परिवेश मानिसको पशुपालन युग तिरको हो भनेर अड्कल गर्न सकिन्छ ।

### ४. उद्देश्य

प्रस्तुत कथाको उद्देश्य लोकबासीहरूलाई मनोरञ्जन दिनु नै हो । यो मनोरञ्जनको साथसाथै यसलोककथाले विभिन्न सन्देसहरू प्रवाहित गरेको छ । यी सन्देशलाई आत्मसाथ गर्दा यो लोककथा निकै शिक्षापद देखिन्छ । कुनै पनिकुराको घोषणा गर्दा या प्रतिक्षा गर्दा पहिल्यै ध्यान पुऱ्याउनु पर्दछ । अन्यथा दुःख को समुन्द्रमा फसिन्छ भन्ने सन्देश यस कथाले दिएको छ । साथीहरू चुन्दा ध्यान दिनु पर्दछ । आफुलाई समस्या परेको खण्डमा मात्र सहयोग गर्ने साथीहरू मात्र सच्चा साथी हुन् । अन्यथा दुई दिनको रमझम मात्र हो भन्ने उद्देश्य शिक्षा, सन्देश यस कथाले दिएको छ ।

### ५. भाषा शैली

लेककथाको भाषा शैली दुवै सहज, सरस, सरज प्रभाव पूर्ण र आकर्षण छ । यसकथाको कथानक भाषिक जटिलता नभई सरल रैखिक र तृतीय पुरुष दृष्टि विन्दुमा छ । यो कथामा साथीहरू र राजकुमारी सबै संग संवादको प्रयोग भएको छ । कथामा कुट्नी बुढीको षडयन्त्रले गर्दा राजाको मृत्यु हुँदा, अत्यन्तै कौतुहल पूर्ण त्रासदी बनाएको छ । साथीहरूमा भएको दक्षता, सहयोग काम गर्ने क्षमता असाध्यै प्रसंशनीय बनेको छ । कथा शुरुमा सुखान्त बिचमा उतार चढाव दुःखै दुःख भरिएको भए पनि अन्त्यमा सुखान्तमा कथा टुङ्गिएको छ ।

### ४.१.५ विषयवस्तुका आधारमा लोककथाको विश्लेषण

लोककथाको मुल कथ्य, भनाईलाई विषयवस्तु भनिन्छ । लोककथा ज्यादै व्यापक भएको हुनाले यसमा विषय वस्तु जे पनि हुन सक्छ । विषय वस्तुगत विस्तार एवम व्यापकताका कारण यसको वर्गीकरण मुख्यत ५ प्रकारकाट गर्न सकिन्छ मुख्य मुख्य विषय वस्तु का आधारमा लोककथाको वर्गीकरण निम्न लिखित प्रकारमा गर्न सकिन्छ । जस्तै :

(क) पौराणिक लोककथा ।

(ख) सामाजिक लोककथा ।

(ग) किंवदन्तीमुलक लोककथा ।

(घ) अतिप्राकृतिक लोककथा ।

(ङ) पशुपन्छीका लोककथा ।

(क) पौराणिक लोककथा

पुराणहरूबाट विषयवस्तु लिई सिर्जना गरिएका कथालाई पौरणिक लोककथा भनिन्छ । पुराणबाट लिइने विषय वस्तु कुनै महत्वपूर्ण चरित्र अथवा घटना हुन सक्छन् यस्ता लोककथाहरूमा देवी देवता, धर्म, ब्रत, सृष्टि, ब्राम्हण महापुरुष,  प्रलय वा त्यस्ता घटना प्राकृतिक नियम आदि पौराणिक विषयवस्तुलाई आधार बनाइएको हुन्छ । यस्ता कथाहरू धार्माक प्रकृतिका हुन्छन् । जस्तै :

सपुवाके पूजा (सर्पको पूजा) नामक कथा थारु भाषामा लिखित कथा हो यस कथामा नागको पूजा गर्ने परम्परा कसरी शुरु गरीयो भन्ने विषय वस्तु कथाको मूल विषयमा वर्णन गरिएको छ । कथामा वर्णन गरे अनुसार हाम्रो समाज विविधताले भरिएको हँदा हाम्रो संस्कृति आस्था,  विश्वास, अनुसार चराचुरुङ्गी गाई, कुकुर, गोरु, सर्प,  आदि जस्ता जीवनहरू हाम्रो जीवनका महत्वपूर्ण अंग हुन । समाज अनुसार यिनीहरूलाई पूजा गर्ने परम्परा छ । प्रस्तुत लोककथामा आफ्नो शत्रुलाई मित्रवत व्यवहार स्वागत गर्नुपर्छ । यदी गरिएन भने त्यसबाट ठुलो अनिष्ट हुन्छ भन्ने महात्माहरूको भनाई छ । महात्माको वाणीलाई राजाले पूर्णरुपमा पालना गर्दा आफु निर्भय भएको र सर्प देवता स्वरुप मानी पूजा गर्ने परम्परा भएको हुदा श्रावण महिनाको शुक्ला पक्षको पञ्चमी तिथिमा नाथलाई पूजा गरी नागका चित्र घरको मूल ढोका माथी नागका चित्र टाँस्नाले भयबाट मुक्त हुने परम्परा चलेको कुरा शत्रुलाई मित्रवत व्यवहार गर्नुपर्छ भन्ने शिक्षा यसकथाले दिएको छ ।

**(ख) सामाजिक लोककथा**

सामाजिक जीवनबाट लिएका पात्र र घटनामा आधारित कथालाई सामाजिक लोककथा पात्र र घटनामा आधारित कथालाई सामाजिक लोककथा भनिन्छ । यसमा समाजको भोगाई र समस्या हरू प्रतिविम्वित भएका हुन्छन् । यस्ता कथाहरू घुर्त्याई चलाखी, इर्ष्या, डाहा, विश्वासघात, पारिवारीक, झैझगडा, गरिव, सतीप्रथा, अन्धविश्वास, रीतिस्थिति, मूल्य मान्यता, आचार व्यवहार आदि विषयवस्तुमा आधारित चित्रण हुन्छ । जस्तै :

- हरजोत्ना मछरिया : थारुभाषा प्रचलित ।

लोककथामध्ये निकै चर्चित कथा हो । यो कथा एउटा माछा र बुढा बुढलिाई लक्षित गरी लेखिएको कथा हो । यसमा जाने बुझेका ठुला, ठालु मानिसले अर्काले गरेको प्रगतिमा बाधा पुऱ्याउन आफ्नो दल, बल, सहित जोतिरहेको गोरु खेलेर आफ्नो घरमा लगेर दुःद दिने प्रवृतिको वर्णन गरिएको छ । माछाले को-को व्यक्ति संग सहयोग मागेको छ । मद्दत पाएर सफलता प्राप्त गरेको कथा हो । “जैसिन काम फे कै छोरम कैहकै नेङ्लक मछरियक संकलप ” जस्तो काम पनि गरेरै छोड्छु भन्ने माछाको सङ्कल्प साकार सिद्द भएको छ । कुनै पनि काम गर्दा अठोट दिनु पर्छ तव मात्र पुरा हुन्छ भन्ने शिक्षा यो कथाले दिएको छ । यस्ता वर्गमा पर्ने कथाहरू, हितवा, तुलाराम के चर्तिकला ज्ञान बंटलसे बाह्रठ, दुश्मनलाई गु लगाउनु पर्छ लोभी माछा मार्ने मान्छे, आदि कथाहरू सामाजिक लोककथाहरू हुन ।

**(ग) किंवदन्ती मूलक लोककथा**

लोकका प्रचलित असत्य वा अर्ध सत्य पुरा कथालाई किंवदन्ती भनिन्छ । किंवदन्तीलाई दन्त्ये कथा, जनश्रुति, पनि भनिन्छ । किंवदन्तीहरूलाई प्राचीनता तथा पारम्परिकताका कारण इतिहास जस्तै हो भन्ने पनि ठानिएको पाइन्छ यस्ता लोककथाहरूमा स्थानीय, वीर, पराक्रमी, राजा, महापुरुष सिद्दमहात्मा आदिको वर्णन गरिएको हुन्छ । किंवदन्तीमुलक लोककथाका देवीदेवताको नभई विशिष्ट व्यक्तित्व वा नायकको कथा हुन्छ । जस्तै : हस्तापान बोल्ता सुपारी - यसकथामा राजाबाट हेला भएकी कान्छी रानीले न्याउरी राजकुमारलाई जन्माएकी हुनाले राजाबाट तिरस्कृत भई अलग्गै बसेकी रानीको छोरा न्याउरी राजकुमारले आफ्ना बाबु बिरामी हुँदा अरु दाजुहरू (राजकुमार हरूले) गर्न नसकेको काम गरेको छ । डाक्टर, बैद र झारफुक गर्ने धामी झक्रीले पनि गर्न नसकेको काम गरेर

देखाएको छ । राजाको रोग निको पार्ने औषधी खोजेर ल्याएकोमा न्याउरी राजककुमार महापुरुषार्थी का रुपमा देखिएका छन् । अन्त्यमा राजाको प्रिय पुत्र भएर सँगै बसेको कथा यसमा वर्णित छ । नेपाली भाषामा प्रचलित उखान हेला गरेको फेला पर्छ । भन्ने कुरा यसकथाले प्रमाणित गर्दछ । यसकथामा तिरस्कृत भएर बसेको न्याउरी राजकुमारले महापुरुष को स्थान ओगटन सफल भएको छ ।

**(घ) अतिप्राकृतिक लोककथा**

अलौकिक विषयवस्तु भएका कथालाई अति प्राकृतिक लोक कथा भनिन्छ यस्ता कथाहरूमा अप्राकृतिक अदभुत र अलौकिक व्यक्ति वस्तु वा बनस्पति (रुख विरुवा फलफूल) आदिको वर्णन गरिएको हुन्छ । भूत प्रेत, राक्षस, दानव, पिचास, डङ्किनी दुष्टात्मा, मृत्तात्म, निशाचर तथा परी अपसरा, गन्धर्व आदिका कथाहरू यस वर्ग मा पर्दछन् । तन्त्र मन्त्र, जादुटुना, बोक्सी, रहस्य, तिलस्मी र भयानक परिवेशका कथाहरू पनि यसै वर्गमा पर्दछन् । अति प्राकृतिक कथाहरू मुख्यत मानवेतर विषयवस्तुमा आधारित हुन्छन् । थारु समाजमा प्रचलित लोककथामा यो वर्गमा पर्ने 'हास्ने पान बोल्ने सुपारी' कथा यस्तै विद्यामा पर्दछ । किनभने कथामा पान एउटा वनस्पती जन्य वस्तु कसरी हाँसेको छ यो कुरा सुन्दा जनमानसमा अचम्म पर्दछन् । यसका साथै सुपारी बोल्ने । कथाको शीर्षक सुन्दा पनि पढौ जस्तो लाग्ने एउटा वनस्पति पनि हाँस्ने र बाल्ने गर्दछन् ? यस्ता कथा अति प्राकृतिक स्वैरकल्पनामा आधारित लोककथा हो । यसकथाको अर्को आचार्यको पक्ष भनेको रानीले न्याउरी राजकुमार जन्माएकी यस्ता घटना अतिप्राकृकि अर्थात स्वैरकल्पनामा आधारित कथाहरु हुन् ।

**(ङ) पशुपन्छी का लोककथा**

जल, थल र नभका जनावरलाई विषय बनाएर सिर्जना गरिएको कथालाई पशुपन्छीका लोककथा भनिन्छ । यस्ता लोककथाहरूमा पशुपन्छी आदि जनवारले मानवीकरण गरिएको हुन्छ । मानविकरणको कारण जनावर रुपमा रहेको पात्रहरूले पनि मानिसको जस्तै व्यवहार कियाकलाप र बोलीचाली गर्छन । यस्ता कथा हरू अत्यन्त चाखिला हुनका साथै उपदेशात्मक पनि हुन्छन् । यस्ता कथामा पात्रहरू जङ्गली वा घरपालुवा जनावर, घस्रिने, उड्ने, जीवजन्तु वा यिनीहरूसँग सम्पर्कमा आएका मानिस हुन्छन् । यस्ता कथामा पशुपन्छीको निहुँबाट मानिसकै कथा भनिएको हुन्छ । थारु समाजमा पनि यस्ता लोककथाहरू प्रशस्त मात्रामा पाइन्छन् । जस्तै :

(क) अल्छी गिरगिटीया (अल्छी छेपारो )

(ख) नानाचकरना तीनठो छेगरी (नाच गर्ने तीनवटा बाखी)

(ग) नक्कली मजोरवा (नक्कली मयूर )

(घ) बकुल्ला ओ गेंगटा (बकुल्ला र गँगटो )

(ङ) चंखेहे ओ चेटैनी (चङ्खेको चेतावनी)

(च) लमहा ओ गिदरा (खरायो र स्याल) आदि पशुपन्छीका कथाहरू हुन् ।

## ४.१.६ सन्देशका आधारमा लोककथाको विश्लेषण

कुनै कृति किन रचिएको हो भन्ने तथ्यले प्रयोजन लाई जनाउँछ । यस अर्थमा प्रयोजन भनेको उद्देश्य अर्थात सन्देशलाई जनउँछ ।[४] लोकसाहित्यको सिर्जना पनि विना उद्देश्य अथवा प्रयोजन रहित ढङ्गमा गरिदैन । उद्देश्य वा प्रयोजनलेकृतिको सार्थकता सिद्ध गर्ने हुँदा लोक साहित्यमा यसको महत्वपूर्ण स्थान छ । उद्देश्य वा प्रयोजन बाटै कुन कृति के को लागि हो । त्यसलाई किन ग्रहण गर्ने आदि कुराहरू थाहा पाइन्छ लोकसाहित्यले दिने सन्देशहरू यसप्रकार छन् ।

१. मनोरञ्जन

२. शिक्षा वा उपदेश

३. लोकमंगल

४. यथार्थको प्रकटीकरण ।

**१. मनोरञ्जन**

लोकको मन बहलाउने काम लाई मनोरञ्जन भनिन्छ । अधिकांश लोकसाहित्यको उद्देश्य /प्रयोजन यहि मनोरञ्जन प्रदान गर्नु रहेको छ । पठित, अपठित समाजको मनोरञ्जन गर्ने महत्वपूर्ण साधनका रुपमा लोकसाहित्य रहदै आएको छ । कामको बोझले थाकेका दुःख र पिडाले थिचिएका मनोरञ्जनका महँगा साधनबाट बञ्चित रहेका जनसमुदायलाई सहजरुपमा खुशीयाली बाँड्नु र केही र केही समयका लागी मनोरञ्जन प्रदान गर्नु यसको मुख्य काम हो । शिक्षा र विकासबाट टाढा तथा गरिविका निकट रहेको बृहत् समुदायलाई सर्वसुलभ ढङ्गले मनोविनोद गराउनु लोक साहित्यको महत्वपूर्ण सन्देश पुऱ्याउनु यसको उद्देश्य हो ।

---

४. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृष्ठ १९ ।

थारु लोक साहित्यमा पनि यसको महत्वपूर्ण स्थान छ । सामान्यत : जुनसुकै वेलामा र विशेषतः चाडपर्व, मेलापात आदिमा यस्ता लोककथाहरूले विशेष मनोरञ्जन प्रदान गर्दै आइरहेका छन् । यस्ता मनोरञ्जन प्रदान गर्ने साधनहरू थरु समाजमा थारु भाषाका कथाहरू सुन्ने सुनाउने परम्परा कायमै छ । जस्तै :

हरजोत्ना मछरिया :( हलोजात्ने माछा )

कथाले एउटा पानीमा बस्ने जीव, जसलाईपानी बाट अलग गर्दा मृत्युको मुखमा पुग्दछ । यस्तो जीवले हल गोरु लिए जोत्दा, जोतेको सुन्दा कौतुहलै कौतुहलले भरिपूर्ण कथा सुन्दा एकातर्फ आनन्द प्राप्तिहुन्छ भने अर्को पक्षमा समाजमा रहेका अल्छी, त्यस्ता व्यक्तिलाई काम गरेर खानु पर्छ । हिम्मत हार्नु हुदैन भन्ने सन्देश यस किसिमका लोककथाले दिएका हुन्छन् । यस्ता कथाले मानिसमा कल्पनाको शक्ति तर्क गर्ने बानीको विकास गर्ने प्रेरणा दिन्छ । माछाले हलो गोरु, लिएर जग्गा जोतेर खेती गरेर के खुवाउला ? एउटा कल्पना को विषय छ । यस्ता कथा सुन्दा मानिसहरूलाई मन्त्रमुग्ध पारिदिन्छ । लोकको मनमा अनन्द विभोर बनाएर एउटा काम गर्ने शैली तरीका सिर्जना गराइदिने सन्देश यस्ता कथाले दिन्छन् ।

### २. शिक्षा वा उपदेश

लोककथाले, लोकसाहित्यका माध्यमबाट हरेक व्यक्तिका मनमा नैतिक, व्यवहारकि वा जीवनोपयोगी कुराहरू सिकाउनुलाई शिक्षा वा उपदेश भनिन्छ । लोकसाहित्यले कोरा उपदेश नदीई रमाइलो तरिकाले शिक्षा दिन्छ । लोक साहित्यका उखान, गाँउखाने कथा, लोकोक्ति आदि शिक्षा एवम ज्ञानले भरिपूर्ण हुन्छन् लोकगीत, लोककथा आदि विधाहरूले पनि स्वभाविक ढंगमा शिक्षा दिई ज्ञान गुनका कुराहरू सिकाइ रहेका हुन्छन् । यसले पट्यार लाग्दो पारामा शिक्षा नदीई ज्यादै आकर्षक, रुचिपूर्ण र कुतुहल बर्धक ढंगमा जानकारी दिनु, कौतुहल मानब मस्तिष्कमा भरीदिनु यसको सन्देश हो । यस्ता कथाहरू थारु समाजमा पनि रहेका छन् ।

उदाहरणका लागि जस्तै :

(क) नाचकरना तिनठो छेगरी : (नाच गर्ने तिनवटा बाख्री)

बाख्रीले तालिम दिएजस्तै आकर्षण शैलीमा गाँउ, शहरमा आपनो कला देखाएर बाख्री मालिक एउटा गरीव केटाले प्रशस्ता पैसा कमाएर आफ्नो भावी दिनहरू सुखमय बनाएको कथाले लोकलाई मनोरञ्जन प्रदान गर्दै, तालिम पाएपछि पशुपनि नाच्दो रहेछ भन्ने शिक्षा

लोकसमाजलाई दिएर आफ्ना भविष्यका दिनहरू सुखमय तरीकाबाट विताउन सक्छ भन्ने सन्देश यो कथाले दिएको छ । आजकाल शहर गाँउतिर मानिसले बाँदर र भालु नचाएर लोकलाई आनन्द दिएर हिडेका मानिसले पशुहरूको माध्यमबाट प्रशस्त आम्दानी गर्न र मनोरञ्जन प्राप्त गर्न सकिदो रहेछ भन्ने शिक्षा, सन्देश यस कथाले दिएको छ । यस्ता सन्देश मूलक कथाहरू लोकसहित्यमा प्रशस्ता पाइन्छन् ।

**३. लोकमंगल**

सबै व्यक्तिहरूको साझा हितलाई लोकमंगल वा लोककल्याण भनिन्छ । लोक साहित्यको सन्देश, उद्देश्यपनि व्यक्ति विशेषको हित नभएर जनसमुदायकै हित हुन्छ । त्यसैले लोकसाहित्यको सिर्जना वाल, युवा, वृद्ध सवैका दृष्टिकोणबाट गरिन्छ । यसले लोकको विगार गर्ने कुरालाई त्यागेको हुन्छ र हित गर्ने कुराहरूलाई अँगालेको हुन्छ । लोकको सहिमार्ग निर्देशन गरी लोककल्याणकारी उद्देश्य पूरा गरेको हुन्छ । लोकसाहित्यले जनसमुदायलाई खुशी तुल्याउने गरी उचित मार्ग पहिल्याउने संकेत दिन्छ । लोकसाहित्यको मुख्य सन्देश सत्यको विजय, असत्यकोहार, पराजय देखाएर सही मागृ पहिल्याउने संकेत दिन्छ । लोक साहित्यको मुख्य सन्देश सत्यको विजय, असत्यको हार, पराजय देखाएर सही मार्ग पहिल्याउने बाटो देखाइएको हुन्छ । थारु समाजमा यस्ता कथाहरू जस्तै : दुश्मन हे गुन लगैना (दुश्मनलाई गुन गर्नु पर्छ )लोभी मछर मरुवा (लोभी माछा मारने)अल्छी गिरगीटिया (अल्छी छेपारो ) आदि कथाहरूले समाजका मानिसहरूलाई काम गर्ने बानी शैली परिवर्तन गर्नु पर्दछ । आज गर्ने काम अहिले नै गर्नु पर्दछ । आज गर्ने काम भोलि गर्छु भन्यो भने समाज अग्रगतिमा जान सक्दैन भन्ने सन्देश मूलक कथाहरू पाइन्छन । दुश्मनलाई परिआएको खण्डमा गुन लगाएर भुतुक्क पारिदिनु पर्छ, लज्जित पारी दिनु पर्छ । यस्ता कृयाकलाप गरेको खण्डमा समाज सुधार्ने मौका पाइन्छ भन्ने सन्देश यी कथाहरूले दिएका छन् ।

**४. यथार्थको प्रकटीकरण**

जीवनमा देखापर्ने दुःख-सुख आँसु-हाँसो, उत्थान-पतन आदि समाजका यथार्थ हुन । यस्ता अनुभवहरू भेगाइ वा अनुभवको अत्यन्त निकट रहेर लोकसाहित्य देखापर्दछ । यसमा जनसमुदायको वास्तविक भोगाइको स्वत : स्फूर्त र नैसर्गिक अभिव्यक्ति भएको हुन्छ । त्यसैले लोकसाहित्यलाई समाजको बास्तविक ऐना पनि भनिन्छ । लोकसाहित्यमा समाजका सामाजिक यथार्थको छवि अति सहज र सजीव ढङ्गमा उतारेको हुन्छ त्यति अन्यत्र

उतारिएको देख्न पाइँदैन । लोकसाहित्य सँगसँगै पूरै समाज हाँस्छ र पूरै समाज रुन्छ । समाजका विश्वास अन्धविश्वासरीति स्थिति, क्रियाकलाप, चालचलन, रहनसहन सँस्कृति, जीवन, लवाई खवाई सोचाई आदिको सच्चा प्रतिविम्ब लोकसाहित्यमा भल्किन्छ । यसमा लोकमानस जीवन्त भएर देखापरेको हुन्छ सामाजिक सत्य र यथार्थसंग सम्बन्ध जे जस्ता तथ्यहरू यसबाट प्राप्त हुन सक्छन् ती अन्य प्रकारका अभिव्यक्तिहरूमा पाँइदैनन् ।

लोकसाहित्यको माध्यमबाट जनसमुदायको वास्तविक ढुकढुकि छाम्न र बुझ्न सकिन्छ । आफ्नै परिवेश वा निकटवर्ती सेरोफेरोमा भएका घटना सहभागि, व्यक्ति, तथ्य, प्रसंग आदिको अत्यन्त स्वभाविक अभिव्यक्ति गरिएको हुँदा यथार्थको मार्मिक प्रकटीकरण भएको हुन्छ । यिनै कुराहरूलाई लिएर तयार पारीएको थारु भाषाको लोककथाहरू छन् । समाजका यथार्थ कुराहरू कथाको माध्यमबाट देखाएको छ ।

# पाँचौ परिच्छेद

## उपसंहार

थारु जाति बर्दिया जिल्लाका आदिबासी हुन् । यी जातिको आफ्नै भाषा साहित्य र संस्कृति छ । यिनीहरू आफ्नो संस्कृति र परम्परा अनुसार चाडपर्व मनाउने गर्दछन् यहाँका थारु समुदायमा प्राचिनकाल देखि नै लोककथा सुन्ने सुनाउने परम्परा कायम रहदै आएको छ । यी लोक कथाहरू समय अनुसार सुनाउने परम्परा रहदै आएको छ । थारु जातिहरूको लोककथा अध्ययन अनुसन्धान कार्य हाल सम्म त्यती प्रयाप्त मात्रामा भएको देखिएन ।थारु जातिको मौलिकता र सामाजिक परम्परालाई प्रतिबिम्बित गर्ने लोककथा लोकगीतहरू शहरीकरण, मिश्रित बसोवास र आधुनिक गीत र संगीतको कारणले गर्दा लोप हुने अबस्थामा पुगेकाछन् । मौखिक रुपमा प्रचलित थारु लोककथाहरूको सङ्कलन रअध्ययन गरी लिपिबद्ध गर्न अत्यन्त जरुरी देखिन्छ । त्यसैले यी लोककथाहरूलाई विषय बनाएर यो शोधकार्य सम्पन्न गरिएको छ ।

प्रस्तुत शोधपत्रमा चार परिच्छेदमा बाँडिएको छ । पहिलो परिच्छेदमा शोध परिचय राखिएको छ जसमा शोधशीर्षक, शोधप्रयोजन, शोधपरिचय, समस्या कथन, शोधकार्यका उद्देश्य, पूर्वकार्यको समिक्षा, शोधकार्यको औचित्य, शोधपत्रको सिमाङकन, शोधविधि र शोधपत्रको रुपरेखा बारे चर्चा गरिएको छ । यसैगरी द्वितीय परिच्छेद अन्तर्गत बर्दिया जिल्ला र जिल्लाकै थारु जातिको संक्षिप्त परिचय उत्पति र वर्गीकरण गरिएको छ । यस परिच्छेद अर्न्तगत बर्दिया जिल्लाको परिचय, नामाकरण र भौगोलिक वस्तुस्थिति अर्न्तगत राजनैतिक विभाजन नदी र ताल, शैक्षिक स्थिति, धार्मिक स्थल, पर्यटकीय स्थल आदिको बारेमा वर्णन गरी थारु जातिको परिचय थारु जातिको उत्पत्ति र वर्गीकरण गरी द्वितीय परिच्छेद समाप्त गरीएको छ । तृतीय परिच्छेदमा लोक साहित्यको सैद्धान्तिक र थारु लोककथाको परिचयको बारेमा वर्णन गर्दे लोकसाहित्यको सैद्धान्तिक परिचय लोकसाहित्यको विधागत वर्गीकरण गर्दे लोककथाका विशेषता, लोककथाको उत्पत्तिका बारेमा देखिएकामतहरू प्रस्तुत गर्दे, थारु लोककथाको विषयमा चर्चा परिचर्चाको वारेमा वर्णन गरिएको छ । यसका साथै थारु लोक साहित्यका विधाहरूको वर्णनगरी तृतीय परिच्छेद समाप्त गरिएको छ । चतुर्थ परिच्छेदमा बर्दिया जिल्लाको थारु लोककथाको पृष्ठभूमी, सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । लोककथालाई सङ्कलन गर्दा १९ उन्नाइस वटा कथा सङ्कलनगरी ती

संकलितलोक कथालाई क्रमश चार भागमा बर्गीकरण गरिएको छ । ती यस प्रकारकाछन् ।

क) ऐतिहासिक लोककथाहरू

ख) सामाजिक नितिपरकका कथाहरू

ग) पौराणिक संस्कृतिमूलक कथा

घ) पशुपन्छीका लोककथाहरू

यसरी संकलित र वर्गीकरण गरिएका कथाहरूलाई लोककथाका तत्वका आधारमा, विषयवस्तुका आधारमा र सन्देशका आधारमा लोककथालाई विश्लेषण गरिएको छ । यसका साथै थारु भाषामा संकलित आठ (८) वटा कथाहरूलाई नमूना कथाका रुपमा प्रस्तुत गरिएको छ ।

अन्त्यमा बर्दिया जिल्लामा प्रचलित थारु भाषाका लोककथालाई तत्वका आधारमा विश्लेषण गर्दा लोककथामा आदि, मध्य र अन्त्य गरी कथामा सुखान्त र दुखान्तका घटनाका साथै कथा सुखान्तमा टुङ्गिएको, लोककथालाई विषय वस्तुका आधारमा विभिन्न विषयमाथी विश्लेषण र अन्त्यमा लोककथाले दिने सन्देश यी सन्देशलाई मानब समुदायलाई अति नै लाभदायक र ज्ञान मुलक, उपायहरूको रुपमा विश्लेषण गरिएको छ । लोकसाहित्य भनेको समाजको ऐना हो । यसै ऐना अर्न्तगत मानिसका सुख दुःख, रुवाई, हाँसो, समाजको उत्थानपतन समाजको यथार्थको छविलाई कथाको माध्यमबाट प्रस्टयाइएको छ । “बर्दिया जिल्लाका थारु समाजमा प्रचलित लोककथाको अध्ययन र विश्लेषण शीर्षकको शोधपत्र यहाँका लोककथाका साथै थारु लोककथाका सम्बन्धमा अझै सङ्कलन, व्याख्या तथा विश्लेषण गर्न नितान्त आवश्यक छ ।

# सन्दर्भसामग्री सूची

## k':ts;"rL M

१. आचार्य, गोविन्द प्रसाद, “राप्ती लोकसाहित्य, काठमाडौँ, पैरवी प्रकाशन, २०६३ ।

२. गौतम, टेकनाथ, “थारु जातिको इतिहास तथा संस्कसति ”दाङ् २०४४ ।

३. गिरी, जिवेन्द्रदेव, “ हाम्रा लोकगाथा” काठमाडौँ, एकता प्रकाशन, २०५७ ।

४. चौधरी, महेश, “गुरुबाबक जन्मौती” दाङ् २०३९ ।

५. चौधरी, लेखनाथ, “थारु तथ्याङ्क” दाङ्, सरिता, स्वेच्छा प्रकाशन, २०५५ ।

६. चौधरी महेश, “ मगर थारु लोकगीतको सङ्कलन” दाङ्, २०४० ।

७. जि.सी., एलिजा, “थारुजातिको रहनसहन विविध संस्कृति विश्लेषण, २०६३ ।

८. जोशी, सत्यमोहन, “हाम्रोलोक संस्कृति ” रत्न पुस्तक भण्डार” २०१४ ।

९. थारु सुर्यबहादुर, “हमार बटकोही ” “पाठ्यक्रम विकास केन्द्र ” सानोतिमी भक्तपुर, २०६४ ।

१०. थापा, धर्मराज र सुवेदी हंसपुरे, “नेपाली लोकसाहित्यको विवेचना”काठमाडौँ त्रि.वि. पाठ्यक्रम विकास केन्द्र २०४१

११. दाहाल, पेशल, “नेपालको इतिहास” भोटाहिटि काठमाडौँ, २०५८। (एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स )

१२. दहित, गोपाल, “थारु संस्कृतिको संक्षिप्त परिचय”आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान २०६२ ।

१३. परराजुली, कृष्णप्रसाद, “नेपाली लोकगीतको आलोक”विणा प्रकाशन प्रा.लि.काठमाडौँ, २०५७ ।

१४. बर्मा, डा. धिरेन्द्र, “लोकसाहित्य पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध, ”(काठमाडौँ वाङ्मय प्रकाशन गृह ) पृष्ठ ४ ।

१५. बराल, ईश्वर, “ थारु जाति र तिनको संस्कृति, ”२००४ ।

१६. बन्धु, चुडामणि, “नेपाली लोक साहित्य”काठमाडौँ एकता बुक्स, ”२०५८ ।

१७. बराल, कृष्णहरि, “गीतिसिद्धान्त र इतिहास, ” काठमाडौँ विद्यार्थी पुस्तक भण्डार, २०६० ।

१८. बर्दियाको वस्तुगत विवरण, बर्दिया जिल्ला विकास समितिको कार्यलय, २०५९ ।

१९. बर्दिया जिल्ला विकास योजना, जिल्ला विकास समिति, बर्दिया २०६७, चैत्र ।

२०. मौनप्रफुल्लमान सिंह, "थारु लेकगीत संग्रह " वि.स.२०२५ ।

२१. शर्मा, मोहनराज, लुइटेल खगेन्द्र प्रसाद, "लोकवार्ता विज्ञान र लोकसाहित्य ।

२२. सर्वहारी, कृष्णराज, थारु लोककथा, सत्तलसिंहको कथा, तुलरामको चर्तिकला र हलो जोत्ने माछा आदि लोककथा सम्पादन शान्तदास मान्धरद्वारा प्रकाशित एपोलो अपसेट प्रेस(प्रा.लि.), काठमाडौँ (२०६६) प्रथम संस्करण

२३. चौधरी, कामतम प्रसाद, "जुग जुग जिओ" लवकुश अपसेट प्रेसि, (२०६३) ।


## klqsf;"rL


१. आचार्य, गोविन्द थारु लोक साहित्यमा स्थानिय रङ्ग, गरिमा, २०६२ ।

२. चौधरी, कल्पना, "सखिया गीत" विहान, २०५४ ।

३. चौधरी, लेखनाथ, " थारुजाति साहित्य" थारु संस्कृति पत्रिका, २०५५ ।

४. चौधरी, कृष्णराज सर्वहारी, "थारुनके विवहा सम्बन्धी गीत" विहान, २०५५ ।

५. चौधरी, टिकाराम, "सजना गीत, "विहान, २०५७ ।

६. चौधरी, कृष्णराज सर्वाहारी, "थारुनके लोकगीत सजना, " विहान, २०५७ ।

७. चौधरी, छविलाल, "अष्टिम्कीक अग्रासन, " विहान, २०५८ ।

८. थारु विद्यार्थी परिवार, 'टेस'महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, २०४५ ।

९. बर्दिया शैक्षिक समाचार, अर्धवार्षिक समाचार बुलेटिन, (२०६८) प्रकाशक जि.शि.का गुलरिया, बर्दिया ।

१० थारुजातिको एक परिचय, नेपालगञ्ज एक्सप्रेस २०५७ कार्तिक ८ गते मंगलवार पृष्ठ-३ लेखक सुर्यलाल यालव "अन्जान"

" सर्वहारी" कष्णराज" थारु लोककथा-१ विवेक सिर्जनशिल प्रकाशन, बागवजार, काठमाडौँ, २०६७ (प्रथम)